वर्ष २१/ पूर्णाङ्क ५९/ कार्तिक २०६४

(मासिक)

दायित्व

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
फोन नं. ४-४२०६१०

व्यवस्थापक
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४-७८३२६४

विशेष सहयोगी
केशवराज पन्त
फोन नं. ४-४६४९८६

सहयोगी
विष्णु ज्ञवाली
बिजान पन्त

कार्यालय
घ-२७२/७७, बावहिल-७
काठमाडौं
फोन ४-४७४९८३
पो. ब. नं. ६७६६, काठमाडौं

आवरण सज्जा
राजेश मानन्धर

सहयोग
संस्थागत रु. ५०/-
व्यक्तिगत रु. २५/-

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल
e-mail: dayitwa@hotmail.com

दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल: केन्द्रीय कार्यसमिति

रामप्रसाद पन्त	अध्यक्ष	९८४१५२९०१७	बालकृष्ण शर्मा	सदस्य	९८४१२५२८७९
ठाकुर शर्मा	उपाध्यक्ष	९८४१२४५३३१	भागवत ढकाल	सदस्य	९८४१२७७२२६
यादव भट्टराई	महासचिव	९८४१२६९००९	देवी नेपाल	सदस्य	९८४१४४१३१५
केशवराज पन्त	सचिव	९८४१३४८८३६	ममता शर्मा नेपाल	सदस्य	९८४१३७०९१५
लक्ष्मणप्रसाद ज्ञवाली	कोषाध्यक्ष	९८४१२९८५९४	अनिल कोइराला	सदस्य	९८४१२५०४५२
अर्जुन विरोक्ति	सदस्य	९८५१०५४४७६	जयकेशकृष्ण श्रेष्ठ	सदस्य	९८५१०६३२५८
माधव घिमिरे	सदस्य	४४३१५३७	रेवतीरमण पौडेल	सदस्य	९८४१२६९००८

सम्पादकीय.....

- नेपाली साहित्यको आख्यानविधामा सर्वाधिक उपन्यास लेखेर पनि 'चौरिनीघाट' उपन्यासले मात्र चिनिने गरेका उपन्यासकार शङ्कर कोइराला आजसम्म बाँचेका भए यही कार्तिक महिनाको २७ गतेदेखि ७८ वर्षमा प्रवेश गर्थे, तर उनलाई क्यान्सरजस्तो जटिल रोगले आक्रान्त पार्‍यो र १० वर्ष अघिनै ६७ वर्षको उमेरमा हामीले उनलाई गुमाउनु पर्‍यो ।

- शङ्कर कोइरालाजस्ता कर्मवादी, आदर्शवादी, स्वाभिमानी र स्वतन्त्रता प्रेमी साहित्यकारलाई सम्झनु भनेको एउटा गौरवको कुरा हो भन्ठानेर 'दायित्व' ले शङ्कर कोइरालालाई कम्तीमा पनि वर्षको एकचोटि सम्झने कार्यक्रमको थालनी गरेको छ । त्यसैको परिणति हो कार्तिक २७, अर्थात् शङ्कर कोइरालाको वार्षिक जन्मजयन्ती समारोह ।

- शङ्कर कोइरालाको शालीन, सरल र भद्र व्यवहारदेखि प्रभावित भएर सुधी भद्रकुमारी घलेद्वारा फैलाइएका सहयोगी हातहरू र परिवारका सदस्यहरूको सहयोगले पनि हामीलाई थप हौसला प्राप्त भयो र जन्मजयन्ती संगसंगै रू १० हजारको शङ्कर कोइराला स्मृति पुरस्कारसमेत प्रदान गर्नसक्ने सामर्थ्य जुट्यो ।

- प्रचारबाजीबाट सधैं टाढा रहनेगरेका शङ्कर कोइरालाका सबै कृतिहरूको यथोचित व्याख्या विश्लेषण हुनुपर्छ र उनको व्यक्तित्वको उचित सम्मान गरिनुपर्छ भन्ने हाम्रो मान्यता छ । समालोचक महोदयहरूसँग पनि हाम्रो विनीत निवेदन के छ भने शङ्कर कोइराला 'चौरिनीघाट' का लेखकमात्र होइनन्- बन्दतगारी, एक हुल गाउँले, आँसुको घुट्को, हेलम्बु मेरो गाउँजस्ता उपन्यास र सुर्तिको पातमा झुण्डिएको जीवन, प्रेम र सपना, आगो छ यो दिलभरिजस्ता कथासङ्ग्रहका पनि रचयिता हुन् ।

- शङ्कर कोइरालाका छरिएर रहेका र हराउने अवस्थामा पुगेका केही कृतिहरूलाई परिवारका सदस्यहरूको समेत सहयोग लिएर एकत्रित गर्ने र त्यसको उचित मूल्याङ्कन गर्ने काम 'दायित्व' बाट हुँदै आएको छ । परिणामस्वरूप शङ्कर कोइराला स्मृति विशेषाङ्क २०५४, शङ्कर कोइराला समालोचना विशेषाङ्क २०५८ र शङ्कर कोइराला

अरू साहित्यिक उत्थानमा समर्पित संस्थाहरू पनि सधैं चाटुकारहरूले नै घेरिएका हुन्थे । मेरो दृष्टिकोणमा हालको साहित्यले पनि त्यति उत्कृष्टता हासिल गर्न सकेको छैन भन्नुपर्दा साँच्चै नमीठो अनुभूति हुन्छ ।

९. कवि, कथाकार, उपन्यासकार, अनुवादकमध्ये आफ्ना बुबाको कुन भूमिकाबाट सन्तुष्ट हुनुहुन्छ ?

शङ्कर कोइराला एक बहुआयामिक व्यक्तित्व हुनुहुन्थ्यो । जहाँसम्म कथाकार, उपन्यासकार र अनुवादकमध्ये मलाई उहाँको उपन्यासकार र कथाकारको भूमिका मनपर्छ । मैले उहाँका हरेक रचनाहरू पढ्नेगरे छु । म समालोचकहरूलाई अनुरोध गर्न चाहन्छु कि उहाँद्वारा लिखित 'सूर्तीको पात्रमा भुण्डिएको जीवन' भित्र रहेका हृदयस्पर्शी कथाहरू पढौं 'प्रेम र सपना' कथासङ्ग्रहभित्र रहेको 'सपना' कथा पढौं र अन्य कथासङ्ग्रहहरूबाट १४,२० वटा कथा निकालौं । मलाई लाग्छ तिनै कथाहरूले उहाँलाई अजरअमर बनाउनेछन् । त्यस्तै उपन्यासतर्फ 'एक अञ्जली श्रद्धाञ्जली' 'हेलम्बु मेरो गाउँ', 'आँसुको सहरै', 'बन्द तगारो' मा पनि समालोचकीय दृष्टिकोण परोस् । त्यसपछि शङ्कर कोइराला 'खैरीनीबाट' को पर्याप्यवाची मात्र पक्कै बन्ने छैनन् ।

१०. दायित्व वाङ्मय प्रतिष्ठानले शङ्कर कोइरालाका सन्दर्भमा गरेको कामका बारेमा के भन्नुहुन्छ ?

दायित्व वाङ्मय प्रतिष्ठानका बारेमा बोल्ने र लेख्ने शब्द हामीसित छैन । हामी दायित्व वाङ्मय प्रतिष्ठान र त्यसका संस्थापक श्री रामप्रसाद पन्तप्रति आभार व्यक्त गर्न चाहन्छौं र मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छौं । शङ्कर कोइरालाप्रति उहाँले चलाएको अभियान, उहाँको परिश्रम, जीवनपर्यन्त लेखक स्वयम्ले सङ्ग्रह गर्न नसकेका कृतिहरू सङ्कलित गरी त्यसलाई समालोचकीय दृष्टिकोणसहित पुस्तकको रूपमा ल्याउन पुऱ्याएको योगदानले शङ्कर कोइरालालाई पुनः साहित्यकारको रूपमा अजरअमर तुल्याउन मद्दत पुगेको छ । यस सत्कार्यले हामी परिवारका समस्त सदस्यहरूलाई जीवनपर्यन्त ऋणी तुल्याएकै छ । रामप्रसाद पन्तज्यू र दायित्व वाङ्मय प्रतिष्ठानप्रति हामी सानैमा ठूलो कृतज्ञता प्रकट गर्न चाहन्छौं ।

साथै सुशी भद्रकुमारी पनि दिदीप्रति पनि हामी आभारी छौं । बुबाले लगाएको एउटा सानो गुन यति ठूलो परिमाणमा उतार्न आजका मानिसहरूले कहाँ जानेका हुन्छन् र । दायित्व वाङ्मय प्रतिष्ठानले शङ्कर कोइरालाको बारेमा गरेको साहित्यिक मूल्याङ्कनमा होस्टेमा हैसें गर्न काम उहाँबाट भएकोमा हामी दुवै संस्था र व्यक्तिप्रति ऋणी भएका छौं ।

११. तपाईंको परिवारबाट पनि सम्भाले गरेको कार्यमा थप योगदान पुऱ्याउने योजना छ कि ?

एउटा साहित्यकारको परिवार आर्थिक रूपमा समृद्ध हुन सक्दैन । आर्थिक रूपमा समृद्ध हुने हो भने त्यो असली साहित्यकार हुन सादैन कि भन्ने पनि लाग्छ । यसै परिप्रेक्ष्यमा हामी उहाँका छोराहरू पनि केही गर्न कोसिस गर्दछौं । आफुले सोचेजस्तै समाजमा केही गर्न राखे अवस्थामा आफूलाई उपस्थित गराउन सकेमा अवश्य पनि आफ्नो बुबाको नाउँमा स्थापित अक्षय कोषलाई वृद्धि गरी पिताजीको नाउँमा रहेको पुरस्कार राशीलाई बढाई वार्षिक रूपमा प्रदान गर्ने भाविष्यको योजना छ ।

१२. नेपाली साहित्यका पाठकहरूले आफ्ना बुबालाई कुन र कस्तो रूपमा सम्झिइऊन् भन्ने लाग्छ ?

साहित्यका पाठकहरूले शङ्कर कोइरालालाई एक सज्जन, इमान्दार, स्वाभिमानी, निःस्वार्थी अनि एक असल साहित्यकारको रूपमा चिन्नून् जसले जीवनभर आफ्नो पेशाकै माटोलाई साथी राखी नेपाली साहित्यिक फाँटलाई निःस्वार्थ उर्वर बनाइरह्यो ।

कथा विशेषाङ्क २०६० प्रकाशित भइसकेका छन् । आगामी दिनहरूमा शङ्कर कोइरालाका विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका सबै कथाहरूलाई एकत्रित गरी विशेषाङ्कको रूपमा प्रकाशित गर्ने तैयारी हाम्रो लक्ष्य छ ।

➢ यस पटक हामीले इन्द्रकुमार श्रेष्ठ 'सरित्' द्वारा तयार गरिएको पाण्डुलिपि (जसले शङ्कर कोइराला स्मृति पुरस्कार २०६३ पाउन सफल भएको थियो) लाई विशेषाङ्कको रूपमा प्रकाशित गरेका छौं । यस खोजमूलक लेखबाट शङ्कर कोइरालाको व्यक्तित्व र कृतित्वका बारेमा थप जानकारी प्राप्त हुनेछ भन्ने हामीलाई लागेको छ । लेखकले गर्नुभएको मेहनत र परिश्रमलाई हामी कदर गर्दछौं ।

➢ राष्ट्रका आदर्श मान्यजनहरूप्रति कृतज्ञ बन्ने हाम्रो परम्परा हो । राम्रो कामको प्रशंसा गर्न कन्जुस्याई गर्नुहुँदैन । त्यसैले हामी मरिसकेपछि मात्र पनि श्रद्धा (श्राद्ध) गर्छौं । यसैको प्रतिफल हो - शङ्कर कोइरालाको जन्मजयन्ती । जसले निःस्वार्थ नेपाली साहित्यको भण्डारमा आयासम कृति थपिदिए, ती महामनाप्रति हामी एक अञ्जली श्रद्धाञ्जली पनि दिन सकौं भने हाम्रो परम्परागत धर्म र मर्म, मान्यता र संस्कार विलुप्त हुँदै जान्छ र कालान्तरमा हाम्रो असली परिचय खोज्नुपर्ने हुन्छ । त्यसैले हामी यो कुरा नभुलौं कि सम्मान चाहनेले सम्मान दिन सक्नुपर्छ । यो दायित्वले पालन गर्दै आएको नैतिकसूत्र हो ।

➢ अन्तमा: यसै कार्तिक महिनामा पर्ने समस्त नेपाली मात्रका दुई महान् चाडहरू बडादशैं र तिहारको उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा शुभकामना बाँड्न चाहन्छौं । माता दुर्गाभवानी र महालक्ष्मीले हामी सबैको घरआँगन उज्यालो पारून् ।

शङ्कर कोइराला: साधनाको शृङ्खलामा

व्यक्तित्व एवम् कृतित्व
विषयक खोजमूलक सँगालो

इन्द्रकुमार श्रेष्ठ "सरित्"

दुई दिनमै उपन्यास लेखी कपिराइट अधिकार समेत प्रकाशनलाई दिई आफ्नो परिवारको भरणपोषण गर्नुपरेका उदाहरणहरू पनि प्रशस्त छन् । त्यसैले सबै कृतिहरू गुणात्मक रूपले उत्कृष्ट नहोलान् तर चर्चा गर्नै नमिल्ने पनि छैनन् जस्तो लाग्छ ।

५. आफूद्वारा लिखित रचनाका बारेमा बुबाले धरका तथ्यहरूसँग झलफल गर्नुहुन्थ्यो ?

बुबाको दृष्टिकोणमा म साहित्यप्रति अगाध आस्था, माया र प्रेम राख्ने व्यक्ति थिएँ । साहित्यमा मेरो धेरै कलम नचलाए पनि उच्चस्तरीय साहित्य पढेकी छु । बुबासँग मेरो साहित्यका बारेमा धेरैनै चर्चा परिचर्चा चल्ने गर्थ्यो । यसै क्रममा बुबाका साहित्यिक रचनाको पहिलो पाठक म नै हुने गर्थें । मलाई उहाँका रचनाहरू साँच्ची नै सरल लाग्थे । मलाई अत्यन्त मन परेका उपन्यासहरूको कतैबाट पनि मूल्याङ्कन र समालोचना नभएपछि साँच्ची नै नमीठो लाग्थो । मैले कुनै दिन बुबालाई दुर्बोध्य र क्लिष्ट साहित्य लेख्न सल्लाह दिएको थिएँ- नबुझ्नु नै केही अर्थ हुन्छ कि भन्ने सोचेर । तर बुबाले त्यसो गर्नु भएन । उहाँले निरन्तर जनताको बोली, भाषा र गाउँले परिवेशलाई आफ्नो साहित्यको विषयवस्तु बनाइराख्नु भयो ।

६. शङ्कर कोइरालालाई आफ्नो बुबाको रूपमा सफल मान्नुहुन्छ कि एउटा लेखकको रूपमा ?

शङ्कर कोइरालालाई व्यक्तिगत रूपमा भन्नुपर्दा म साहित्यकारको रूपमा सफल मान्छु । यदि उहाँ साहित्यकार नहुनु भएको भए उहाँमा त्यो कलिलो मन, करूणा र माया हुने थिएन । व्यक्तिमा यी विशेषता नहुने भए उ सफल पिता पनि त बन्न सक्दैन ।

७. शङ्कर कोइरालाको योगदानको तुलनामा उहाँले अति चर्चा पाउनु पर्थ्यो, त्यति नपाएकी हो त ?

अवश्य पनि, यो सत्य हो कि अनवरत २००३ सालदेखि मृत्युपर्यन्त अर्थात् २०५४ सालसम्म साहित्यिक श्रीवृद्धिमा समर्पित व्यक्ति, सयौं कथा, अगणित्ति उपन्यास, नाटक, कविता, हास्यव्यङ्ग्य आदिका रचयिता जीवनको अन्तिम अवस्थासम्म उपेक्षित भएको यथार्थबाट हामी अनभिज्ञ छैनौं ।

तपाईको प्रश्नको इमानदारी पूर्वक मैले जवाफ दिनुपर्छ कि २०३३ - ३४ को कुरा हो, नेपाल प्रज्ञा प्रतिष्ठानले साहित्यकार दौलतविक्रम विष्टलाई महेन्द्र प्रज्ञा पुरस्कारबाट सम्मानीत गर्ने निर्णय गऱ्यो । यसबाट म ज्यादै नै खुसी थिएँ, जसको मुख्य कारण थियो- दौलतविक्रम विष्टको देशसम्म आइपुगेको यस पुरस्कारले कुनै समय शङ्कर कोइरालाका घरको ढोका पनि ढकढकाउने छ । मेरो दृष्टिकोणमा मेरा बुबा र दौलतविक्रम विष्ट एकै कोटीका साहित्यकार थिए । तर २०३४ सालदेखि २०५७ अर्थात् उहाँको देहावसानको अवस्थासम्म पनि मैले आफ्नो मस्तिष्कभित्र बनाएको दृष्टिकोणले मूर्तरूप लिएन । एक अन्तर्मुखी व्यक्तित्व, साहित्यिक गतिविधिबाट आफूलाई धेरै टाढा राख्ने, तत्कालीन इन्दिरा र मोतीमहल रेष्टुराँको चकाचौंधबाट अलग्गिएको व्यक्तित्व फलरी सम्मानीत बन्न सक्थ्यो र ! "बोल्नेको पिठो बिक्ने र नबोल्नेको चामल पनि नबिक्ने" हाम्रो समाजको यथार्थ बीच हामी बाँचिरहेछौं । यो पीडाबोध बुबाको देहावसानपछि पनि छायमै छ ।

८. यस सन्दर्भमा एकेडमी लगायत सरकारी पक्षबाट के गइदिएको भए वा हुनुपर्थ्यो भन्ने लाग्छ ?

शङ्कर कोइरालाभा साहित्यलाई समृद्ध बनाई नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउने एउटा ठूलो चाहना थियो । तर सधैंको पारिवारिक भरणपोषणमा- कहिले जनक शिक्षा, कहिले गोरखापत्र र कहिले साझा प्रकाशनको चिसो ठिहीभित्र कैद बनिरहनुपर्ने जीवनले आफूलाई ठूलो आकाशभित्र पुऱ्याउन सकेन । यस सन्दर्भमा म मेरा बुबाका बारेमा मात्र भन्दिन, धेरैं साहित्यकारहरू छन्- जसमा आफ्नो देशभित्र रहेका विसङ्गति, अन्याय, अत्याचार, रोदन, करूणा आदि समाविष्ट गरी विश्वस्तरीय साहित्य लेख्ने चाहना हौला । शङ्कर कोइरालामा पनि यस्तो साहित्य लेख्ने प्रशस्त सम्भावनाहरू थिए,चाहनाहरू थिए । अपेक्षित वातावरण कहिले बनेन । एकेडमी लगायत

मलाई उहाँको उपन्यासकार र कथाकारको भूमिका मन पर्छ ।

- अनिल कोइराला
(शङ्कर कोइरालाका ज्येष्ठ सुपुत्र)

नेपाली साहित्यमा सर्वाधिक उपन्यास लेख्ने लेखकको रूपमा परिचित शङ्कर कोइराला, एउटै उपन्यास 'खैरिनीघाट' बाट आफ्नो परिचय राख्न सफल उपन्यासकार शङ्कर कोइराला, आजीवन भाषा र साहित्यका लागि मरिमेट्ने शङ्कर कोइराला, आजीवन साहित्य साधना गरेर पनि राज्यपक्षबाट सधैं उपेक्षित शङ्कर कोइराला जिन्दगी नै भाषा र साहित्यका लागि समर्पित गर्ने निःस्वार्थ साहित्यिक योद्धा जसको नेपाली साहित्यमा समग्र मूल्याङ्कन बाँकीनै भएन तैपनि उनी आफ्नो साहित्य साधनाबाट विमुख र विचलित पनि भएनन् । तिनै विशुद्ध व्यक्तित्व एवम् सक्कली साधक शङ्कर कोइरालाका मिनै प्रवाइहरूलाई कोट्याउँदै उनका सुपुत्र अनिल कोइरालासँग गरिएको कुराकानी ।

१. *आफ्ना बुबालाई लेखक भनेर चिन्ना पहिलोचोटी कस्तो अनुभव भयो ?*

मैले आफ्ना बुबालाई लेखक भनेर कहिले चिनें त्यो म यकिनसाथ भन्न सकिन्न । मलाई पनि अनुभूति छ कि म साहित्यिक वातावरणमा छु र मैले पनि केही लेख्नु छ, केही गर्नु छ । साहित्यकारहरूको आवत-जावत र कहिलेकाहीँ सानै उमेरमा पनि म पारिवारिक लिन पत्र-पत्रिकामा हेलो हेलोमा चहार्न चाहिँ गर्थें ।

२. *बुबाद्वारा लिखित पहिलो पटक कुन रचना पढ्नुभयो ?*

मैले पहिलो पटक बुबाद्वारा लिखित कथा 'परेवा' पढेको थिएँ, जुन कथा बालमनोविज्ञानमा आधारित थियो । त्यस कथामा उल्लेख गरिएका विषयवस्तुले मेरो बालमस्तिष्कलाई पछिसम्म पनि जमीट छाप छोडेको थियो । बुबाका कथाहरूको राम्रोनै समालोचना गर्ने हो भने उहाँद्वारा लिखित अनगिन्ती कथाहरूमध्ये 'परेवा' एक उच्चस्तरीय कथा हो । जसको कहिले कतै चर्चा परिचर्चा हुन सकेन ।

३. *बुबाका समकालीन लेखकहरूको तुलनामा आफ्ना बुबाको लेखनस्तरबारे के भन्नुहुन्छ ?*

भाषागत रूपमा भन्ने हो भने शङ्कर कोइराला एक महान् साहित्यकार हुनुहुन्छ । भाषामा उहाँको निकै नै ठूलो पकड थियो, चाहे त्यो नेपाली होस् वा अङ्ग्रेजी वा उर्दू । उहाँका समकालीन साहित्यकारहरूको श्रेणीमा उहाँको साहित्यिक स्तर कुनै पनि दृष्टिकोणमा कम आँक सकिन्न । यो एउटा विडम्बनानै भन्नुपर्छ कि शङ्कर कोइरालालाई 'खैरिनीघाट' मा मात्र सीमित गरियो । समालोचकहरूको दृष्टि उहाँका अन्य स्तरीय उपन्यास जस्तै 'हेलम्बु मेरो गाउँ' 'एक अञ्जली श्रद्धाञ्जली' 'आँसुको बहारे' 'चन्द तगारो' इत्यादिमा पुग्न सकेन ।

४. *नेपाली साहित्यमा सर्वाधिक उपन्यास लेख्ने उपन्यासकारको रूपमा आफ्ना बुबाको चर्चा चन्दा कस्तो अनुभूति हुन्छ ?*

यो सत्य हो कि नेपाली साहित्यकारमा शङ्कर कोइराला सङ्ख्यात्मक रूपमा बढी उपन्यास लेख्ने लेखक हुनुहुन्छ । त्यो उहाँको विशेषता पनि हो । उहाँको इच्छा त आफ्नो उमेरजति उपन्यास लेख्नु भन्ने थियो । सोचेजस्तो हुने हो भने उहाँको जीवनकालमा ६७ वटा उपन्यास हुने थियो । सङ्ख्यात्मक रूपमा बढी भए पनि उहाँद्वारा लिखित यिनै उपन्यासहरूले गुणात्मक विशेषता बोकेको छन् । कतिपय उपन्यासहरू काव्यात्मक परिस्थितिका उपज हुन् । कमजोर आर्थिकस्थितिबाट साहस पाउन

मैले भन्ने पर्दा

नेपाली साहित्यमा सर्वाधिक उपन्यास लेख्ने उपन्यासकारका रूपमा परिचित व्यक्तित्व शङ्कर कोइरालाका बारेमा सोध, खोज र अनुसन्धान गर्दै उनका सम्पूर्ण कृतिहरूको अध्ययन गरेर मूल्याङ्कन औ विश्लेषण गर्ने कार्यका लागि कुनै पनि व्यक्तिलाई यथेष्ठ समय, धैर्य र शिल्प तीनवटै कुराको आवश्यकता पर्दछ । शङ्कर कोइरालाका आधारमा कृतिहरूको अध्ययन गरेर तिनको मूल्याङ्कन-विश्लेषण गर्नु औ उनको बहुआयामिक प्रतिभाशाली व्यक्तित्वलाई कथाकार, उपन्यासकार, नाटककार, कवि एवम् अनुवादकको रूपमा विभाजन गरेर तिनको गुण दोष कैलाउँदै निचोड निकाल्नु निश्चय नै कठीन कार्य हो । त्यसैले सीमित समय, सीमित स्रोत र साधनको भरमा मैले शङ्कर कोइरालाको बहुआयामिक व्यक्तित्वको बारेमा जे जति सोच्न सकें, बुझेर जति लेख्न सकें र विश्लेषण गर्न सकें यो सबै पाठकहरू समक्ष प्रस्तुत गरेको छु । मैरो लेखमा रहेको सम्पूर्ण गुण-दोषको भागी म नै हुँ । त्यसैले आगामी दिनहरूमा फेरि यही विषयमा कलम चलाउने अनुकूल स्थिति प्राप्त भए पक्कै पनि आफ्ना कमजोरीहरू हटाउने प्रयत्न गर्नेछु । मैले के लेखेभन्दा पनि 'दायित्व बाङ्मय प्रतिष्ठान' कै सन्दर्भमा नेपाली साहित्यिक क्षेत्रले सम्मिन पर्ने भए पनि नसम्झिएका व्यक्तित्व शङ्कर कोइरालालाई सम्झिने मौका पाएँ । यसमा निश्चय नै मलाई खुसी लागेको छ । मेरो यही भावना नै आदरणीय शङ्कर कोइरालाप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ । धन्यवाद ।

विनीत
इन्दुकुमार श्रेष्ठ 'सरित्'

विषयक्रम

१. **परिचयात्मक आलेख**

शब्दचित्रमा शङ्कर कोइराला १

२ **उपन्यास खण्ड**

(क) आधुनिक नेपाली उपन्यासको विकासक्रममा शङ्कर कोइरालाको योगदान ४

(ख) शङ्कर कोइरालाको पर्याय: सैरिनीघाट ८

(ग) 'भुस्याहा' माथि एक दृष्टि १०

(घ) 'पिशाच डाक्टर' को शल्यक्रिया ११

(ङ) पहिलो बाल-उपन्यासकारका स्रष्टा १२

(च) बाल-उपन्यासकारको दोस्रो बालकृति १४

३. **कथा खण्ड**

(क) शङ्कर कोइरालाको पहिलो कथाको सन्दर्भमा १५

(ख) 'सुतीको पातमा मुण्डिएको जीवन' मा शङ्कर कोइराला १७

(ग) संङ्ग्रहमा समेटिएका कथाकार शङ्कर कोइरालाका कथाहरू १८

(घ) कथाकारिताको नमूना : 'प्रेम र सपना' २३

(ङ) वैविध्यपूर्ण कथासंङ्ग्रह : आगी छ यो दिलभरि २५

(च) 'हत्यारा: शान्ति र सिर्जनाका' भित्रका कथाहरू २५

४. **नाटक खण्ड**

(क) नेपाली नाट्यसाहित्यको सन्दर्भमा शङ्कर कोइरालाका नाट्यकृतिहरू २६

५. **कविता खण्ड**

कविको रूपमा शङ्कर कोइराला : मूल्याङ्कनको कसीमा २९

६. **विविध खण्ड**

(क) 'व्यक्तित्व'का विशेषाङ्कहरूमा शङ्कर कोइराला ३२

(ख) शङ्कर कोइरालालाई सम्झना गनैहरू ३३

(ग) मैजारो ३४

(घ) सन्दर्भ सामग्री ३५

७. **अतिरिक्त खण्ड**

(क) शङ्कर कोइराला : व्यक्तिगत विवरण ३६

(ख) शङ्कर कोइरालाका कृतिहरू ३७

(ग) शङ्कर दाइ र बनारस जाने बाटा ३८

(घ) 'भाभीजी स्वामी' शङ्कर कोइरालाद्वारा अनुदित कृति ३९

(ङ) विश्वका धार्मिक कथाहरू ४०

७. **भेटघाट**

(क) उहाँलाई कर्मयोगी साहित्यकारको रूपमा सम्झिए पुग्छ ४१

(ख) मलाई उहाँको उपन्यासकार र कथाकारको भूमिका भन पर्छ ४२

भेटघाट

उहाँलाई कर्मयोगी साहित्यकारको रूपमा सम्झिए पुग्छ।

-रमा कोइराला
(शङ्कर कोइरालाकी अर्धाङ्गिनी)

समाजले अनुत्पादक ठान्ने साहित्य उत्पादक गर्ने साहित्यकारकी श्रीमती हुनुको अनुभव कस्तो हुन्छ ? अनुभूति कस्तो हुन्छ ? यही प्रश्नहरूको सेरोफेरोमाई नजिकबाट नियाल्ने प्रयत्न गर्दै शङ्कर कोइरालाकी अर्धाङ्गिनी रमा कोइरालाका अनुभव र अनुभूतिलाई छम्ने प्रयत्न गर्दा उहाँसँग राखिएका केही जिज्ञासा र जवाफ यस्तो रह्यो ।

१. विवाह हुनुअगाडि शङ्कर कोइराला साहित्यकार हुनुहुन्थ्यो भन्ने कुरा थाहा थियो ?

विवाहअगाडि शङ्कर कोइराला साहित्यकार हुनुहुन्थ्यो भन्ने कुरा मलाई थाहा थिएन । कलिलै उमेरमा मेरो बिहे भएकी हुनाले पनि म अनभिज्ञ भएँहुँला । तत्कालीन परिस्थिति आजको जस्तो थिएन । एकले अर्कालाई बुझ्ने, परख गर्ने उमेर र समय तत्कालीन अवस्थामा थिएन मसँग ।

२. एउटा साहित्यकारकी श्रीमती हुनुको अनुभव र अनुभूति कस्तो रह्यो ?

साहित्यकारकी पत्नी हुन पाउनु एउटा गौरवको विषय हो । म आफूलाई भाग्यमानी ठान्छु कि विवाह पश्चात् मेरो जीवन साहित्यिक वातावरणमा बित्यो र त्योभन्दा बढी म कोइराला खानदानको सदस्य बन्न पुगें, जसले मलाई जीवनभर प्रशस्त आनन्दानुभूति गराएको छ । मलाई कहिलेकाहीँ राष्ट्रले साहित्यकारको मूल्याङ्कन र कदर गर्न नसकेको देख्दा साहै नै दुःख लाग्छ ।

३. आफ्ना श्रीमानले बहोराइ खटेर साहित्य साधना गरेको देख्दा आफूलाई पनि लेख्ने लेख्ने लागेन ?

साहित्य सृजना गर्ने चाहना जो कसैलाई पनि हुन्छ । एउटा समय हुन्छ, जसको परिधिभित्र रहेर जोसुकैले पनि साहित्यको सिर्जना गर्ने जमको गरेका हुन्छन् । म मात्र त्यसको अपवाद हुँन । म भित्र उर्लेका भावनालाई पोख्न मैले धेरै पटक चाहें, तर मेरो थिचिरहने स्वास्थ्यले मलाई कलम समाउन साथ दिएन ।

४. नेपाली समाजले शङ्कर कोइरालालाई कुन रूपमा सम्झिदिऊन् भन्ने लाग्छ ?

शङ्कर कोइराला एक इमान्दार साहित्यकार हुन्, जो कहिल्यै थकित देखिएन, जसले आफ्नो कर्ममा विश्वास गर्‍यो र फलको आशा गरेन । त्यसैले मलाई लाग्छ शङ्कर कोइरालालाई एक कर्मयोगी साहित्यकारको रूपमा सम्झिए पुग्छ ।

पाठकहरूको मनलाई । तर उपन्यासको अन्त्य पत्यारिलो र नवीन भने पटकै छैन । आकाशी बस्ला, धर्ती नै पाताल्मा भासिएलाभ्नै भएको प्राकृतिक प्रकोप पश्चात् पनि उपन्यासका नायक र नायिकाको मिलन गराएर उपन्यासकारले उपन्यास लेखनको परम्परागत शैली निश्चित सुरु, मध्य र अन्त्यकै अनुशरण गरेका छन् ।

शङ्कर कोइरालाद्वारा अनुदित पाकिस्तानी लेखक शाहिदुल्ला कैसरको पाकिस्तानी उपन्यास ' सारङ्ग बौ ' (माझीकी स्वास्नी) निश्चय नै रोचक कथावस्तु भएको कृति हो । अनुदित कृतिको सन्दर्भमा भाषिक दृष्टिले हेर्दा र उपन्यास पढ्दै जाँदा अनुवादकको रूपमा शङ्कर कोइरालाले क्याबात ! कमाल गरेछन् ! भने ठाउँ धेरै छैन । जिनभने उपन्यासमा प्रयोग गरिएका धेरै शब्दलाई नेपालीमा ढाल्न सकिने ठाउँ धेरैपट भेटिन्छन् ,जसलाई शङ्कर कोइराला स्वयंले सम्पादनद्वारा सच्याउन सकने कुरै थिएन । तैपनि भिन्न ठाउँको भिन्न स्वाद दिने कथावस्तु भएको औपन्यासिक कृतिको अनुवाद गर्नु पक्कै पनि शङ्कर कोइरालाले नेपाली साहित्यलाई भरिलो बनाउने पवित्र कर्म भने गरेकै हुन् , जसको सराहना नगरी रहन सकिन्न ।

विश्वका धार्मिक कथाहरू

बैरिनीघाट, प्रेम र सपना बनि बूढो जस्ता मर्मस्पर्शी उपन्यास औ रचना मार्फत् आफ्नो गद्य लेखनमा आफ्नो छाप उपस्थिति जनाउने कथाकार उपन्यासकार शङ्कर कोइरालाको अर्को प्रस्तुतिको रूपमा पाठकहरू सपक्ष आएको कृति हो- विश्वका धार्मिक कथाहरू । जम्मा सातवटा धार्मिक कथाहरू सङ्कलित यस सङ्ग्रहमा हिन्दु धार्ममा प्रचलित धार्मिक कथा छन् भने संगसंगै इसाई धर्म, इस्लाम धर्म एवं चिनिया समाजमा प्रचलित धार्मिक कथाहरू पनि समेटिएका छन् ।

जम्माजम्मी ३६ पृष्टमा समेटिएको र गोजी आकार भएको यस कृतिमा स्वभावैले लोककथाको स्वाद भएका पृथक् स्वादका धार्मिक कथाहरू समेटिएका छन् । तर शङ्कर कोइरालाजस्तो गद्य लेखनमा पारङ्गत गद्यकारले किन विश्वका यी धार्मिक कथाहरूको सङ्कलन गर्नुपर्यो भनेर पुस्तिकामा कहीं कतै उल्लेख भएको पाइन्न । पुस्तिकामा यसको प्रकाशन सालको तिथिमितिसमेत उल्लेख छैन भने यसको मूल्य पचासतर पैसा उल्लेख गरिएको छ ।

साधारण कृतिका त्रुटिले यो कृतिको सङ्कलन गुणको औचित्य भने कुनै कोणबाट पनि पुष्टि हुँदैन । किनभने एउटा लेखकले लेख्नुको उद्देश्य केवल लेख्नुमात्र हैन बरू भाषा, शैली र विषयको दृष्टिले पठनीय कृति पाठकहरूसमक्ष पस्किनु हो भन्ने मान्यतालाई अङ्गीकार गर्ने हो भने शङ्कर कोइरालाजस्तो प्रतिष्ठित लेखकले यी कथा सङ्कलन गर्नु कुनै तुक देखिन्न । किनभने यी कथाहरू धार्मिक भावले ओतप्रोत भएरै लेखकले सङ्कलन गरे कि । ?। भनेर चित्त बुझाउने हो भने पनि यी कथाहरूमा प्रयुक्त भाषा एवं शैलीले बैरिनीघाट, प्रेम र सपना बूढो जस्ता कृति औ रचनाको त्रुटिलाई कहीं कतै पछ्याउन सकेको छैन । यो कृतिले शङ्कर कोइरालाको लेखकीय उचाई बढाउने कार्य नगरेर केवल उनको कृतिको संख्यामात्र वृद्धि गरेको छभन्दा फरक नपर्ला ।

२०२८ सालमा मेरो 'नदी गीत गाउँछ' बाल-उपन्यास प्रकाशित भएको हो । नेपालकै पहिलो बाल-उपन्यास प्रकाशित गर्ने म भए पनि मेरो नाम पहिलो बाल-उपन्यासकारको रुपमा लिइएको छैन ।

-शङ्कर कोइराला

इन्द्रकुमार श्रेष्ठ 'सरित्'

जन्मितिं/जन्मस्थान - २०१९। ०९। १० , राप्तापुर म्याग्दी
हाल बसोबास - मण्डिखाटार, काठमाडौं
शिक्षा - स्नातकोत्तर (नेपाली)
पहिलो प्रकाशित रचना - वि.सं. २०३५ सालमा 'नयाँ सन्देश' साप्ताहिकमा 'कविता'
विधागत योगदान - कथा, कविता, गीत, गजल, संस्मरण, समीक्षा, उपन्यास आदि
कृति - १) पूर्व क्षितिज (कवितासङ्ग्रह) २०४६
२) दिदीको देवर (कथासङ्ग्रह) २०४०
३) जस्केलीबाट चियाउने सूर्य (कथासङ्ग्रह) २०४६
४) एक जोर फूलघोँटा (कथासङ्ग्रह) २०४६
५) तोया गुरुङ : अनुभूति र स्वीकारोक्तिमा (अन्तरवार्ता) २०५९
६) आर्यसत्य (उपन्यास) २०६३
सम्पादन - १) गजल (वैमासिक) नेपालकै पहिलो गजल पत्रिका
२) चौतारी
३) सोपान
४) अयन
पुरस्कार/सम्मान- १) काजी रोशन पुरस्कार (२०५६)
२) स्वर समूह पुरस्कार (२०५६)
३) युवावर्ष मोती पुरस्कार (२०५९)
४) शङ्कर कोइराला स्मृति पुरस्कार (२०६३)
५) सुनपाती युवा क्लबद्वारा सम्मान
६) भण्डारेश्वर धार्मिक सेवा समितिद्वारा सम्मान
७) तरहरा सार्वजनिक पुस्तकालयद्वारा अभिनन्दन
संलग्नता - १) साहित्य साप्ताहिक केन्द्र - संस्थापक
२) कुमारी साहित्य प्रतिष्ठान - संस्थापक
३) सिस्नुपानी नेपाल (आजीवन सदस्य)
४) 'जनमत' मासिक (संरक्षक)

परिचयात्मक आलेख

शब्दचित्रमा शङ्कर कोइराला

वि.सं १९८७/७/२७ गतेका दिन राजधानीस्थित थङ्केकुलोमा जन्मिएका साहित्यकार शङ्कर कोइरालाको न्वारनको नाम भने ईश्वरप्रसाद हो। माता मित्रप्रिया कोइराला एवं पिता ईश्वरीप्रसाद कोइरालाका कान्छा सुपुत्रका रूपमा यस धर्तीमा पदार्पण गरेका शङ्कर कोइरालाले आफ्नो साहित्यिक यात्रा पचाट गरे तापनि कालान्तरमा कथाकारको रूपमा नभई नैपाली साहित्यमा उपन्यासकारको रूपमा परिचित र स्थापित हुन पुगे। त्यसका अतिरिक्त साहित्यकार शङ्कर कोइरालाको व्यक्तित्वसँग अनुवाद, प्रूफ रिडर, सम्पादक, नाटककार, व्यङ्ग्यकार आदिको परिचय पनि गाँसिन पुग्यो।

नेपाली साहित्यमा बैरेनीघाट, कौसीको फर्सी, नाठो, श्रीमती हिराइन, बेगारिले लेखक, तरुनी छोरी आदि लगायत सर्वाधिक उपन्यास (४१वटा) लेखी उपन्यासकारका रूपमा नाम कमाएका शङ्कर कोइरालाका चारवटा कथासङ्ग्रहहरू : सुतीको पातमा झुण्डिएको जीवन (२०४२) र हत्यारा : शान्ति र सिर्जनाका (२०५१), प्रेम र सपना (२०२८), आगो छ यो दिलभरि (२०२५) र बिरवका धार्मिक कथाहरू प्रकाशित भएको देखिन्छ। यसका अतिरिक्त उनका तीनवटा नाटकहरू सैती (२०२६), पिठ्युँको भारी (२०४४) र सान्यान्छा प्रकाशित भएका छन्। तर सान्यान्छा धारावाहिक रूपमा छापिएको हुनाले यसको तिथिमिति र प्रकाशनगृह पक्किन हुन सकेको छैन।

आधा सयभन्दा पनि बढी कृतिका स्रष्टा शङ्कर कोइरालालाई नैपाली साहित्यमा बराबर चर्चामा ल्याईरहने र उनको साहित्यिक व्यक्तित्वलाई उचाईमा पुऱ्याउने उनको पहिलो उपन्यास 'बैरेनीघाट' (वि.सं. २०१८) लाई लारी हार्टसेलले सन् १९९६ मा अनुवाद समेत गरेका छन्। सम्भवतः विदेशी भाषामा अनुवाद भएको शङ्कर कोइरालाको यो नै पहिलो र एकमात्र कृति हो। तर नेपाली साहित्यमा 'मइल स्टोन' बनिसकेकी माथै हैन बरू शङ्कर कोइरालाको पर्याय नै बनिसकेको उपन्यास 'बैरेनीघाट' को अंग्रेजी सस्करणका बारेमा नेपाली साहित्यका विद्वान् समालोचकहरूले खासै चासो लिएको र कहीँ कतै चर्चा परिचर्चा गरेको पाइन्न।

ढकारप्रसाद कोइराला नेपाली साहित्यमा शङ्कर कोइरालाका नाममा स्थापित हुनुअघि 'विद्यार्थी शङ्करप्रसाद' का नाममा पनि देखा नपरेका होइनन्। त्यसका अतिरिक्त उनले उपनाम 'आधाबाटे कान्छा' बाट तीनवटा उपन्यास हकवाला (२०२८) भट्टी पसल (२०२९) र पिशाच डाक्टर (२०४०) समेत लेखेका छन्। यस बाहेक धारावाहिक रूपमा विभिन्न पत्र पत्रिकाहरू रूपरेखा, बाहेक मधुपर्क, परिवार, बालक आदिमा उनका कलाकर (२०२३), उसले सम्झना (२०२४), तरुनी छोरी (२०२९) सन्तानको रहर (२०३०) लगायत रिसको भागी (बाल-उपन्यास) पनि प्रकाशित भएका छन्।

उपन्यास र कथा बाहेक शङ्कर कोइरालाको लेखनीसँग कवि, अनुवादक, सम्पादक, प्रूफ रिडर, व्यङ्ग्यकार, नाटककार आदि व्यक्तित्वबाहेक अन्य व्यक्तित्व र कृतिहरूको नेपाली साहित्यमा समालोचकहरूले समालोचना-समीक्षा गर्ने जाँगर

चापलुसी नजान्ने उहाँजस्तो स्वाभिमानी एवं सरस्वतीका वरदपुत्रको कदर हुन सकेन। चाटुकार भाटहरूको बिर्गाबिर्गीमा पनि पद, पैसा र पुरस्कारका पछि नलागी उहाँ कमलको फूलझैं निष्कलङ्क बस्नुभयो- यो नै उहाँको जीवनभरिको अमूल्य पूँजी थियो। न त जीवनकालमै उहाँ र उहाँका कृतिहरूको समग्र मूल्याङ्कन हुन सक्यो न त मरणोपरान्त नै। आफ्नो सम्पूर्ण जीवन साहित्य सेवामा समर्पण गर्ने शङ्कर कोइरालाजस्ता अब्बल प्रतिभालाई समेत सम्मान गर्न नसक्नु साहित्यकारहरूको एकमात्र संस्था नेपाल प्रज्ञा प्रतिष्ठानले स्वयं आफ्नो सम्मान राख्न नसकेको नठहलो र ? खै, यी कुरा मनन गर्न र बुझिदिने यहाँ कसलाई फुर्सद छ र ? बाँधुञ्जेल वास्ता नगर्ने तर मरेपछि महान् भन्ने दारिद्र्य मानसिकताको खाडलबाट हामी कहिले निस्किने होला ?

- साहित्यको गुटबाजी, प्रचारबाजी र स्तुतिगानबाट सदैव टाढा रहेर सरस्वतीको आजीवन आराधना गर्ने साहित्यकार शङ्कर कोइरालाका बारेमा लेखी जाने हो भने एउटा शिङ्गै किताब बन्न सक्छ। तर केहीगर्न सकेको साहित्यकार व्यक्तित्वहरू घुम्ने मेचमाथि बसेर बन्धो, बहिरो र लङ्गडो बनेका छन्। त्यसैले त्यस्ता अपाङ्गहरूबाट केही सकारात्मक कुराको आशा राख्नु नै व्यर्थ हुन्छ।
- शङ्कर दाइका बारेमा आज केही लेख्न बस्दा म आज पनि भावभावी सम्झिरहेकी छु - भयलपोश कोट लगाएको, पातलो शरीर भएको मुसुक नहाँसी गर्दाको सरल स्वभावका मितभाषी शङ्कर दाइ। अफसोस ! उहाँ हामीमाझ हुनुहुन्न। तैपनि मान्छे मर्दैमा उसकी कीर्ति कहाँ मर्छ र ! त्यसैले यस्तो लाग्छ - आफ्ना धुपै कृतिहरू मार्फत् उहाँ युगौंयुग बाँचुहुनेछ र तिनै कृतिहरू मार्फत् शङ्कर दाइसँग हामी भेटघाट हुनेछ। तर प्रत्येक भेटमा हामीले उहाँको पवित्र आत्मासँग क्षमायाचना गर्दै भन्नुपर्नेछ 'शङ्कर दाइ ! सतीको श्राप परेको देशका कृतघ्न अभाइहरूले तपाईको कदर गर्न जानेनन्। त्यसैले दया गरेर हामीलाई क्षमा गरिदिनोस्।

'माझीकी स्वास्नी'
शङ्कर कोइरालाद्वारा अनुदित कृति

उपन्यासकार, कथाकार र कविका रूपमा परिचित साहित्यसाधक शङ्कर कोइरालाले अनुवादकका रूपमा पनि नेपाली साहित्यलाई सेवा पुऱ्याएका उदाहरण हो 'माझीकी स्वास्नी' नामक औपन्यासिक कृति। अङ्ग्रेजी भाषाबाट अनुवाद गरिएको यस पाकिस्तानी उपन्यासले शीर्षक अनुरूपकै पाकिस्ताकी बामनबरीमा गाउँमा बसोबास गर्ने माझीहरूको होइन बरू एकजना माझीकी स्वास्नीको चरित्र, मनोदशा, सङ्घर्ष र परिणतिलाई उतार्ने प्रयत्न गरेका छन्। जसमा सहयोगी पात्रहरूका रूपमा भिन्न चरित्रहरू पनि उपन्यासभरि छरिएका छन्। जस्तोसुकै आर्थिक अभाव भए पनि चारित्रिक रूपले सबल भएका दृढ विश्वासी व्यक्तिलाई जस्तै आँधीबेरीसँ पनि डगाउन सक्दैन भन्ने राम्रो उदाहरण उपन्यासकी नायिका नवाइतुन मार्फत् प्रस्तुत गर्न उपन्यास सफल देखिन्छ। तर नवाइतुनको मनोदशा र उहापोहभन्दा पनि बढी उपन्यासका पात्रहरू नवाइतुनको लोग्ने फदमको माथा वर्णनमा सर्प गरिएको छ, जुन आवश्यकता भन्दा बढी लम्काइएको प्रतित हुन्छ।

'माझीकी स्वास्नी' मा शब्दानुवाद भन्दा भावानुवाद मढिएको भए हुन्थ्यो भन्ने धेरै पृष्ठ र घटनाहरू छन्। शीर्षक अनुरूप माझीको जीवनलाई पृष्ठभाउने घटनाहरू खासै अघि आउँदैनन् उपन्यासमा उपन्यासकारले वर्णन गरेको बाहेक। त्यसका अतिरिक्त उपन्यासको अन्तमा प्राकृतिक बासदीको अभाव पक्की दिन्छ - पाठकहरूलाई। अझै हराउँदा पनि द्रवित र संवेदनशील बनाउँदछ

शङ्कर दाइ र बनारस जाने बाचा

➢ करिब २०४० साल तिरको कुरा हो । म आफ्नो उपन्यास प्रकाशनार्थ एक टुक्रा बादलको पाण्डुलिपी बोकेर साझा प्रकाशन पुल्चोक ललितपुर पुगें । त्यो पाण्डुलिपि दर्ता गरेपछि प्रकाशित होला कि भनेर मैले धर्ौ प्रतीक्षा गर्दै तर बिना भनसुन पुस्तक प्रकाशन हुने कुनै छाँटकाँट नदेखिएपछि मैले उक्त पाण्डुलिपि फिर्ता लिएर आएँ । त्यही बेलादेखि साझा प्रकाशनका कर्मचारी शङ्कर दाइ अर्थात् कथाकार-उपन्यासकार-अनुवादक- शङ्कर कोइरालासँग मेरो भेट परिचय र घनिष्टता बढ्दै गएको हो ।

➢ वि.सं. २०४६ सालको अन्त्यतिर अचानक एक दिन उहाँ म कार्यरत कार्यालयमा आउनुभयो र उक्त उपन्यासको पाण्डुलिपिका बारेमा चर्चा गर्नुभयो । उहाँकै आग्रह बमोजिम मैले उक्त पाण्डुलिपि नवीन प्रकाशन वाराणसीघाट प्रकाशनकालागि सहर्ष अनुमति दिएँ । तर नवीन प्रकाशनका शिवशङ्कर प्रसादले उक्त पाण्डुलिपि कहाँ पुऱ्याए भन्ने कुराको आजसम्म कुनै अत्तोपत्तो छैन । त्यही पनि शङ्कर दाइ र मबीच निकै बाक्लो भेटघाट भइरहन्थ्यो । साहित्यिक कार्यक्रमहरूमा त्यति देखा नपर्ने शङ्कर दाइ र मबीच साहित्यका बारेमा चर्चा परिचर्चा भइरहन्थ्यो ।

➢ सधैं नम्र एवं मृदुभाषी शङ्कर दाइ र म आ-आफ्ना मनका कुराहरू एक अर्कासामु राख्दथ्यौं । नेपाली साहित्यिक जगत्मा देखिएका भाटप्रवृत्ति र प्रजातन्त्रको दुरुपयोगप्रति उहाँ ज्यादै असन्तुष्ट हुनुभयो । त्यसलै एकेडेमीसँग पनि उहाँका धुरै गुनासाहरू थिए । जुन एउटा साहित्यसेवीका नाताले जायज नै थियो भन्ने लाग्छ मलाई ! आफ्ना ती असन्तुष्टीहरूलाई उहाँले दुईवटा ससाना पुस्तिकामा अभिव्यक्त पनि गर्नुभएको छ ।

➢ शङ्कर दाइ कहिले सानो साइकल चढेर गइरहेको, कहिले उहाँ नाति बुलाउन निस्केको, कहिले सानसब्जी किन्न मैतीदेवी चोकमा आएको बेलामा उहाँसँग मेरो निरन्तर भेट भइरहन्थ्यो र प्रत्येक भेटमा उहाँ र मबीच मेरो त्यही उपन्यासका बारेमा चर्चा हुन्थ्यो । त्यसका साथि उहाँ र म संगै बनारस जाने बाचा पनि गर्नुभएकी थियो । तर व्यावहारिक कठिनाइले गर्दा कहिले उहाँलाई अनुकूल नहुने त कहिले मलाई अनुकूल नपर्ने । तैपनि स्वास्थ्यका दृष्टिले प्रतिकूल परिस्थिति मै पनि उहाँले मेरो कथासङ्ग्रह 'दिदीको देवर' को प्रुफ रिडिङ गरिदिएर मलाई तिर्नै नसक्ने गुन लगाउनु भएको थियो । त्यसको लगत्तै उहाँको एउटा सानो पुस्तकको समीक्षा गरेर मैले 'समीक्षा' मा छपाएको थिएँ । त्यो देखेर उहाँ सानो बालक झैं पुलकित हुनुभएको थियो ।

➢ साँच्चै नै नेपाली साहित्य जगत्लाई आफ्ना धुरै औपन्यासिक कृतिहरूले सजाउने शङ्कर कोइरालामा अभिमान र अहम्को भावना नै बिएन भन्दा पनि हुन्छ । त्यसैले त उहाँ आफ्ना समकालीनदेखि लिएर नवोदित लेखकहरूसँग पनि उत्तिकै मित्रतापूर्वक व्यवहार गर्नुहुन्थ्यो । तर देशमा जुनै व्यवस्था आए तापनि चाकरी र

चलाइहालेको पाइन्न । हुन त शङ्कर कोइरालाको नेपाली साहित्यमा जे जति चर्चा-परिचर्चा भएको छ त्यो पनि 'बैरिनीघाट' कै सेरोफेरोमा मात्र भएको छ भन्दा पनि फरक नपर्ला । आजीवन भाषा र साहित्यप्रति समर्पित व्यक्तित्व प्रति समालोचकहरू किन यतिविधि उदासिन रहे त भनेर बुझ्न खोज्दा जवाफ त्यति सजिलो भने पक्कै छैन बरु अतिसुकै प्रतिभा भए पनि नेपाली साहित्यमा आफ्नो स्थान बनाउन जति गान्नो छ मनेर बुझ्नेहरूका लागि भने शङ्कर कोइरालाले भोग्नु परेको नियतिको बारेमा अलि अलि भए पनि अङ्कल लगाउन गाह्रो नपार्ला ।

वि.सं. २०१० सालदेखि २०४० सालको अवधिमा गोरखापत्र संस्थान, जनक शिक्षा सामाग्री सिमिटेड र साझा प्रकाशनमा शङ्कर कोइरालाले करीब ३७ वर्ष जागिर खाएको देखिन्छ । आफ्नो सम्पूर्ण जागिरे जीवनमा पनि शङ्कर कोइराला शिष्ट, लज्जालु र कर्तव्यनिष्ट नै रहेर आफ्नो कार्य सम्पादन गरिरहे । तर मितभाषी, शिष्ट र नम्र स्वभावका शङ्कर कोइरालाले आफ्नो अभिलाषा, विरोध वा असन्तुष्टि कहीं कतै प्रयोग गरेनन् । त्यसैले पनि वाणी नभएको असन्तुष्टिको भरभराउँदो आगो थियो । उहाँको छातीमा जुन छुरालाई उहाँका समकालीन मित्रहरू र साहित्यिक हाकिमहरूले कहिल्यै मुभ्नो प्रयास गरेनन् । अन्तर्मुखी र स्वाभिमानी स्वाभावका धनी शङ्कर कोइरालाको जीवनमा यही अभिशाप बन्यो, यही विसङ्गति पनि । प्रतिभा जीवित छउञ्जेल यहाँ सङ्घर्षको आगोमा पोलिनु पर्दछ । तर शङ्कर कोइरालाको सन्दर्भमा त त्यस्तो पनि भएको देखिन्छ । त्यसैले पचासवटा साहित्यिक कृतिका लेखकलाई सानोतिनो नै भए पनि उहाँको जीवनकालमा यसो एउटा पुरस्कार दिएँ है भनेर न त पञ्चायती शासकहरूको पैटोमा थाम लाग्यो, न त प्रजातन्त्रको डङ्का बजाउने प्रजातन्त्रवादीहरूले नै बुद्धि पुऱ्याए । निजीक्षेत्रका रत्नश्री (मासिक), प्रतिभा समूह र आफ्नान समूहले भने वि.सं २०५१ र २०५३ मा सम्मान गरेर उहाँको साहित्यको कदर गर्ने प्रयत्न गरेको देखिन्छ । यसका अतिरिक्त शङ्कर कोइरालाको साहित्यिक योगदानको कदर गर्दै उहाँलाई सम्झिनेमा 'दायित्व' ले तीनवटा अङ्क उनकै नाममा निकालिसकेको छ भने शङ्कर कोइराला पुरस्कारको स्थापना समेत गरेर शङ्कर कोइरालाको साहित्यिक योगदानलाई चिरस्मरणीय बनाएको छ ।

साहित्यकार शङ्कर कोइरालाले आफ्नो जीवनको उर्जाशील समय खर्च गरेको संस्था गोरखापत्र संस्थान, जनक शिक्षा सामाग्री केन्द्र र साझा प्रकाशनले भने साहित्यमै आफ्नो जीवन समर्पण गर्ने शङ्कर कोइरालाजस्ता मूर्धन्य लेखकप्रति अभिव्यक्ति पनि कृतज्ञ हुने प्रयत्न समेत नगरेको देख्दा साहित्यप्रेमीहरूलाई आश्चर्यभन्दा पनि दुःख लाग्नु स्वाभिविक नै हो ।

आफ्नो जीवनघाट आधा शताब्दी सममा भाषा र साहित्यको सेवामा खर्चने प्रतिभाको यो हविगत देख्दा भाषा र साहित्यप्रेमीको चित्त कुँढिनु अस्वाभिक होइन । किन भोग्नु पर्दछ एउटा सृजनशील प्रतिभाले यस्तो कठोर नियति ? स्वाभिमानलाई थाँती राखेर हात नफैलाउनु र चाकरीमा निपुण हुनु नै स्वाभिमानी लेखकको कमजोरी हो त ? साहित्य र पुरस्कारका चोक र खुट्टा पसल चलाएर बस्नेहरूले र साहित्य सम्बद्ध संस्थाहरूको घुम्ने मेचमा बस्नेहरूले मै त प्रतिभाको कदर जानेको ? वौ त 'शङ्कर कोइरालाहरू' लाई सम्झिन सक्छौ ?

बौद्धिक योग्यताको दृष्टिले स्नातक र पुस्तक प्रकाशनमा भारत तथा जापानमा तालीम प्राप्त शङ्कर कोइराला जति नै उर्जाशील कलमका

धनी व्यक्तित्व भए तापनि हातमुख जोर्ने धुनमा प्रुफ रिडिङ र सम्पादनमै व्यस्त रहनुपर्ने हुँदा उहाँले आफ्ना रचनालाई भने त्यतिविधि पालिस दिन नसक्नु भएको हुनसक्छ। साथै उहाँ शरूलाई साथ दिनसक्ने पदमा नहुनु भएकोले गर्दा पनि उहाँका राया कृतिहरू माथि यथोचित चर्चा परिचर्चा नभएको हुनसक्छ। जानेर होस् वा नजानेर होस् चर्चाकारहरूले शङ्कर कोइरालाको सन्दर्भमा केवल 'बैरिनीघाट' को मात्र चर्चा गर्दा शङ्कर कोइरालाका अन्य कृतिहरू नभएकोजस्तो पाठकले महसुस गरेका छन्, यसो हुनु भएन। समग्र रूपमा उहाँको न त औपन्यासिक व्यक्तित्वको मूल्याङ्कन भएको छ न त कथाकार व्यक्तित्वको ,न त कवि व्यक्तित्वकै।

जीवन र जगतलाई दुरूस्तै टिपेर पाठक सामु प्रस्तुत गर्ने क्षमता भएका कलमका धनी शङ्कर कोइरालाका रचना यथार्थको ज्यादै निकट छन् भने 'बैरिनीघाट' जस्ता कृति आञ्चलिकताकी पृष्ठभूमिमा छन्। यसले गर्दा पनि यो कृति नेपाली साहित्यमा चर्चित अतियथार्थवादको नजिक छ जब कि उनको अर्को उपन्यास 'पिशाच डाक्टर' चाहिँ हल्काफुल्का रचना कथा 'बुढो ' पनि यथार्थको धेरै नजिक छ। तर विषयको मर्म अनुरूप उनको भाषा र शैली भने केही फितलो पर्कन छ। त्यसैले उनका रचनाहरूलाई स्तरहीनता र फिल्मी शैलीको भन्ने आरोप नलागेको पनि होइन।

समष्टिमा भन्नुपर्दा शङ्कर कोइरालाका केही रचना अस्तित्ववाद विसङ्गतिवादको नजिक र वैराग्यले भरिपूर्ण भए पनि, र कतैकतै विरोधको धमिलो उज्यालो देखिए तापनि मूल रूपमा शङ्कर कोइराला यथार्थवादकै पृष्ठपोषक देखिन्छन्। उनका रचनाहरू बढीजसो सामाजिक यर्थाथवादी नै देखिन्छन्। आफ्ना केही कवितामा शङ्कर कोइराला आफ्नै विषयवस्तुप्रति कसैलाई के त कसैलाई के बताउँदै हिँडे पनि उहाँको मन मस्तिस्कमा आफ्नो पुर्खौली घलो दुम्ना सरी प्रिय बनेर बसेको थियो। जसको परिणाम 'बैरिनीघाट' हो भनेर उहाँले धेरै ठाउँमा स्वीकार गर्नुभएको पनि छ। प्रवेशिका उत्तीर्ण गर्ने चित्तिकै मासिक सय रूपैया पाइने 'पण्डित' औहदाबाट गोरखापत्र संस्थान मार्फत् आफ्नो जागिरे जीवनको सुरूवात गर्ने शङ्कर कोइरालाको पत्निसँ विवाह सुखद् हुन नसकेपछि दोस्रो विवाह रमादेवीसँग भयो, जसबाट उहाँलाई अनिल र सुनिल दुई पुत्र प्राप्त भए।

नेपाली भाषा र साहित्यकै श्रीवृद्धिका लागि आफ्नो जीवन समर्पण गर्ने स्रष्टा शङ्कर कोइरालाले २०५४/४/२६ गतेका दिन यस धर्तीलाई छाडेर जानु भए तापनि नेपाली भाषा र साहित्यलाई गुन लगाउने अमर स्रष्टाको गुण तिर्नका लागि नै नेपाली साहित्यमा उनको सम्पूर्ण योगदानको समग्र मूल्याङ्कन गरेर ऋणमुक्त हुनु नेपाली भाषा र साहित्यका साथसाथै नेपाली भाषा र साहित्यप्रेमीहरूको पनि कर्तव्य हैन त ?

म कुनै व्यक्तिभन्दा पनि साहित्यिक कृतिहरूबाट प्रभावित भएको छु। म मुख्यतः महाभारत र पौराणिक कथाहरूबाट प्रभावित भएँ र केही अंशमा विश्वेश्वरप्रसाद कोइराला र तारिणीप्रसाद कोइरालाका कथाहरूबाट पनि प्रभावित भएँ।

+ + + +

अहिलेका साहित्यकारहरू अति स्वार्थी भएका छन्। मपाईत्व र खुट्टा तानातान गर्ने प्रवृत्ति, अवसरवादिता र चरित्रहत्या जस्ता चीजहरू सामान्य भइसकेका छन्।

- शङ्कर कोइराला

शङ्कर कोइरालाका कृतिहरू

उपन्यास

१. बैरिनीघाट (२०१८)
२. फैसीको फसी (२०२०)
३. दुई ढाङ्गर (२०१९/२४)
४. कलाकार (२०२३)
५. माठो (२०२४)
६. उसले सम्झना (२०२४)
७. क्लेज गर्म (२०२५)
८. म पिउन अखबारको (२०२५)
९. दुर्दमनीय (२०२६)
१० बोसाँघ (२०२७)
११. नदुखेको कपाल (२०२७)
१२. नदी गीत गाउँछ (२०२८)
१३. हकवाला (२०२८)
१४.एक अञ्जली श्रद्धाञ्जली (२०२९)
१५. भड्डी पसल (२०२९)
१६. तरूनी छोरी (२०२९)
१७. सन्तानको रहर (२०३०)
१८. तीनपल्ट (२०३३)
१९. श्रीमती हिरोइन (२०३३)
२०. रातभरि (२०३३)
२१. आसीपासी (२०३४)
२२. हिलम्डु गैरी गाउँ (२०३४)
२३. म फेला पर्दिन (२०३५)
२४. आँसुको खाडे (२०३५)
२५. एक हुल गाउँले (२०३९)
२६. आँसुको घुट्को (२०४०)
२७. पिशाच डाक्टर (२०४०)
२८. भ्याँयारोका हातहरू (२०४०)
२९. भुस्याङ्गा (२०४३)
३०. खैलाबैला (२०४३)
३१. सहायता (२०४५)
३२. बेवारिस लेखक (२०४६)
३३. उच्चाकाङ्क्षा (२०४६)
३४. रिसको भागी (२०४६)
३५. शीला (२०४७)
३६. उही शीला (२०४८)
३७. बन्द तगारो (२०४९)
३८. जनतालाई बकस : भीक,रोग र सकस (२०५२)
३९. रीमा (२०५३)
४०. एउटा पुरानो घर (२०५४)
४१. मामिको आदेश (२०५४)
४२. फेरि शीला (२०५८)

कथासङ्ग्रह

१. आगो छ मो दिलभरि (२०२५)
२. प्रेम र सपना (२०२८)
३. मूर्तिको पातमा झुण्डिएको जीवन (२०४२)
४. हत्यारा: शान्ति र सिर्जनाका (२०५१)
५. विश्वका धार्मिक कथाहरू (?)

नाटक

१. सैती (२०२६)
२. पिठ्यूँको भारी (२०४४)
३. सान्कान्छा- (कहिले र कुन पत्रिकामा छापिएको भन्ने विषयमा स्पष्ट नभएको)

अनुवाद

१. माझीकी स्वास्नी (२०२६) मङ्गेजीबाट

जीवनी

१. संक्षिप्त जीवनी : शङ्कर कोइराला (२०३०/२०५१)

६. अतिरिक्त खण्ड

शङ्कर कोइराला: व्यक्तिगत विवरण

जन्म: वि.सं. १९८७/७/२७, मङ्गलबार
घुइँकुलो, काठमाडौं ।

न्यारनको नाम: ठकारप्रसाद कोइराला

साहित्यिक नाम: श ङ् क र कोइराला/शङ्करप्रसाद कोइराला

साहित्यिक उपनाम: आधाघाटे कान्छा

शिक्षा: स्नातक

पहिलो प्रकाशित रचना: बुढो (कथा) वि.सं.२००४ मा 'शारदा' मासिकमा

पहिलो प्रकाशित कृति: बैरिनीघाट (उपन्यास) वि.सं. २०१८ मा

लेखन विधा: उपन्यास/कथा/नाटक/अनुवाद

अन्तिम प्रकाशित रचना-जसको जवाफ छैन । कथा) 'दायित्व' मासिकमा पूर्णाङ्क-२९

अन्तिम प्रकाशित कृति: फेरि शीला (उपन्यास) २०५८

कृति संख्या: ५१ वटा

लेखन अवधि: ५१ वर्ष (२००३-२०५४)

काम गरेका संस्थाहरू

- गोरखापत्र संस्थान– (२०१०–२०१५)
- जनक शिक्षा सामाग्री केन्द्र– (२०१५–२०२२)
- साझा प्रकाशन– (२०२२–२०४७)

मान/सम्मान/पुस्कार

- रत्नश्री सुवर्ण पदक– 'रत्नश्री त्रैमासिक' बाट
- अभिनन्दन– प्रतिभा समूह (२०५१)–बानेश्वर
- अभिनन्दन– आह्वान समूह (२०५३)–चावहिल

परिवार

बाबुआमा

ईश्वरीप्रसाद कोइराला
भिक्षुप्रिया कोइराला

धर्मपत्नी

रमा कोइराला

छोराहरू

अनिल कोइराला
सुनिल कोइराला

मृत्यु:

२०५४/४/२६, आइतबार मैतिदेवी, काठमाडौं ।

५. उपन्यास खण्ड

आधुनिक नेपाली उपन्यासको विकासक्रममा शङ्कर कोइरालाको योगदान

तिलस्मी, जासुसी, पौराणिक र शृङ्गारिक विषयवस्तुमा अल्झिरहेको नेपाली उपन्यास साहित्यको क्षेत्रमा वि.सं. १९९२ सालमा रुद्रराज पाण्डेको उपन्यास 'रूपमती' प्रकाशित भएपछि यसै उपन्यासबाट नेपाली साहित्यमा उपन्यास विधाले भाषा, शैली र विचारका दृष्टिले आधुनिकतातर्फ पाइला अगाडि बढायो । 'रूपमती' प्रकाशित भएको ठीक एक वर्षपछि अर्थात् वि.सं. १९९३ मा दार्जीलिङका उपन्यासकार रूपनारायण सिंहको उपन्यास 'भमर' देखापऱ्यो । यी दुई उपन्यास मध्ये अघिल्लो उपन्यासले पारिवारिक घटनाक्रमलाई आदर्शोन्मुख यथार्थको सीमारेखामा रहेर जीवन र जगतको चित्रण गरेको छ भने दोस्रो कृतिले स्वच्छन्दतावादलाई खुल्ला हृदयले आत्मसात् गरेको देखिन्छ । यस पश्चात् वि.सं. २००४ मा उपन्यासकार सैनसिंह बाह्रदेलको 'मुखुरा बाहिर छापिएपश्चात् उनका अन्य उपन्यासहरू माइतीघर (वि.सं.२००६) र सङ्गाङ्गको साथी (वि.सं. २००८) ले नेपाली उपन्यासमा पहिलोचोटी विदेशमा बस्ने वा विदेशिने नेपालीहरूको पीडालाई मार्मिक अभिव्यक्ति दियो । सैनसिंह बाह्रदेलको पहिलो उपन्यासमा आदर्शोन्मुख यथार्थ भेटिए तापनि पछिल्लोमा चाहिँ उनी अतियथार्थवादको नजिक भेटिन्छन् । हृदयलाई छोड्ने भाषा, सहज र ग्राह्य विषयवस्तु, मनमोहक शैली आदिले गर्दा नेपाली उपन्यासको आधुनिकताको दोस्रो भोल्मा सैनसिंह बाह्रदेलको योगदान अतुलनीय, विशिष्ट छ । यसैको अघि पछि उपन्यासकारहरू दौलतविक्रम बिष्ट, गोविन्दबहादुर मल्ल गैठाले, विजय मल्ल, केशवराज पिंडाली, विश्वेश्वरप्रसाद कोइराला, डायमन शम्शेर राणा, ध्रुवचन्द्र गौतम, परशु प्रधान आदि नेपाली साहित्यमा समाधम आधुनिक प्रवृत्तिहरू र प्रयोगका नयाँ नयाँ नमूनाहरू भित्रिने क्रममा वि. सं. २०१५ मा प्रकाशित इन्दुबहादुर राईको 'आज रमिता छ' मा उनले विसङ्गतिवादी विचार र विशृङ्खल कथ्य शैलीलाई पछ्याएभनी मल्लद्वय गोविन्दबहादुर मल्ल गैठालेको पल्लो घरको झ्याल (२०१८) र विजय मल्लको अनुराग्रा मार्फत् मानिसको अचेतन मनमा रहेको सुसुप्त चाहनालाई सूक्ष्म विश्लेषण गर्दै फाय्डीय मनोविश्लेषणात्मक शैलीलाई अङ्गीकार गरेर नेपाली उपन्यास साहित्यमा हलचल मच्याउन आइपुगे । ठीक यही समयमा उपन्यासकार शङ्कर कोइरालाले पनि आफ्नो पहिलो उपन्यास 'बैरिनीघाट' (वि.सं.२०१८) लिएर नेपाली उपन्यास जगतमा पहिलो पाइला टेके । ग्रामीण परिवेशमा ठेट नेपाली जनजीवनको एउटा पाटोको जीवन्त चित्रण गरिएको कोइरालाको उपन्यास 'बैरिनीघाट' ले पनि आफ्ना समकालीन एवं अग्रज लेखकका कृतिले झैं नेपाली साहित्यमा मान्यता र प्रतिष्ठा पायो । यसका साथै आञ्चलिकताको उपाधि पनि पायो । अद्यापि 'बैरिनीघाट' शङ्कर कोइरालाको बनेकै छ यसमा सन्देह छैन ।

'बैरिनीघाट'को प्रकाशन पश्चात् उपन्यास लेखनमा शङ्कर कोइरालाले नेपाली साहित्यमा रेकर्ड नै राखे भन्दा हुन्छ । किनभने अत्यधिक उपन्यास लेख्ने नेपाली उपन्यासकारको रूपमा उनको रेकर्डलाई हाससम्म झुनै पनि नेपाली उपन्यासबारेमा उल्लिन सकेन छैन । तर आधुनिक नेपाली उपन्यासको चर्चा हुँदा चर्चाकारहरूले कोइरालाको उपन्यास 'बैरिनीघाट' बाहेक उनका

अन्य चालीसवटा उपन्यासहरूको पनि चर्चा गर्नुपर्छ भनेर कहीं कतै ध्यान दिएको देखिन्न । वि.सं. २०१८ देखि २०५४ सम्मको छत्तिस वर्षको उपन्यास लेखन अवधिमा लेखिएको उपन्यासकार कोइरालाका एकचालीसवटा मध्ये दुईवटा बाल-उपन्यासको बारेमा भन् कहीं कतै चर्चा नै भएको देखिन्न जब कि 'नदी गीत गाउँछ' बाल-उपन्यास (२०२८) लाई उपन्यासकार स्वयंले नेपाली साहित्यमा पहिलो बाल-उपन्यास भनेर दाबी गरेका छन् । नेपाली साहित्यमा उपन्यासकै चर्चा गर्दा पारिजातलाई 'शिरीषको फूल' (२०२२) ले मदन पुरस्कार दिलाउनुका साथै नेपाली साहित्यमा नै उनलाई अमर बनायो भन्दा पनि हुन्छ । 'पल्लो घरको भ्यूँल' उपन्यासकार गोविन्दबहादुर मल्ल गोठालेको सिङ्गो परिचय बन्यो । त्यसैगरी 'आज रमिता छ' को त्यहाँ अवश्य चर्चा हुन्छ जहाँ इन्द्रबहादुर राईका बारेमा उल्लेख हुन्छ ।

सुम्निमा, मन, सर्पदंश, आगत, चपाइएको अनुहार, एकादेशकी महारानी, एक चिहान, बसाई, डापी, रौतो माथ आदि उपन्यास र तिनका लेखकहरू विश्वेश्वरप्रसाद कोइराला, सीताध्वज थापा, तारिणीप्रसाद कोइराला, भवानी भिक्षु, दौलतविक्रम विष्ट, केशवराज पिंडाली, हृदयचन्द्रसिंह प्रधान, सीलाबहादुर क्षेत्री, ध्रुवचन्द्र गौतम ढायमन शम्शेर राणा लगायत अच्छा राई 'रसिक' तारानाथ शर्मा, मञ्जुल आदिको बारेमा नेपाली साहित्यमा यथेष्ट चर्चा परिचर्चा भइराखेको छ । यी मध्ये अधिकांश कृतिले विद्यालय, महाविद्यालयहरूको पाठ्यक्रममा पनि ठाउँ पाइसकेका छन् । तर यही बीच अवधिमा लेखिएका शङ्कर कोइरालाका एकचालीस वान उपन्यासका बारेमा आजसम्म साङ्गोपाङ्ग रूपमा कहीं कतै कसैले चर्चा गरेका छैनन् । आधुनिक नेपाली उपन्यासको विकासक्रममा समेत शङ्कर कोइरालाको औपन्यासिक योगदान र उनका उपन्यासहरूका बारेमा खुलेर चर्चा गरिएको छैन । यसलाई बिडम्बना र उपेक्षाबाहेक अन्य कुनै विशेषण दिन सकिएला त ? आठौं संस्करणको मुख देख्न सफल शङ्कर कोइरालाको पहिलो उपन्यास 'खैरे नीधाट' नेपाली साहित्यमा अञ्चलिक उपन्यासको रूपमा चर्चित छ । यसको विषयवस्तु, भाषा र शैलीले गर्दा पनि यो उपन्यास नेपाली साहित्यमा चर्चित र स्थापित बन्न पुगेको कुरामा शङ्का छैन । यसै सन्दर्भमा 'खैरेनीघाट' को विश्लेषण गर्दै समालोचक कृष्णचन्द्र सिंह प्रधान भन्छन्- 'खैरेनीघाट' वस्तुले भन्दा शैलीले आकर्षण र भिन्न भएको छ । सबैलाई पृथक् दृश्यहरूको संयोजन र चित्रद्वारा जीवनको विशृङ्खलता र सम्बद्धतालाई औल्याइएको छ । अरू त सामान्य यथार्थको सामान्य चित्रण भन्दा पर पुग्न सकेको छैन"- (साझा समालोचना, पृ.३७०) । अर्कातर्फ शङ्कर कोइरालाको औपन्यासिक प्रवृत्तिलाई केनाउँदै समालोचक डा.तारानाथ शर्मा भन्छन् - 'गाउँले वातावरणको साधारण र दरिद्र जीवनलाई प्रस्तुत गर्नु शङ्कर कोइरालाको विशेषता हो ।'- (नेपाली साहित्यको ऐतिहासिक परिचय, पृ.८०)

उपन्यासकार शङ्कर कोइरालाका चर्चा हुनैपर्ने अन्य केही उपन्यासहरूमा कौसीको फर्सी (२०२०) हेलम्बु मेरो गाउँ (२०३४), एक हुल गाउँले (२०३९) रिसको भागी (बाल-उपन्यास, २०४६) आदि हुन् । तर लेखकले लेखेको कृति प्रकाशित भएपछि 'दायित्व' को शङ्कर कोइराला समालोचना विशेषाङ्क (पृ.२०५८) मा बाहेक यिनको उपन्यासहरूका बारेमा विस्तृत रूपले कतै पनि चर्चा भएको देखिन्न । कौसीको फर्सी, हेलम्बु मेरो गाउँ, एक हुल गाउँले कथानकको दृष्टिले निकै राम्रा उपन्यास हुन् । त्यसमा पनि 'एक हुल गाउँले'लाई पञ्चायती व्यवस्थाको विश्लेषणतर्फ नढोऱ्याएको भए अझै राम्रो उपन्यास हुनसक्ने कुरामा दुई मत नहोला । यी उपन्यासहरूमा राणाशाहीको परिणति र पञ्चायती शासनको चित्रण दुरुस्त उतारिएका छन् । विषयवस्तु, प्रस्तुति, भाषा र शैलीको दृष्टिले निकै राम्रो कौसीको फर्सीको

दैनिकले उनको निधनको समाचार दिए तापनि भित्री पृष्ठहरूमा सामान्य स्थानमात्र दिएका छन् । आफ्नो जागिरे जीवनको सुरुबात नै गोरखापत्र दैनिकबाट गर्ने साहित्यकार शङ्कर कोइरालाको निधनको समाचारलाई गोरखापत्रले समेत फ्रन्ट पेजमा 'ब्याभर न्यूज' को रूपमा दिन सकेन । भाषा र साहित्यको उन्नयनमै जीवन दिएराउने एउटा निःस्वार्थ साधकका लागि जीवन र मृत्युको यो भन्दा कर्कै बिडम्बना र विसङ्गति अर्को कुन होला र ? आफ्नो जीवनकालमै हण्डी बाँडेर अनुयायीहरूको भीड जम्मा गर्न नसकेकै कारणले गर्दा शङ्कर कोइरालाको मृत्यु पश्चात् उनको सम्झनामा झोकोहोली गरेर न त शोकसभाहरू भए न त समवेदना व्यक्त गर्ने हुलको लर्को नै देखियो । शङ्कर कोइरालाको निधनपश्चात् दायित्व (मासिक) ले तीनवटा शङ्कर कोइराला विशेषाङ्क प्रकाशित गरिसकेको कुरा माथि नै उल्लेख गरिसकियो । शङ्कर कोइरालाको निधनपश्चात् उनीसँगको सन्निधिलाई संस्मरणमार्फत् व्यक्त गर्नेहरूमा विश्वम्भर चञ्चल, सङ्केत कोइराला, हरि अधिकारी, डा. तुलसी भट्टराई, विनय रावल, भुवन दुवाना, अच्युतरमण अधिकारी, जयदेव भट्टराई, आदि देखा पर्दछन् । मेरो पछि महान भनी चलन अनुसार नै माथि नाम उल्लेखित व्यक्तिहरूले करीब करीब उस्तै उस्तै शब्द र भावना शङ्कर कोइरालालाई स्मरण गरेका छन् । उनको सोझोपन, अन्तर्मुखी स्वभाव र उनको साहित्य साधनाकै चर्चा गरेका छन् ।

शङ्कर कोइरालाका सहकर्मी विश्वम्भर चञ्चलले भने सहकर्मी भएको नाताले शङ्कर कोइरालासँगका केही व्यक्तिगत प्रश्नहरूलाई पनि अघि सारेका छन् । जसले गर्दा शङ्कर कोइरालालाई व्यक्तिगत रूपमा बुझ्न झनै सजिलो पर्दछ । शङ्कर कोइरालालाई व्यक्तिगत रूपमाभन्दा पनि कृतिगत रूपमा स्मरण गर्नेमा सङ्केत कोइराला अगाडि देखापर्दछन् । उनले शङ्कर कोइरालालाई स्मरण गर्दै शङ्कर कोइरालाको मोटामोटी रूपमै भए पनि परिचय दिएका छन् । विशेषगरी साहित्यकारका बारेमा साहित्यकारहरूले नै साहित्यिक संस्मरण लेख्छन् भने सङ्केत कोइरालाले गरेको जति मेहनत त यकै पनि गर्ने पर्दछ । तब लेखेको नाममा झारा टराई लेख्नु र फोटो स्मरण गर्नको कुनै अर्थ छैन ।

मैजारो

विद्यागत दृष्टिले साहित्यकार शङ्कर कोइरालाको विशिष्ट र महत्वपूर्ण योगदान नेपाली आख्यान साहित्यमै रह्यो । जब कि न्यून सङ्ख्यामै भए पनि कविताउपर्फ पनि उनले कलम चलाएको पाइ हाल्छन । विशेषतः भाषिक एवं शैलीका दृष्टिले सरलताका पक्षपाती देखिएका शङ्कर कोइरालाको लेखन प्रवृत्तिको सन्दर्भमा कुरा गर्दा उनी सामाजिक यथार्थवादका पक्षधर देखिएका छन् , जसमा आर्थिक अभाव र रतिरागको झलकमलक उनका हरेक जस्तो रचनाका स्थायीभाव विषयजन्य खुराक बनेका छन् ।

आधा शताब्दी लामो आफ्नो साहित्यिक साधनाको शृङ्खलामा शङ्कर कोइरालाले नेपाली साहित्यलाई आधासय नै कृति दिएका छन् । जसमा उपन्यास, कथा, नाटक र अनुवाद समेत छन् । फुटकर रूपमा उनका केही कविता प्राप्त भए तापनि ती सङ्ग्रहको रूपमा आउन सकेका छैनन् । तर विडम्बना नै भन्नु पर्दछ पचास वर्ष नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा आफूलाई समर्पित गर्ने स्रष्टाका बारेमा उनको जीवनकालमा जम्माजम्मी पाँचवटा पनि समीक्षात्मक लेख–रचना छापिएनन् । शङ्कर कोइरालाको 'खैरेनीघाट' लाई आञ्चलिक उपन्यास भनेर उल्लेख गर्नुबाहेक नेपाली समीक्षक–समालोचकहरूले उनका अन्य कृतिहरू तर्फ पटकै ध्यान दिएनन् । किनभने 'खैरेनीघाट' बाहेक पनि उनका अन्य कृतिहरू प्रेम र सपना, कौसीको फर्सी, हेलम्बु मेरो गाउँ, एक हुल गाउँले

र समालोचकहरूले शङ्कर कोइरालाका विशेषतः कथा र उपन्यासमाथि नै कलम चलाएका छन् । यसरी कलम चलाउनेहरूमा आनन्ददेव भट्ट, डा. केनव उपाध्याय, इन्दुकुमार श्रेष्ठ 'सरित्', कृष्णप्रसाद पराजुली, राजेन्दु सुवेदी, डा. दुर्गाप्रसाद भण्डारी, फणीन्दुराज खेताला, ध.च. गोतामे, डा. विष्णुराज आचेर्य, डा. दयाराम श्रेष्ठ 'सम्भव' लगायत एकाउन्न जना साहित्यकारहरू छन् । सबैले शङ्कर कोइरालाको छुट्टाछुट्टै कृतिमाथि कलम चलाएका छन् । तर अधिकांश लेखकका रचना समालोचना नभएर केवल टिप्पणी जस्तो मात्र भएका छन् । बरू माथि उल्लेख गरिएका नामवाहेक ठाकुर पराजुली, डा. दुर्गाप्रसाद अर्याल, मोहन सिटौला, रामप्रसाद शर्मा, शैलेन्द्रप्रकाश नेपाल आदिले भने तुलनात्मक रूपले आफ्नो लेखनमा मेहनत गरेको स्पष्ट देखिन्छ । यी लेखकहरूको समीक्षा-समालोचनामा सामान्यभन्दा अलि गहिरिएर शङ्कर कोइरालाको कृतित्वको गुण–दोषसाई केलाउने प्रयत्न गरेको पाइन्छ । 'दायित्व' ले शङ्कर कोइराला व्यक्तिको स्मरण नगरेर एकजना साहित्यसाधकको स्मरण गरेकोले निश्चय नै 'दायित्व' को यस अङ्कको उच्च महत्व र मूल्याङ्कन हुने नै छ ।

शङ्कर कोइराला कथा विशेषाङ्क

'दायित्व' को ४६औं अङ्कलाई यसका सम्पादक रामप्रसाद पन्तले 'शङ्कर कोइराला कथा विशेषाङ्क' को रूपमा पाठकहरूसमक्ष ल्याएका छन् । कथाकार शङ्कर कोइरालाका कथासङ्ग्रहमा नसमेटिएका कथाहरू 'दायित्व' को यस अङ्कमा समाविष्ट छन् । रत्नश्री, धरती, प्रगती, शारदा, दायित्व आदिमा प्रकाशित शङ्कर कोइरालाका २७ थान कथाहरू समेटिएको यस विशेषाङ्कमा शङ्कर कोइरालाको 'शारदा' मासिकमा वि.सं. २००३ मा प्रकाशित पहिलो कथा 'बूढो' पनि यसमा सङ्कलित छ ।

बाँचुन्जेल व्यक्तिगत लाभका लागि कहिल्यै शक्तिकेन्द्र नधाउने, चाकरी र मनसुनमा निष्णात हुन नसकेकै कारणले औंभेलमा परेका साहित्य साधक शङ्कर कोइरालाका विषयमा तीन तीनवटा विशेषाङ्क निकाल्ने रामप्रसाद पन्त, दायित्व मासिक र दायित्व वाङ्मय प्रतिष्ठान सबै धन्यवादका पात्र छन् । तर यस्तै कार्य गर्ने प्रतिष्ठान, गोरखापत्र संस्थान, साझा प्रकाशन आदिले गर्दा पनि असान्दर्भिक भने पक्कै हुने थिएन । साहित्य साधक शङ्कर कोइरालाको कृतित्व र योगदानका बारेमा जान्न चाहने र बुझ्न चाहनेहरू 'दायित्व' का शङ्कर कोइराला विशेषाङ्कहरूबाट पक्कै पनि लाभान्वित हुने नै छन् ।

शङ्कर कोइरालालाई सम्झना गर्नेहरू

बहुप्रतिभाका धनी साहित्यकार शङ्कर कोइरालाले संख्यात्मक रूपमा मात्रै नभएर गुणात्मक रूपमा पनि नेपाली साहित्यलाई प्रशस्त कृति दिए तापनि उनलाई उनको जीवनकालमै र मरणोपरान्त स्मरण गर्नेहरूलाई औंलामा गन्न सकिन्छ । करीब आधासय बढा कृतिका स्रष्टा शङ्कर कोइरालालाई जीवनकालमै स्मरण गर्नेहरूमा रत्नश्री (त्रैमासिक), आकान समूह, प्रतिभा समूह र दायित्व (मासिक) आदि थिए भने उनको मरणोपरान्त उनलाई स्मरण गर्नेहरूमा दायित्व मासिक र दायित्व वाङ्मय प्रतिष्ठान मात्र अग्रो स्थानमा रहेको देखिन्छ । दायित्व मासिकले त उनको विषयमा तीनवटा विशेषाङ्क नै प्रकाशित गरिसकेको छ भने शङ्कर कोइराला स्मृति पुरस्कारसमेत स्थापना गरेर वितरण समेत गरिसकेको छ ।

नेपाली साहित्यमा अत्यधिक उपन्यास लेख्ने स्रष्टा शङ्कर कोइराला प्रचार प्रसारका दृष्टिले आजीवन औंभेलमै परे भने उनको निधनको समाचार पनि नेपाली छापाहरूमा "ब्यानर न्यूज" वा "ब्रेकिङ न्यूज" बन्न सकेन । गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, काठमाडौं पोष्टजस्ता ब्रोडसिट

बारेमा समयमै चर्चा परिचर्चा हुन सकेको भए थप्तिको राम्रो उपन्यासले औंभेलमा पर्नुपर्ने थिएन । हुन सक्छ शीर्षक चयनमा सतर्कता अपनाउन नसकिएकाले पनि यी उपन्यासले यस्तो नियति भोग्नु परेको हो कि ? यस्तै दुर्भाग्य भोग्न विवश उपन्यासकार कोइरालाको बाल उपन्यास 'रिसको भागी' पनि हो । नेपाली बाल साहित्यको सन्दर्भमा यसको उल्लेख वा चर्चा नहुनु लेखकप्रतिको अन्याय मात्रै नभएर नेपाली बाल साहित्यकै इतिहासलाई अँध्यारोमा राख्ने काम पनि हो ।

भुस्याहा (२०४३), पिशाच डाक्टर (२०४०), म फेला पर्दिन (२०३५), भट्टी पसल (२०२९), हकवाला(२०२८) श्रीमती हिरोइन (२०३३), नाठो (२०२४) जस्ता उपन्यासहरूको माध्यमद्वारा लेखकले नेपाली उपन्यास साहित्यको भण्डारलाई भरिभराउ पारिरहे । 'म फेला पर्दिन' देशको समसामयिक वस्तुस्थितिलाई बोकेर भए पनि भन्न्याउने प्रयत्न गरेको छ । 'पिशाच डाक्टर' ले भने लेखकको उपन्यास संख्या बढाउने बाहेक अरू कुनै योगदान दिन सक्ने स्तरको देखिँदैन । 'भुस्याहा' भिन्नो कथावस्तुमा जेभिएको विसङ्गत विचारहरूको औपन्यासिक आलेखमात्र हो । तर उपन्यासले शीर्षक बनाउने प्रयत्न गरेको छन् ।

शङ्कर कोइरालाका कतिपय उपन्यासका शीर्षकहरूले समेत पाठकहरूमा उनका उपन्यासप्रति आकर्षण होइन विकर्षण उत्पन्न गर्ने खालका छन् । जस्तै नाठो, श्रीमती हिरोइन, तरुनी छोरी, दुई ढुङ्गाभर, कौसीको फर्सी आदि । यी शीर्षकहरूले यौनाकर्षणको झलक त देला तर त्यही विषयवस्तु पनि उपन्यासमा ताछरीमाछरी गरेर फस्टाउन सकेको छैन । सम्बन्धित विषयको गहिराई र चरित्रको विशिष्टीकरण कतै भेटिँदैन । त्यसैगरी लेखेर छपाउने हतारोमा हुनसक्छ राम्रो विषयवस्तु छानेर पनि उपन्यासकार कोइरालाले ती विषयवस्तु माथि न्याय गर्न सकेको देखिन्न । जसले गर्दा उनका एकचालीस मध्ये चालीसवटा औपन्यासिक कृतिहरू सबै औंभेलमै परिरहे । 'बैरिनीघाट' को प्रकाशन पश्चात् प्रत्येक वर्ष कोइरालाको एउटा मात्रै होइन कुनै कुनै वर्ष त दुईवटासम्म उपन्यास प्रकाशित भएको देखिन्छ । तर छत्तीस वर्षको उपन्यास लेखनमा कुनै कुनै वर्ष भने उनको उपन्यास प्रकाशन भएको देखिन्न । उनका उपन्यास प्रकाशन नभएका वर्षहरूमा वि.सं. २०१३, २०३६, २०३७, २०३८, २०४२, २०५०, २०५१ र २०५५ हुन् ।

छत्तीस वर्षको उपन्यास लेखन अवधिमा एकपछि अर्को गरी शङ्कर कोइरालाका उपन्यासहरू बजारमा देखा परिरहे तर तिनले चर्चा परिचर्चा र समीक्षकको समीक्षा भने पटकै पाएनन् । किन भने शङ्कर कोइरालाले आफ्ना कृतिको संख्या बढाउन त प्रसस्तै मेहनत गरे तर आफ्ना कृतिको गुणात्मक पक्षलाई माझ्न, तिखार्न र सुन्दर बनाउन अपेक्षाकृत उनको ध्यान जान सकेको देखिन्न । त्यसैले 'बैरिनीघाट', सिरको भागी, एक हुल गाउँले, हेलम्बु मेरो गाउँ, कौसीको फर्सी जस्ता उपन्यासलाई छाडेर उनका अन्य कृतिहरूले लोकप्रियताको सोपान चढ्न सकेनन् भने तिनले पाठक एवं समीक्षकहरूको पनि ध्यान खिच्न सकेनन् । कलाकार (२०२३), म पिउन अखबारको (२०२५), सन्तानको खर (२०२९), रातभरि (२०३३), आलोपालो (२०३४), आँसुको घुट्को (२०४०), उध्याकाइक्षा (२०४६), शीला (२०४७), उही शीला (२०४८), फेरि शीला (२०५८), दौसौंध (२०२७), दुर्दमनीय (२०२६) जस्ता उपन्यासहरूले 'बैरिनीघाट'को स्तर र लोकप्रियतालाई उछिन्नुको कै कुरा, छुन समेत सकेनन् । अझ भनूँ भने नेपाली औपन्यासिक क्षेत्रमा भिनले पानीसमेत माग्न सकेनन् । दिन रात नभनी आजीवन एकोहोरो लेखिरहने शङ्कर कोइरालाको लेखनकला माझिने, विषयवस्तुको गहिराईमा पुग्ने,

कुनै पनि चरित्रलाई विशेष बनाउने समय नै प्राप्त नभएकोले गर्दा उनका धेरैजसो उपन्यास पढ्नेलाको रमाइलो मात्र बन्न पुगे । कालजयी हुने स्तरसम्म ती पुग्नै सकेनन् । शङ्कर कोइरालाका उपन्यासहरूका बारेमा विभिन्न समीक्षक एवं विद्वान्हरूको भनाई हेरौं - ' वैचारिक रूपले शङ्कर कोइराला अवश्य पनि कैयन अंशमा सुधारमूलक सामन्तवादी एवम् पूंजीवादी दृष्टिकोणका साहित्यकार हुनुहुन्छ । तर उहाँले आफ्नो जीवनसङ्घर्षमा जति ठूलो तपस्या गर्नुभएको छ त्यसले उहाँमा धेरै ठूलो र व्यापक जनमुखी चिन्तन र आक्रोश पाएको हुनुपर्छ । भन्ने मेरो सामान्य अनुमान छ ।' - डा. आनन्ददेव भट्ट (दायित्व,पृ.४१। 'खैरिनीघाट' लाई आञ्चलिक उपन्यासको पगरी गुँधाउनेहरूको भीडमा प्रा. ठाकुर पराजुली भन्छन् - 'खैरिनीघाट' लाई पूर्ण आञ्चलिक त भन्न सकिएला तर आञ्चलिकताका आंशिक विशेषताद्वारा प्रभावित सम्म भन्न सकिन्छ (दायित्व पृ. ४१, २०५८) । पुनः प्रकाशन गरेर प्रचार प्रसारमा ल्याउनुपर्ने उपन्यास ' आँसुको सहरे' आजका नयाँ पुस्ताका निम्ति उदाहरणीय र तत्कालीन सामाजिक परिवेश र वास्तविकताको बोध बन्ने छ ।' (दायित्व मासिक,पृ.४१,२०५८)

छत्तीस वर्षको औपन्यासिक लेखनावधिमा नेपाली साहित्यलाई एकचालिस थान उपन्यास दिने शङ्कर कोइरालाको उपन्यासकारका रूपमा जति चर्चा हुनुपर्थ्यो त्यसको सतांश पनि भएन । जबकि उनको लेखनमा क्षमता नभएको पक्कै होइन । राणा शासन, पञ्चायती शासन र २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनासम्म उनको उपन्यासको विषयवस्तु बनेका छन् । राहरिया एवं गाउँले दुबै परिवेशलाई उनले आफ्ना उपन्यासहरूमा स्थान दिएका छन् । केही विसङ्गतिवादी चेतको अंश, अति बढी रतिरागजन्य हाउभाउको प्रदर्शन र बढीजसो आदर्शोन्मुख यथार्थको धरातलमा रहेर लेखिएका शङ्कर कोइरालाका अधिकांश उपन्यास प्रस्तुति र भाषिक दृष्टिले अत्यन्त सरल छन् । बौद्धिकता भन्दा पनि विषयको सरल प्रस्तुतिलाई ध्यान दिएको एवं चरित्रको विशिष्टीकरण भन्दा पनि स्वभाविकतालाई जोड दिएको पाइन्छ उनका उपन्यासहरूमा । सरल भाषा, सहज शैली अनि निश्चित शुरू, मध्य र अन्त्यको शृङ्खला बाँधिएजस्ता लाग्ने शङ्कर कोइरालाका धेरैजसो उपन्यास पढ्नेलाई रमाइला लाग्ने र पढिसकेपछि छट्टैसे फालीपाटी पुछेजस्तै भेटिने हुनुमा दोष कसको हो त भनेर केलाउँदा यी प्रश्नको घेराबाट शङ्कर कोइराला पनि उम्किने ठाउँ देखिन्न । तैपनि 'खैरिनीघाट' लाई अपवाद राखेर उनका उपन्यासहरू एक हुल गाउँले, कौसीको फर्सी, हेलम्बु मेरो गाउँ, रिसको भागी आदिको नेपाली आधुनिक उपन्यासको सन्दर्भमा पुनर्मूल्याङ्कन हुनुपर्दछ । किनभने वि.सं. १९९१ देखि १०५४ सालसम्मको कालखण्डमा आधुनिक नेपाली उपन्यासको चर्चा गर्दा त्यो विस्तृत र फराकिलो फेममा शङ्कर कोइरालाका एकचालीस थान उपन्यासहरूको चर्चा हुनैपर्दछ नत्रभने एकचालीस थान उपन्यासहरूलाई पन्छ्याएर गरिएको आधुनिक नेपाली उपन्यास साहित्यको चर्चा पूर्वाग्राही, दुराग्राही, अपूरो र अपाङ्ग हुनेछ भन्ने कुरामा दुई मत नहोला नै । अबका दिनहरूमा आधुनिक नेपाली उपन्यास साहित्यको इतिहास लेख्दिंदा शङ्कर कोइरालाको योगदानलाई पनि स्थान दिनुपर्दछ । किनभने यथार्थलाई बढ्याएर वा घिसिएको अभिनय गरेर गरिएको चर्चा सही अभिलेख कहिल्यै हुन सक्दैन । आधुनिक नेपाली उपन्यास साहित्यको विकास र विकासक्रममा शङ्कर कोइरालाले के कसरी योगदान गरे भन्ने विषयमा छलफल गरेर उनका औपन्यासिक कृतिहरूको पुनर्मूल्याङ्कन गरेर शङ्कर कोइरालाको

५. विविध खण्ड

'दायित्व' का विशेषाङ्कहरूमा शङ्कर कोइराला

नेपाली साहित्यमा बहुआयामिक प्रतिभाका धनी शङ्कर कोइराला ठ्याक्कै आधा शताब्दी सक्रियतासाथ साधनारत रहे । कथा, उपन्यास, कविता, लेखनका अलावा सम्पादक, अनुवाद र प्रुफ रिडिङमा समेत उनको योगदान स्मरणीय छ । तर सिङ्गै आफ्नो जीवनकालमा यस्ता विशिष्ट साहित्यिक प्रतिभालाई राज्यपक्षले पूरै बेवस्ता गऱ्यो । धिनकी जीवनकालमा कुनै पत्रपत्रिकाले धिनका बारेमा विशेषाङ्क निकाल्ने सोच बनाएको समेत थाहा भएन भने राज्यपक्षले धिनको योगदानको कदर गर्दै एउटा सानोतिनो पुरस्कार–मान–सम्मानले सम्मानीत गर्न सकेन । जीवनको उत्तरार्धमा शङ्कर कोइरालालाई रत्नश्री (मासिक), आव्हान समूह, प्रतिभा समूह आदिले स्मरण र सम्मानीत गरेर साँच्चै नै हामीलाई कृतज्ञ हुनबाट जोगाएको छ ।

नेपाली साहित्यसँग आफ्नो लेखनीको माध्यमद्वारा आधा शताब्दी लामो सम्बन्ध कायम राख्ने व्यक्तिलाई जीवनकालसँगै उनको निधन पश्चात् पनि सम्झिनेमा रामप्रसाद पन्त, दायित्व मासिक र दायित्व बाङ्मय प्रतिष्ठान अग्रपङ्क्तिमा पर्दछन् भन्दा फरक नपर्ला । किनभने शङ्कर कोइराला विषयक तीन तीनवटा विशेषाङ्क १ शङ्कर कोइराला स्मृति विशेषाङ्क (वि.सं.२०५४), २ शङ्कर कोइराला समालोचना विशेषाङ्क (वि.सं.२०५८) र ३ शङ्कर कोइराला : कथा विशेषाङ्क (वि.सं.२०५०) निकाल्नेमा 'दायित्व' मासिक र यसका सम्पादक रामप्रसाद पन्त नै अग्रता छन् । यसका अतिरिक्त दायित्व बाङ्मय प्रतिष्ठानले शङ्कर कोइरालाको योगदानको कदर गर्दै उदाहरणीय कार्य गरेको छ । यसमा कसैको दुई मत नहोला ।

शङ्कर कोइराला स्मृति विशेषाङ्क

'दायित्व' मासिकको नियमित प्रकाशनको ३० औं अङ्क शङ्कर कोइराला स्मृति विशेषाङ्कको रूपमा प्रकाशित भएको छ । विशेषाङ्कको नाम नै 'स्मृति' भएपछि निश्चित नै यस अङ्कमा शङ्कर कोइरालासँग निकट रहेका साहित्यिक व्यक्तित्वहरूको स्मरणकै प्राधान्य रहेको छ । 'दायित्व' को यस अङ्क मार्फत् शङ्कर कोइरालालाई सम्झनेक्रममा डा.ताराराज शर्मा, मोहन कोइराला, शिव रेग्मी, श्यामदास वैष्णव, इन्द्रकुमार श्रेष्ठ 'सरित्' आदि रहेका छन । शङ्कर कोइरालाको शालीन, शिष्ट, नम्र र लज्जालु व्यक्तित्व अनि प्रवृत्तिलाई अधिकांश लेखकहरूले एक स्वरमा स्मरण गरेका छन् । तर केही संस्मरणले भने शङ्कर कोइराला साझा प्रकाशनमै हुँदा गलिसकेको भन्ने उठाएको तर्कलाई सहजै स्वीकार गर्न सकिने ठाउँ छैन । जे होस् 'दायित्व' को यस विशेषाङ्कै महानामा भए पनि साहित्यकार शङ्कर कोइरालालाई सबजना साहित्यकारहरूले स्मरण गरे । यो नै 'दायित्व' को र यसले गरेको कामको सफलता हो भन्दा बढी नहोला ।

शङ्कर कोइराला समालोचना विशेषाङ्क

नेपाली भाषा र साहित्यलाई समृद्ध बनाउन आजीवन अहोरात्र खटिने साधक शङ्कर कोइरालाको विषयमा नै दोस्रो विशेषाङ्क 'शङ्कर कोइराला समालोचना विशेषाङ्क' प्रकाशित गर्ने पनि दायित्व मासिकका लागि सम्पादक रामप्रसाद पन्त नै सक्रिय भएका छन् । यी अङ्कमा समीक्षक

मेरा अमर उद्देश्यहरू
सफल साथी छन् –
म जे पनि गर्छु, जे पनि गर्छु ।

सात सालको क्रान्तिको पूर्वसन्ध्यामा लेखिएको यो सानो कविता आकारको दृष्टिले सानो भए तापनि भावका दृष्टिले तत्कालीन परिवर्तनकारी नेपाली जनताको आवाज हो । जसलाई तन्नेरी कविले सुहाउँदो वाणी दिएका छन् ।

लगन

आफूसँग एउटै बिछ्यौना बाँडिसकेकी नवयौवनासँग कवि यसो भन्दछन्–

आज तिमी माला नगाँस
पाँतले पाँतले खोल्यौं हामी
पाँतले पाँतले मुर्झायौं हामी
आज यस्तो नयाँ सिंगारमा
मीठो गीतसित नयाँ विहानीमा ।

कवि आफ्नी प्रियतमा उर्फ प्रेयसीलाई आफूसँग विवाह नगर्न आग्रह गरेकी कारणका लागि अघ्याउँदै भन्दछन् –

यहाँ अनेक छन् कुमारी, विधवा
यहाँ आहत छन् भाग्ने र विजेता
ती सबमा तिमी एकली मसित
पर्खाउने यी कुरा नगर ।
मलाई आज विहा नगर ।

'लगन' कविताको पूर्ण अध्ययनबाट यस्तो लाग्छ सात सालको जनक्रान्तिले ल्याएको परिवर्तनबाट कवि सन्तुष्ट छैनन् । किनभने यहाँ दुःखी हृदय छन्, विधवा छन्, भाग्ने छन्, र छ जतातते अभाव नै अभाव । यस अर्थमा एउटा क्रान्तिकारी, एउटा पथप्रदर्शक, एउटा युगपुरुषले आफ्नो दायित्व भूलेर आफूमात्रै कसरी भोग र विलासमा चुर्लुम्म डुब्न सक्छ र ? त्यसैले त कविको कविता मार्फत् क्रान्तिकारी गायक भन्छ–सहाइको बेला आइरहेकै छैन, भो मलाई आज विहा नगर ।

सात सालको क्रान्तिको पूर्वसन्ध्यामा लेखिएका र प्रजातन्त्र प्राप्तिपछि लेखिएका कवि शङ्कर कोइराला तीनवटा कवितामा समय बोलेको छ, समयको पीडा बोलेको छ, युगको आवाज ध्वनित भएको छ । प्रजातन्त्र प्राप्तिका लागि आफैंलाई उत्सर्ग गर्ने मानिसको चाहना र प्रजातन्त्र स्थापना भए पनि त्यसले पूरा गर्न नसकेको जनचाहनालाई धेरै हदसम्म शङ्कर कोइरालाका कविताहरूले बोल्ने इमानदार प्रयत्न भने गरेका छन् । तीनवटै कविताको शैली हेर्दा सरलतामा पनि केही दुरूहता शङ्कर कोइरालाको विशेषता बनेको छ । कविताको शैलीले पाठकको मन सिस्नाले पोलेजस्तै भत्काम्मै नछोए पनि माथको पहारलैंकै विस्तारै छुँदै जान सक्षम देखिन्छन् । विषयको वक्रोक्तिभन्दा पनि उद्देश्यगत चाहनासे प्राथमिकता पाएको तीनवटै कविता कहीं पनि गोमिल छैनन् विषयान्तर छैनन् । भाव, भाषा, शैली र विचारका उद्देश्यले मूल्याङ्कन गर्दा कवि शङ्कर कोइरालाका तीनवटै कविता उत्कृष्ट छन्, युगानुकूल छन् र ती बनेका छन् महत्वपूर्ण कालखण्डको एउटा युगीन दस्तावेज ।

म आत्मसन्तुष्टिका लागि लाख्छु, र जो ग्रहण गर्न इच्छुक छन् तिनीहरूका लागि लेख्ने गर्छु । लेख्न मन लागे कोठा पुनेरै पनि लेख्छु, लेख्न मन नलागे कसैको बिन्तीभाउ पनि काम लाग्दैन ।

++++

मेरा कथा, उपन्यासहरू सुधारवादी, समस्यामूलक र आदर्शवादी सबै किसिमका छन् । नयाँ नयाँ फोसेली लिनु, नयाँ शैली र शिल्पमा प्रस्तुत हुनु मेरो ध्येय रहन्छ ।

-शङ्कर कोइराला

योगदानको सही कदर हुनुपर्दछ । किनभने उपन्यासकार शङ्कर कोइराला भन्ने बितिकै 'खैरिनीघाट' को माथै नाम लिएर उनको औपन्यासिक व्यक्तित्व र योगदानको सही कदर अनि सही मूल्याङ्कन हुने सर्वदैन ।

शङ्कर कोइरालको पर्याय: खैरिनीघाट

पृष्ठभूमि

आधासय भन्दा बढी कृतिका स्रष्टा शङ्कर कोइरालालाई नेपाली साहित्यमा जीवन्त बनाइराख्ने एउटै मात्र कृतिको नाम हो 'खैरिनीघाट' उपन्यास । वि.सं. २०१८ सालमा नेपाल एकेडेमीबाट पहिलो पटक प्रकाशित यस उपन्यासले अङ्ग्रेजी भाषामा अनुवाद हुने मौका समेत प्राप्त गरिसकेको छ । सन १९९६ मा सारी हार्टसेलले यसलाई अङ्ग्रेजीमा अनुवाद गरेका हुन् र सम्भवत : विदेशी भाषामा शङ्कर कोइरालाको अनुदित भएको यही एउटै मात्र कृति हो । विश्वविद्यालयका पाठ्यक्रमहरूमा समेत यस उपन्यासले समाविष्ट हुने मौका पाएकैले हुनुपर्छ । 'खैरिनीघाट' ले २०५२ सालसम्ममा आठपुग्दा आठौं संस्करणको मुहार देख्न सफल भइसकेको छ । त्यसैले पनि हुन सक्छ जानेरै होस् वा नजानेरै अथवा चाहेर होस् वा नचाहेरै नेपाली साहित्यका प्रबुद्ध समीक्षक- समालोचकहरूले शङ्कर कोइरालाको सन्दर्भमा 'खैरिनीघाट' को चर्चा गर्न बिर्सिएका छैनन् । त्यसमा पनि अधिकांशले 'खैरिनीघाट' लाई 'आञ्चलिक' भन्न झनै बिर्सिएका छैनन् । तर आधासय कृतिका सर्जक शङ्कर कोइरालाका अन्य कृतिहरू भने नेपाली साहित्यमा सधैं ओझेल मै परिरहेका छन् । समीक्षक र समालोचकहरूका ती कृतिमाथि दिव्यदृष्टि नपरेका हुन् कि ती कृति चर्चा योग्य हुन नसकेका हुन् त ? यो प्रश्नको उत्तर मौन छ, स्रष्टाहरू पनि मौन छन् । यस दृष्टिले हेर्दा के त 'खैरिनीघाट' पश्चात्का आधासय कृति शङ्कर कोइरालाले प्रकाशनमा नल्याएको भए पनि हुन्थ्यो त ?

'खैरिनीघाट'को कथासार

अधिकांश साहित्यविज्ञ र साहित्यप्रेमीहरूले आञ्चलिक भन्दै आएको र आञ्चलिक भन्न एकपसमा होइबाजी गरिएको उपन्यास 'खैरिनीघाट' सुनकोसी किनारमा अवस्थित 'खैरिनीघाट'को छेउमा रहेको फोपरे भन्ने माझी गाउँका माझीहरूको दैनिक दिनचर्याको रोरोफेरोमा लेखिएको एउटा सामाजिक उपन्यास हो । यसको प्रमुख पात्र भक्तबीरले दश वर्ष भारतमा दरबान र बुल्ली काम गरेर आफ्नै गाउँ फर्किएको छ । घर फर्किंदा बूढी बाबुले अर्कैको पेट बोकेकी स्वास्नी ल्याएकोमा समेत उसले अलिकति पनि आपत्ति प्रकट गर्दैन । नेपालमा भइरहेको आन्दोलनको सन्दर्भमा उसले भारतमा आन्दोलन भएको सम्झिन्छ । आफूले समेत साठी साएको स्मरण उसको मस्तिष्कमा झ्याङ्गिन्छ । तर आन्दोलन ठीक-बेठीक के हो भनेर उसले छुट्याएको झल्कोसमेत पाइन्न । यसरी सोच्ने उसको बौद्धिक क्षमता नै हुँदैन । किनभने गाउँमा विद्यालय खोल्ने सन्दर्भमा उसले दिएको प्रतिक्रियाबाट पनि उसको शैक्षिक चेतनाप्रति आकर्षण नभएको स्पष्ट भाइ हुन्छ ।

रोसीखोला ढुकेर चोरी गर्ने-लुट्ने नैरितैको सङ्गतले भक्तबीर एकै दिन नैरितैकै घरमा बास बस्न पुग्छ । अर्काकी बैसानु स्वास्नीको आमन्त्रणले बेकी लोभिन्छ भक्तबीर । तर यस पटक पनि लोभमा पाप गर्नु सक्षम देखिन्न । गाउँको जिम्मुवाल, महन्त, मझिपाल, शोगण, अन्धकार, अज्ञानता हरेक दृश्यहरू भक्तबीरको उपस्थितिसँगै उपन्यासका पानाहरूमा बीच बढ्दछ ।

नैपालचोकको रोसी किनारमा लागेको भेलामा भक्तबीरले आफैंले देखेका-भोगेका पुराना घटनाहरूको पुनरावृत्ति देख्छ । मारपिट, चेली तान्ने -भगाउने र जाँडको नशामा मातिएर टाउको फुटाउने क्रम चलिरहेकै बेलामा माझिनकी छोरी

कसैद्वारा बलपूर्वक थिसारिएपछि उपन्यास सकिन्छ। उपन्यासको अन्त्य हुँदा उपन्यासको नायक भक्तवीरले के गरिरहेको थियो त? उसले के सोचिरहेको थियो-यस बारेमा मौन रहेरै उपन्यास सकिन्छ। र, छविदिन्छ अनिर्णित भक्तवीरको अवस्था प्रति पाठकहरूलाई छटपटीयुक्त अँध्यारोमा। एउटा उपन्यासका लागि आवश्यक पर्ने औपन्यासिक आधारभूत तत्वहरूका आधारमा रहेर उपन्यासकार शङ्कर कोइरालाको उपन्यास 'खैरिनीघाट' लाई नियाली

कथानक

'खैरिनीघाट' को कथासार माथि नै उल्लेख गरिसकिएको छ। कुनै पनि उपन्यासको मूल आधार नै कथानक तत्व हो। अझ भनू भने उपन्यासको मेरूदण्ड नै कथानक तत्व हो। यस दृष्टिले रोसी खोलाको किनारमा रहेको कोचपै माझी गाउँको सीमित परिवेशलाई लिएर लेखिएको उपन्यासमा नेपाली जीवन र जगतको एउटा भिन्नै चित्रण छ। स्थान विशेषको सीमित क्षेत्रमा एउटा जाती विशेषको दिनचर्या र घटनाक्रमलाई समेटिएको हुनाले यसले आञ्चलिकताको विशेषता र उपमा पाएको छ, जुन अमिन्दो पनि छैन। एउटा राम्रो उपन्यास बन्न कथानक नवीन र रोचक त हुनै पर्दछ भने सँगसँगै कसिलो पनि हुनुपदछ, जसको अभाव 'खैरिनीघाट' ले धेरै व्यहोर्नु पर्दैन।

चरित्र

सरल, सहज र स्वाभाविक लाग्ने पात्रहरूको बाहुल्य रहेको 'खैरिनीघाट'को मुख्य पात्र भक्तवीरको चरित्रसँगसँगै हिँड्नेको उपन्यासमा चरित्रहरूको विशिष्टीकरण वा क्रमिक विकास भएको भने खासै पाइँदैन। सामाजिक अगुवा हुनसक्ने आशलाग्दो पात्रको रूपमा उभिएको भक्तवीरमा क्रान्तीआमा प्रति र नैरितेको स्वास्नीप्रति जागेको आकर्षण अझ भनूँ यौनाकर्षणले झल्याङ्गिने मौका पाएको देखिन्न जब कि भक्तवीर नामर्द हो कि भनेर शङ्कर गर्ने ठाउँ पनि छैन। चाहनालाई मनभरि खेलाएर पनि किन ऊ त्यसको परिपूर्तिका लागि हौमिन तैयार हुँदैन त? एउटा स्वाभाविक प्रश्न पाठकहरूको मस्तिष्कमा उब्जिन्छ। देश देशावर बुले पनि भक्तवीर माथ हैन पूरै गाउँलेहरू शिक्षा र राजनैतिक चेतनाको सन्दर्भमा शून्य छन्। तै पनि कोचपै गाउँमा जीवन चलेकै छ। एउटाले भुँडी बोकाएकी आइमाई अर्काले स्याहार्दै छ, जातपातको विभेद पनि कायमै छ। भिन्नभिन्न चरित्रहरू पाठकहरू सामु आए पनि अति प्रष्ट भएको चरित्र भक्तवीर कै हो, तर उसमा पनि चेतना र गन्तव्यको चेत छैन। ऊ पनि औपन्यासिक चरित्रका दृष्टिले व्याख्या गर्दा समुद्रको एक थोपा पानीमात्र भएको छ। तर ऊबाट केही हुन्छ कि भन्ने आशा पाठकहरूले उपन्यासको अन्त्यसम्म कायमै राख्छन्।

कथोपकथन

कहिलेकाहीँ पात्रलाई अझ परिचित गराउन वा कुनै घटनाक्रमलाई पार्न कथोपकथनको सहारा लिनै पर्दछ। यसले एकनासको नीरास बयानबाजीलाई पनि तोड्ने काम गर्छ भने उपन्यासमा केही सहज र नवीन स्थितिको निर्माणमा सहयोग पुऱ्याउँदछ। 'खैरिनीघाट' मा पात्र र परिवेश अनुरूपकै कथोपकथनलाई उपन्यासकारले प्रयोग गरेका छन् ,जुन सुहाउँदो पनि बनेका छन्

भाषा/शैली

आफ्ना आधारभूत कृतिहरूमा शैलीगत दृष्टिले शङ्कर कोइराला सरल र सहज देखापरेका छन्। आफ्ना अन्य कृतिहरूमा झैं शङ्कर कोइराला 'खैरिनीघाट' मा पनि न त महाकवि लक्ष्मीप्रसाद देवकोटा झैं छद्दछविएका छन् न त बालकृष्ण समले झैं आफ्नो लेखनीलाई पालिस नै लगाएका छन्। आफ्नै व्यक्तित्व र प्रवृत्तिकै भाषा र शैलीका दृष्टिले पनि शङ्कर कोइराला 'खैरिनीघाट' मा दुरूह होइन बरू सरल, सहज र स्वाभाविक छन्।

आर्तनादको स्मृति गर्दै
खाली माँडा रित्याएको
अवसरा चढाएर
कम्मै हात जोरी
निर्यो रून्छ।
झुण्डिरहन्छ,
त्यान्द्रो आशले अलिझएर
पिटिएको, झन्किएर
सहन नसकी
घण्टा रून्छ।

शून्य शान्त चारैतिर
अँध्यारो कालोले ढाकिएर
भित्र पिलिपत बसिरहेको
निरासाहिं आसिएर
बती रून्छ।

झन्किरहेको घनघन, हनहन
बिसाउन बाटो खोजीरहेको
त्यस नीरस क्रन्दन.....
गुन्जिरहन्छ
मन्दिर रून्छ।

जागीर पाउन, ज्यान बचाउने केही प्राप्ती हुन्छ कि भन्ने आशा लिएर राणाको द्वारसामु उनीहरूले हिँड्ने बाटाहरूमा हातजोड्दै उभिएका तत्कालीन निरीह जनताको तस्वीरलाई माथिका कविताशले दुरूस्तै उतारेका छन्। त्यसमा पनि 'मन्दिर रून्छ' वाक्यांशको विशेष अर्थ रहेको बोध हुन्छ। मन्दिर किन रून्छ। अनिष्ट भन्नु नै नेपाली जनताले भोग्नुपरेको राणाहरूको अन्याय, अत्याचार र विषोभिचो हो। जुन कुरा यस कविताले नै तत्कालीन सामाजिक र राजनीतिक अवस्थाले छोएको थियो र कवितालाई कविता लेख्दा राणा शासनमा के हुन्छ भन्ने कुराको पनि राम्रै हेक्का थियो जसले गर्दा उनले शोषक राणा र शोषित जनतालाई मन्दिर, पूजा, पुजारी, आँसु, अर्चना जस्ता प्रतीक र उपमाहरूले ढाकेर भन्नुपर्ने कुरा सीधै नभनेर लक्षणा र व्यञ्जनाले छोएर केही दुरूह पनि बनाएका छन्। अनुसार राणाकालीन शासन व्यवस्थामा एउटा सैद्धान्तिक लागि यस्ता प्रवृत्ति अँगाल्नु आवश्यक र बाध्यता पनि थियो। आफ्ना गद्य रचनाहरूमा झैं नै सरल लेखन प्रवृत्तिका साथ प्रस्तुत हुने शङ्कर कोइराला आफ्ना कविताहरूमा चाहिँ मतिविधि छोपिएर विभिन्न उपमा र प्रतीकहरू मार्फत् अभिव्यक्त भएको देख्दा पाठकहरूलाई आश्चर्य लाग्न पनि सक्छ। यस अर्थमा कविता भावगम्भीर भइकम यथार्थवादी र हृदयलाई छुने मर्मस्पर्शी अति प्रभावोत्पादक पनि बनेको छ।

जे पनि गर्छु

जम्माजम्मी बाह्र हरफे यस कवितामा केवल उनान्चालीसवटा शब्दमात्र छन्। 'मन्दिर रून्छ' को तुलनामा झन् पढ्दा यो कविता कुनै शिल्पी कविको पागल मनस्थितिको उपज त हैन- भन्ने भ्रम पर्न सक्छ पाठकहरूलाई। किनभने 'जे पनि गर्छु' कवितामा कवि भन्छन् -

मलाई शून्यले आकाशमा
तान्छ
खलबलले बगाउन चाहन्छु
म रूखमा चढ्छु
उड्नको निम्ति होइन
मीठा मीठा फलहरू चुस्न।

यहाँ कविले आफूलाई शून्यले आकाशमा तान्ने, खलबलले बगाउने जस्ता अर्थहीनली (?) कुरा गर्दछन्। के यही नै यस कविताको पूर्ण भावभूमि हो त? गुढ अर्थ हो त? तर पछिल्ला हरफहरूमा कवि अति खुलेर भन्छन्;

टाढा टाढासम्म देखुँ
माटोमा मिल्न होइन
भविष्यको प्रभात फुलाउन।

कविको रूपमा शङ्कर कोइराला: मूल्याङ्कनको कसीमा

शङ्कर कोइराला भन्नासाथ पाठकहरूले कि त उनको 'बैरिनीघाट' उपन्यास सम्झिन्छन् कि त नेपाली साहित्यमा सर्वाधिक उपन्यास लेख्ने व्यक्तिको रूपमा सम्झना गर्न गर्दछन् । तर उपन्यासकार, कथाकार, नाटककार र अनुवादकका साथसाथै शङ्कर कोइराला कवि पनि थिए भन्ने कुरा कमै पाठकहरूलाई जानकारी होला । यसो हुनु स्वाभाविक पनि हो । किनभने उनका कविताहरू उनको लेखनको प्रारम्भिक कालतिरमात्र प्रकाशित भएको देखिन्छ । हुन त भावनाका बलव स्रोतलाई लिपिबद्ध गरेर कहिल्यै नथाक्ने अथक साधक शङ्कर कोइरालाका अन्य कविताहरू पनि प्रकाशित छन् कि ? उनका बारेमा भविष्यमा खोजीनिती गर्नेहरूले पत्ती लगाउलान् नै । किनभने आफ्नो जीवनमा पचासवटा कृतिको सिर्जना गरेर जाने व्यक्तिले केवल तीनवटा कवितामात्रै सेखेर चित्त बुझाए होलान् भन्ने ठान्नु उपयुक्त देखिन्न । अन्वेषक शिव रेग्मीका अनुसार 'शारदा' को वर्ष १५ अङ्क १ (२००६,बैशाख), वर्ष १५, अङ्क ७-८ (२००६, कार्तिक-मंसीर) र वर्ष १६ अङ्क १२ (२००८, चैत) मा कवि शङ्कर कोइरालाका तीन थान फुटकर कविताहरू क्रमश : मन्दिर रून्छ, जे पनि गर्छु र लगन शीर्षकमा प्रकाशित भएका छन् ।

पहिलो पटक पढ्दा अर्थ न मर्मका सिफारू कलमको उपज लाग्ने शङ्कर कोइरालका कविता दोहोऱ्याएर पढ्दा यिनमा गूढ भावार्थ लुकेको पाइन्छ । यिनको भावको गहिराइमा नडुबी सर्सती पढ्दा अन्मारे उमेरको उरन्ठ्याउले अभिव्यक्ति हो कि भौ लाग्छन् यी तीनथान कविता । तर यिनमा लुकेको भाव, प्रतीक र भावार्थलाई आत्मसात् गर्ने हो भने यिनले प्रस्तुत गरेको प्रतीक, उपमा, लक्षणा र व्यञ्जनाले यिनलाई गम्भीर भाव लुकेको स्तरीय कविता प्रमाणित गर्दछन् ।

मन्दिर रून्छ

छब्बीस हरफको यस कवितामा जम्मा छैसट्ठीवटा शब्दहरू छन् । मन्दिर र पूजालाई प्रतीक बनाएर सात सालको क्रान्तिको पूर्वसन्ध्यामा लेखिएको यस कवितामा तत्कालीन नेपाली जनताको सजीव चित्रण भएको छ भन्दा फरक नपर्ला । कविताको सुरूवात गर्दै कवि शङ्कर कोइरालाले लेखेका छन् ।

दुई फूल लिएर
दुई आँसु लिएर
देवतासित
बसिमासित
पत्ती, लत्ती, पाउपरी
पूजा लाग्छ ।

यो केवल पूजा, ईश्वर र पुजारीको सम्बन्ध वा आर्तनाद मात्रै पक्कै होइन बरू यो स्थिति त तत्कालीन शासक राणाहरू र निरीह नेपाली जनताले राणाको पाउ नपरी न त जागीर पाउँथे न त बाँच्ने आधार नै । सोही अवस्थालाई देउता, पूजा र पुजारीको उपमा अनि प्रतीकले ढाकेर कविले अभिव्यक्ति दिएका छन् र सोही कविताको पछिल्लो हरफ हेरौं ।

विचार/उद्देश्य

निश्चित उद्देश्यलाई अभिव्यक्त गर्न नै उपन्यासमा कथाको तानाबाना बुनिएको हुन्छ । नेपालको एउटा पिछडिएको ठाउँ र पिछडिएको जाती विशेषलाई देखाउने उपन्यासकारको अभीष्ट निश्चय नै 'बैरिनीघाट' ले पूर्ति गरको छ र यसमा लेखक सफल पनि छन् । तर उपन्यासमा लेखकले आदर्श गफ र उद्देश्यका हिउँचुली धुपारेका छैनन् बरू उनले कथा, घटना र पात्रहरूलाई पाठकहरूका अगाडि खाडिदिएका छन्, जसको परिवेशबाट रहस्यको चुरो पत्ता लगाउने जिम्मेवारी पाठक र समीक्षकमै हो भन्दा फरक नपर्ला ।

उपसंहार

निश्चय नै लेखले 'बैरिनीघाट' का पात्रहरूलाई सजीव तुल्याउन उचित वातावरण दिएका छन्, सुहाउँदो बोली र भेषभुषा पनि दिएका छन् । आञ्चलिकताको दृष्टिले 'बैरिनीघाट' उम्दाकोटीको छ । तैपनि उद्देश्य र पात्रहरूको चारित्रिक विशेषताको दृष्टिले उपन्यासलाई जति विशिष्ट, प्रभावोत्पादक र सम्प्रेषणीय बनाउन सकिन्थ्यो, त्यो प्रयास अलि अपुग भएझैं लाग्छ । चेतना र आदर्शको दृष्टिले 'बैरिनीघाट' शून्य भए तापनि वातावरणीय विशेषता र मानवीय सम्वेदनाको सन्दर्भमा यो मर्मस्पर्शीभने पक्कै छ । भाषा र शैलीको आडम्बर बिनै प्रस्तुति गरिएको सरल, सहज र स्वाभाविक शैलीले नै 'बैरिनीघाट' लाई नेपाली साहित्यमा जीवन्त बनाएको छभने 'बैरिनीघाट' शङ्कर कोइरालाको पर्याय पनि बनेको छ । यही नै शङ्कर कोइरालाको आजीवन साहित्य साधनाको प्रतिफल हो भन्दा धेरै प्रशंसा गरेको र बढी भनेको नठहरिएला ।

"भुस्याहा" माथि एक दृष्टि

बीसौं शताब्दीबाट एकाइसौं शताब्दीतिर लम्किरहेका मानिसहरूको माझमा सम्पत्ति र भोगविलासका साधनहीन व्यक्ति धनाढ्यहरूको अघाघामाथै नभएर समाजको निम्ति ऊ मातालीन हुन्छ, देशको लागि ऊ अस्तित्वहीन हुन्छ भने घरका लागि ऊ स्वय 'भुस्याहा' हुन्छ । समरमा 'ऊ' एउटा व्यक्ति स्यास्नीको आँखामा सपाईबाट 'लिली' मा जाई, छोराछोरीको निम्ति 'ऊ' व्यर्थ बन्छ ।

मान्छे मान्छेबाट नै टाढिँदै गइरहको परि स्थितिमा जागीरहीन, पैसाहीन, व्यक्तित्वहीन मान्छे बाबु, लाग्ने वा नागरिकको हैसियतले पनि उसको कुनै मानमर्यादा हुँदैन, अस्तित्वको मान्य हुँदैन । यहाँसम्म कि जीवनदेखि मृत्यसम्म उसको अस्तित्वको प्रतीक 'भुस्याहा' ले पछ्याइरहन्छ । जन्दगीभरि उसलाई कसैले विश्वास गरेनन् भने मृत्यु पनि उसको त्यत्तिकै अपस्यारिसो हुन्छ ।

उपन्यासकार कोइरालाले आफ्नो उपन्यास 'भुस्याहा'का प्रतीक पात्र अविजीतको माध्यमबाट आजको समाजमा व्याप्त भ्रष्टाचार, बिसङ्गति, अत्याचार र बहुरूपी व्यक्तित्वको भलकसँगै एउटा व्यक्तिको सहारामा आजको आडम्बरी समाज र पाखण्डी व्यक्तित्वहरूको रूपमा पस्यारिसो पारामा यथार्थ चित्रण गरेका छन् ।

उपन्यासमा कुनै रहस्य, रोमान्स वा कौतुहल पाइन्न हाँस्य र व्यङ्ग्यको झिल्को पाइए तापनि । तैपनि उपन्यास साधारणतया रोचक छ किनकि 'भुस्याहा' को प्रतीक अविजीतको दिनचर्या नै यस्तै छ । 'कुकुरको काम पनि छैन, बस्ने फुर्सद पनि छैन' भनेझैं भुस्याहाको निरर्थक हिँडाइबाट उपन्यासमा शान्ति र क्रान्ति, भोको पेट र अघाएको पेट, बहुरूपीहरूको बहुरूप र स्वरूप, तटस्थता र विद्रोह, अत्याचार र भ्रष्टाचारसँग हाम्री जस्काभेट हुन्छ । अनिकालमा चिउ जोगाउन असमर्थ किसानभै हुलमुलमा जिउ जोगाउन नसकेको स्थायी समाजको महासाहीन व्यक्ति अविजीतको मृत्यु पनि दुरुस्त 'भुस्याहा' कै पारामा हुन्छ ।

शङ्कर कोइरालाको भाषा र शैली सरल छ । तर यो पुस्तक पढ्दैजाँदा लेखिका पारिजातको

उपन्यास 'महत्ताहीन' को भने बारम्बार सम्झना भइरहन्छ। सके यो नै उपन्यासकार शङ्कर कोइरालाको लेखन कलाको वैशिष्ट्य हुन सक्छ। उपन्यास शङ्कर कोइरालाको सम्पूर्ण कृति पूरै उपन्यासलाई मात्रै नभएर उपन्यासको कथा र प्रमुख पात्रको व्यक्तित्व, जीवन र मृत्युलाई समेत एउटै शब्द 'मुस्याहा' द्वारा प्रतिनिधित्व गराउन सक्नु रहेको छ।

"पिशाच डाक्टर" को शल्यक्रिया

नेपाली साहित्यको गद्यविधामा पनि विशेषत: उपन्यासकारका रूपमा परिचित शङ्कर कोइरालाले नेपाली साहित्यलाई कथासङ्ग्रह चारवटा, उपन्यास एकचालीसवटा र नाट्यकृति तीनवटा छाडेर गएका छन्। 'सैरिनीघाट' आञ्चलिक उपन्यासका लेखकका रूपमा बहुचर्चित उपन्यासकार शङ्कर कोइरालाका मुस्याहा, म पिउन अखबारको जस्ता कृतिहरू पनि पाठकीय दृष्टिले र पठनीय दृष्टिले पनि कम मूल्य र महत्वका होइनन्। तर उपन्यासकार कोइरालाको 'सैरिनीघाट' उपन्यासबाहेक अन्य कृतिहरूको आज पर्यन्त साङ्गोपाङ्ग मूल्याङ्कन हुन सकेको छैन।

वि.सं. २००३ सालमा 'शारदा' पत्रिकामा 'बूढो' शीर्षकको कथा छपाएर नेपाली साहित्यमा प्रवेश गरेका कोइरालाका रचनाहरू विशेषत: कथाहरू उद्योग, प्रगति, धरती, रूपरेखा, रत्नश्री, मधुपर्क, गरिमा, गोरखापत्र आदिमा यथेष्ट छापिएका छन्। तिनै उपन्यासकार कोइरालाले आफ्नो नामबाटैका उपनामले पनि रचनाहरूको सिर्जना गर्थे भन्ने कुरा साहित्यका कमै पाठकहरूलाई जानकारी होला। 'माधाबाटे काम्छे' उपनामले कथा एवं उपन्यास लेख्ने कोइरालाले सोही उपनामबाट सिर्जना गरेको औपन्यासिक कृतिको नाम हो पिशाच डाक्टर। उपन्यासको आवरणमा उपन्यासको शीर्षक 'पिशाच डाक्टर' लेखिएको भए पनि भित्री पृष्ठहरूमा उपन्यासको शीर्षक 'पिशाच डाक्टर' या रहस्यमय क्लिनिक' भनेर उल्लेख गरिएको छ। यसरी आवरणमा अधुरो र भित्री पृष्ठहरूमा सामो शीर्षक दिइनुको कारण कृतिमा जहाँ जहाँ उल्लेख गरिएको पाइन्न। त्यसका साथै नवीन प्रकाशन, वाराणसीद्वारा प्रकाशन गरिएको यी पुस्तकमा प्रकाशनको तिथिमिति कतै उल्लेख गरिएको छैन। कथावस्तुका दृष्टिले औपन्यासिक साहित्यमा केही नौलोपन दिने प्रयत्न भए तापनि त्यो विश्वसनीय, पठनीय वा यथार्थपरक भनेर प्रस्तुत हुन सकेको छैन। कथानकको प्रस्तुतिले प्रकाशन कोविदको शैली र सस्ता हिन्दी उपन्यासमा पाइने गौन र समागमको विषयगत एवं भाषागत घेरालाई अँगालेको पाइन्छ। उपन्यासको मुख्य पात्र दिनेश आफू जवान पछो भएर पनि घरमा बैसले हुरहुर सन्निरहेकी अँगालोभरिकी बैसालु स्वास्नीलाई छाडेर एउटा कृत्रिम भगभङ्गिमा आफ्नो उत्तेजना फालछ र डाक्टर किशोरबाट सय -डेढसय रकम बुझेर यौवनको तिर्खालाई सही ठाउँमा पोखेको भतिभ्रम पालछ। उता उसकी श्रीमती लतिकामा स्वाभाविक यौनउत्तेजनाका भाव ताउरमाउर गरिरहेका हुन्छन्। लोग्नेसँगको सहवासबाट मैचाको जस्तै, मजुरीको जस्तै एउटा धुतुमुने छोरो जन्माएर काखभरि खेलाउने लतिकाको रहर छ। तर नारीसुलभ लज्जालाई त्यागेर कृत्रिम भगमा रमाउने लोग्नेलाई ऊ बसैले अँगालोमा बेरेर विछुयौनासम्म त्याउन सकिन।

त्यसैले नाङ्गिएर र छिल्लिएर मजुरी र मैचाले गरेका रतिराग र समागमका आवरणहीन संवादहरूबाट पाहरै -नपाहरै ऊ तृप्त हुन खोज्दै अझ बढी छटपटिन्छे। यही रतिगत र सम्भोगलम्पटहरूकै कहानी उपन्यासको प्रत्येक अधिल्लो मोडमा देखापर्छ। चाहे त्यो सविता होस् वा मैचाको पोइको प्रशङ्ग नै किन नहोस्। यसरी रागप्रधान रहेको उपन्यास पिचाश डाक्टरले सम्भोगको समाधि तोडन र छेड्न चाहेको पनि छैन र सकेको पनि छैन।

त्यसैगरी 'सेती' नाटकको भाषा र शैली हेर्दा 'सैरिनीघाट' उपन्यास र 'प्रेम र सपना' कथा लेख्ने पिनै शङ्कर कोइराला हुन् त (?) भनेर प्रश्न गर्न मन लाग्छ। किनभने 'सेती' नाटकको सम्वाद प्रकृयामा प्रयोग गरिएको भाषा र शैलीले उपन्यासकार शङ्कर कोइराला र कथाकार शङ्कर कोइरालाको क्षमता र प्रसिद्धिलाई अलिकति पनि आफ्नो पिठ्युँमा बोक्न सकेको छैन।

आफ्ना अग्रज एवं समकालीन लेखकहरूले प्रयोग गरेको भाषा, शैली, उद्देश्य एवं विचारबाट बिल्कुल निःस्पृह रहेर लेखिएका भै लाग्दछन् शङ्कर कोइरालाका यी नाटकहरू। नाटकमा हुनैपर्ने नाटकीय तत्वहरूको अभावमा लेखिएका यी नाटकहरूमा मुख्यत: कलात्मकताको अभाव झन् टड्कारो रूपमा खटकिन्छ। सामाजिक यथार्थवादी शैलीलाई अङ्गीकार गर्ने नाटककार शङ्कर कोइरालाले 'पिठ्युँको भारी' मा पनि यही शैलीलाई पछ्याएका छन् भने 'सेती' मा चाहिं स्वच्छन्दतावादी चेतना औ प्रवृत्ति अँगालेका छन्। लेखकको लेखनशैली औ वैचारिकताको सन्दर्भमा लेखनप्रवृत्तिगत सन्दर्भमा कुराको ढलानगर्दा शङ्कर कोइरालागत प्रवृत्तिलाई विश्लेषणवादी भन्नेहरूको जमात पनि नभएको चाहिं होइन। यसै सन्दर्भमा शङ्कर कोइरालाका नाटकहरूको प्रशंसा गर्दै समीक्षक डा.हिमांशु थापा लेख्छन् – 'सेती' को संवाद विन्यासमा गद्य र पद्यको सम्मिश्रण छ। पद्य संवाद अति भावात्मक र कथात्मक भएका छन्। अनुप्रासको अत्यधिक प्रयोग तथा काव्यिक र गीति भावनाको प्रचुर प्रयोग तथा काव्यिक र गीति योजनासँगै गद्यी संवाद विन्यासमा स्वच्छन्दतावादी संचेतनाको सक्रीय भूमिका रहेको पाइन्छ। विशेषत: सुरेशको संवाद बौद्धिक र काव्यिकरूपमा प्रयुक्त भएकी छ। उनमा काव्य चेतना प्रतिभूत रहेकाले पनि उनका संवाद प्रयोग भावप्रवण भएका छन्। ग्रामीण परिवेशमा भने विशुद्ध गद्य संवाद पाइन्छ। गद्य संवादमा सक्रियता र स्वाभाविकता पाइन्छ। त्यतिमात्र होइन ग्रामीण परिवेशमा प्रयुक्त संवादमा गद्यात्मकता, काव्यात्मकता र यथार्थता पाइन्छ। पछि यही यथार्थिक चेतनाले 'पिठ्युँको भारी' मा विकसित र परिष्कृत रूप प्राप्त गरेको छ।' । दायित्व, पृ. ४१,२०५८) नाटककार शङ्कर कोइरालाको सन्दर्भमा उनको नाटक 'सेती' का बारेमा डा.हिमांशु थापा मुक्तकण्ठले प्रशंसा गर्दै यसो भन्छन् भने 'पिठ्युँको भारी' को सन्दर्भमा समीक्षक डा.केशवप्रसाद उपाध्याय यसो भन्छन् –"नाटककार जीवनसंग असन्तुष्ट छन् र त्यसप्रति व्यङ्ग्यात्मक हाँसो हाँस्न चाहन्छन्। उनको यो प्रवृत्ति विसङ्गतिवादको अनुरूप देखिन्छ। यो नाटक जुन बिन्दुबाट आरम्भ भएको छ, त्यसै बिन्दुमा समाप्त भएको छ। यसमा जुन समस्या प्रस्तुत छ, त्यसको समाधानको बाटो देखाइए पनि त्यसलाई अस्वीकार गरिएको छ र यथास्थिति प्रस्तुत गरिएको छ।" (दायित्व, पृ. ४१, २०५८)

शङ्कर कोइरालाले नेपाली साहित्यलाई तीनवटा नाट्यकृति दिए तापनि शङ्कर कोइरालाको चर्चा न त पहलमान सिंह स्वारको 'अटलबहादुर' को सन्दर्भमा, न त बालकृष्ण समको 'मुटुको व्यथा' को सन्दर्भमा, न त गोपालप्रसाद रिमालको 'मसान' को सन्दर्भमा, न त गोविन्दबहादुर मल्ल गोठालेको 'भुसको आगो' को सन्दर्भमा, न त विजय मल्लको कोही 'किन बर्बाद होस्' को सन्दर्भ जसरी नै हुन सक्छ। किनभने शङ्कर कोइरालाले नेपाली नाट्यसाहित्यलाई केही योगदान दिए तापनि यी कृतिले भाषा, शैली, विषयवस्तु वा प्रस्तुति कुनै पनि दृष्टिले आफ्नो वेग्लै परिचय बोल्न असमर्थ छन्। तर जे जस्तो नाट्यकृति लेखे पनि, गुणात्मक नभई संख्यात्मक रूपले मात्रै योगदान दिए पनि आफ्ना नाटकहरू मार्फत् शङ्कर कोइरालाले गरेको नेपाली साहित्य सेवालाई भने कम आँक्न वा न्यून मूल्याङ्कन गर्न मिल्दैन।

भीमसेनको अन्त्य, अन्धयुग आदि नाटकहरू देखा परे। विलियम सेक्सपियरको पाश्चात्य शैलीलाई आफ्ना नाटकहरूमा अनुकरण गरेर नेपाली जनजीवनको भिन्नोलाई प्रस्तुत गर्ने बालकृष्ण समले वि.सं. १९८९ देखि २००२ सम्म नेपाली नाट्यसाहित्यमा आफ्नो लेखनीद्वारा जीवन र जगत्को वास्तविकताको धेरै नजिक रहेर र नाट्य सिद्धान्तको पालनामा केही हदसम्म सचेत हुँदै नाटक लेखे पहलमान सिंह २००३ मा गोपालप्रसाद रिमाल नारीको अस्मिता, परिचय र भूमिका खोजै मसान मार्फत् क्रान्तिकारी विचार लिएर अगाडि आए। बालकृष्ण समको प्राञ्जल र जलप मागेको कृत्रिम भाषा शैलीको तुलनामा गोपालप्रसाद रिमालको भाषा सरल र सहज र बोधगम्य भएको र विचारका दृष्टिले पनि धेरैको विचार सामयिक एवं केही क्रान्तिउन्मुख भएकोले बालकृष्ण समका सम्पूर्ण नाटकहरूको तुलनामा गोपालप्रसाद रिमालको एउटै नाटक 'मसान' पर्याप्त छ भन्दा अन्यथा नहोला। तैपनि नाटककार रिमालको 'मसान' नाटकलाई समीक्षकहरूले हेनरी इब्सेनको नाटक 'अ डल्स हाउस' को छायाचित्र भन्न छाडेका छैनन्।

गोपालप्रसाद रिमालपछि नेपाली नाट्यसाहित्यमा प्रभावशाली नाटककारका रूपमा दुई दाजुभाइ गोविन्दबहादुर मल्ल गोठाले 'भूसको आगो' मार्फत् र विजय मल्ल 'केही किन बर्बाद होस्' मार्फत् देखा परे। सामाजिक विषयवस्तु र परिवर्तनोन्मुख यथार्थवादमाथि नेपाली नाटककारले कलम चलाइरहेको परिप्रेक्ष्यमा यी दुई दाजुभाइले नेपाली नाट्यसाहित्यमा व्यक्तिको मनोविज्ञान र मनोविश्लेषणलाई चिरकार गर्ने प्रकृतिलाई भित्र्याए। यस पश्चात् हृदयचन्द्र सिंह प्रधानका प्रगतीवादी चेतोन्मुख नाटकहरू देखा परे भने बीच बीचमा फाइफुट अन्य नाटककारहरू पनि देखा परे। जसमा फणीन्द्रराज खेताला पनि एक हुन्। त्यसपछि व्यावसायिक रूपले पनि केही नाटक लेखिए भने केहीचाहिँ सामाजिक परिवर्तनको शङ्खनाद गर्नका निम्ति पनि लेखिए। अनि देउराली रुन्छ, हामी वसन्त खोजिरहेछौं जस्ता नाटकहरूबाट मनबहादुर मुखिया, अरोप मल्लजस्ता नाटककारहरू अगाडि आए भने विज्ञान र प्रयोगलाई नाटकमा मिसमास गर्न रूचाउने नाटककार सरूभक्त एवं डा. ध्रुवचन्द्र गौतम पनि नाट्यलेखनमा अगाडि बढेको पाइन्छ। विज्ञापन, मालती मङ्गलै, बन्दिनुस् न त जस्ता नाटकहरूले सामाजिक एवं राजनैतिक विकृतिहरूमाथि व्यङ्ग्य गर्दै निश्चय नै नेपाली नाटकप्रति पाठकहरूको होइन दर्शकहरूको ध्यान तान्न सफल भएका छन्।

यसै परिप्रेक्ष्यमा हामीले नाटककार शङ्कर कोइरालाका नाटकहरूलाई अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नुपर्ने हुन्छ। नाट्यसाहित्यमा शङ्कर कोइरालाले आफ्नो जीवनकालमा जम्माजम्मी तीनवटा नाट्यकृति लेखेको पाइन्छ। यथा–सेती। वि.सं.२०२६), पिठ्यूँको भारी (वि.सं.२०४४) र 'सान्कान्छा'। 'सान्कान्छा' नाटक चाहिँ कुनै पत्रिकामा धारावाहिक छापिएको भन्नेसम्म जानकारीमा आएको छ तर कुन पत्रिकामा कहिले छापिएको भनेर यकिन गर्नका लागि सो पत्रिका उपलब्ध नहुनाले यसो हो भन्न कठिनाई भएको छ। एकङ्की मात्रै भन्दा पनि अनुपयुक्त हुँदैन, जबकि स्वयं नाटककारले यसलाई 'लघुनाटक' को संज्ञा दिएका छन्।

यी दुई नाटकमा सामाजिक, पारिवारिक र मायाप्रेमको विषयवस्तुलाई नै रोजिएको छ। 'पिठ्यूँको भारी' नाटक पढ्दा शङ्कर कोइरालाकै कुनै कथा वा उपन्यास पढिरहेको भान हुन्छ। किनभने उनका रचनाहरूको स्थायीभाव 'आर्थिक अभाव' यस नाटकमा पनि पाइन्छ। तर यस नाटकमा प्रयुक्त केही नाटकीय क्षणबाहेक विषयवस्तु, प्रस्तुति, चरित्र चित्रण र नाटकीय उद्देश्यका दृष्टिले यो अभिकृति पनि प्रभावोत्पादक बन्न सकेको छैन। बरू नाटकमा सफला र रामकर बीचमा भएको संवादले रिझलताका थैरा नाघ्न खोजेको हो कि भन्ने भान हुन्छ।

तर ढुकुलपठक र पुरुष वेश्या भन्न सुहाउने दिनेश समागमका लागि आफ्नी श्रीमतीलाई तङ्पाएर आफ्नो पुरुषत्व शरीरका भोका आइमाईहरूलाई बेचेर त्यसैमा शारीरिक सन्तुष्टि अनुभवगर्दै चार पैसा स्वास्नीको हातमा फालेर आफू मीठो निद्रा सुत्छ। किनभने उसले जीवनमा जानेको नै यत्ति हो, उसको सोच नै यत्ति हो। निइको उत्तेजना, विर्यपतन र गोद्धाचारिक रूपैयाँका लागि आफू बेचिनु अर्थात् पुरुष वेश्या बन्नु भन्दा उसको अर्को सन्सार छैन। यी सबै काममा उसलाई डोऱ्याउने वा निष्णात बनाउने व्यक्ति हुन्–डाक्टर किशोर। तर यिनले दिनेश र दिनेशजस्ता अरू युवाहरूलाई आफ्नो विचार लाद्न यस प्रयोग गरेको प्रसङ्गबाहिँ उपन्यासमा कतै उल्लेख छैन। जे जस्ता यौनजन्य घटनाहरू उपन्यासमा घटेका छन् ती आ-आफ्नो स्वीकृति अनुसार नै घटेका छन्। तै पनि किन डाक्टर किशोरलाई पिशाचको उपाधि दिएर उपन्यासको शीर्षक नै पिशाच डाक्टर राखियो भन्न अभिकृति पनि तर्कसङ्गत देखिन्न। यसरी घटनाक्रममा वा कथानकमा कुनै मोडो वा अप्रत्याशित मोड आयो कि भनेर पाठकले सोचिरहेकै बेलामा डाक्टर किशोरको मृत्यु हुन्छ र उपन्यास सकिन्छ।

यसरी उपन्यासले के भन्न खोजेको हो प्रष्ट हुन्छ। उपन्यास मार्फत् उपन्यासकार शङ्कर कोइरालाले के सन्देश दिन खोजेका हुन् त्यो पनि स्पष्ट हुन्न। जासुसी उपन्यासको झल्को दिने कुनै विशिष्टता विहीन उपन्यास पिशाच डाक्टर कथानकका दृष्टिले भन्नुपर्दा यससे शङ्कर कोइरालाको लेखकीय प्रतिद्धीलाई आफ्नो काँधमा बोक्न सकेको छैन। यस दृष्टिले चर्चित उपन्यास 'खैरिनीघाट' का लेखक शङ्कर कोइरालाको यस्तो स्तरहीन उपन्यास प्रकाशनमा ल्याएको भए शङ्कर कोइरालाले 'खैरिनीघाट' मार्फत् आर्जन गरेको ख्याति र सफलतामा कुनै प्रतिकूल असर पर्ने थिएन।

यस दृष्टिले पिशाच डाक्टरलाई साहित्यिक कृतिको लहरमा राख्न पनि त्यति सजिलो छैन। उपन्यासले अत्यन्नै भिन्नो कथावस्तु बोकेको छ। अत्यन्त सामान्य घटनाक्रमहरूबाट उपन्यास अगाडि बढ्छ। चारित्रिक दृष्टिले पनि सम्भिन्न नायकका पात्रहरू उपन्यासमा देखा पर्दैनन्। उपन्यासका पात्रहरू आफ्नो विवेकले भन्दा पनि उपन्यासकारको कलमको कठपुतलीको रूपमा सञ्चालित भएजस्तै लाग्छन्। उपन्यासको अन्त्य पनि झस्कन्छन वा अप्रत्यासित खालको छैन र यसले पाठकहरूको मनमस्तिष्कमा कुनै सकारात्मक वा दीर्घकालीन प्रभाव पनि पार्दैन। समग्रमा भन्नुपर्दा खैर-कल्पनाको प्राधान्यहरूको उपन्यास 'पिशाच डाक्टर' यथार्थबाट टाढा अभिकति रूमानी आवश्यकता भन्दा अलि बढी नै रतिरागजन्य सम्भोगमय भाव बोकेको र भाषा, शैली, र प्रस्तुतिका दृष्टिले अत्यन्त सामान्य र कितलो स्वैरकाल्पनिक जासुसी उपन्यास होभन्दा बेठीक नहोला। त्यसैले स्तरीयताका दृष्टिले 'पिशाच डाक्टर' उपन्यासकार शङ्कर कोइरालाको उपन्यास 'खैरिनीघाट' को छेउछाउ कहीं कतै छैन भनेर ठोकुवा गर्न सकिन्छ।

पहिलो बाल-उपन्यासका स्रष्टा

नेपाली साहित्यमा सर्वाधिक उपन्यास लेखे उपन्यासकारका रूपमा परिचित शङ्कर कोइरालाका बारेमा चर्चा गर्दा समीक्षक होउन् वा सम्मानाकार जसले पनि शङ्कर कोइरालाको सन्दर्भमा उनको उपन्यास 'खैरिनीघाट' कै मात्र चर्चा गरेका छन्। शङ्कर कोइरालाका आधासयभन्दा बढी कृति मिश्र पसेर ती कृतिको गुदी छम्ने भगीरथ प्रयास त आजसम्म कसैले गरेको देखिन्न। त्यसका अतिरिक्त नेपाली साहित्यको पहिलो बाल साहित्यका स्रष्टा भनेर नेपाली साहित्यमा उनको कहीं कतै चर्चा भएको देखिन्न। 'नदी गीत गाउँछ' नै नेपाली साहित्यको पहिलो बाल उपन्यास हो भनेर पनि

कमै साहित्यप्रेमीहरूलाई मात्र थाहा छ 'नदी गीत गाउँछ' ले कहीं कतै महत्व पाएको देखिँदैन। यो अज्ञानता हो कि उपेक्षा हो, यसै हो भनेर भनिहाल्न गाह्रो छ।

हुन त शङ्कर कोइरालाले आफ्नो जीवनकालमा दुईवटा बाल-उपन्यास लेखेको देखिन्छ। जस्तै - एउटा "नदी गीत गाउँछ" (वि.सं. २०२८) र अर्को चाहिँ 'रिसको भागी' (वि.सं. २०४६) हो। 'रिसको भागी' बाल-उपन्यास 'बालक' पत्रिकामा वर्ष २५ अङ्क १ देखि वर्ष २५ अङ्क छ सम्म धारावाहिक रूपमा प्रकाशित भएको देखिन्छ।

कुनै पनि औपन्यासिक कृतिका लागि मूल आधार कथानक, चरित्र, कथोपकथन, शैली, विचारतत्व वा उद्देश्य हुन्छन्। यस दृष्टिले मनन गर्दा 'नदी गीत गाउँछ' लाई पनि असि गहिरिएर हेरौं –

कथानक– उपन्यासमा कथावस्तु प्रमुख तत्व हो र यसले हाड्नशास्त्रीय शरीरमा मासु भर्ने काम गर्दछ। कथानक सामाजिक, ऐतिहासिक, पौराणिक, मनोवैज्ञानिक आदि जे पनि हुनसक्छ। यस दृष्टिमा मूल्याङ्कन गर्दा 'नदी गीत गाउँछ' मूलतः सामाजिक बाल-उपन्यास हो जब कि उपन्यासकार शङ्कर कोइरालाले यसलाई विज्ञानमा आधारित उपन्यास भनेका छन्। यस उपन्यासमा उच्च ओहदाका कर्मचारी ललितबहादुर नै केन्द्रीय पात्रको मुख्य पात्रकै रूपमा सँगसँगै उनकी दश वर्षीय छोरी पनि मुख्य पात्रकै रूपमा देखा परेकी छन्। कथाको गति अनुसार नै यस उपन्यासमा सीमाकी आमा विजया, माग्ने केटाकेटीहरू–नौथुँ, गहुरे, पम्फा चङ्खे आदि देखा पर्दछन् भने प्रकाश, बीना आदि पनि कथानकमा मुख्य पात्रकै वरिपरि देखा पर्दछन्।

धनी परिवारका केटाकेटीहरूले माग्ने केटाकेटीहरूप्रति सहानुभूति राख्नु, दया गर्नु, छोरो नभएपछि धनाढ्य व्यक्ति पनि छोराका लागि तरुनी केटीप्रति आकर्षित हुनुजस्ता घटनाले उपन्यासको कथालाई अगाडि बढाएको छ। कथामा एकतिर मौनको हल्का आँध पनि देखाइएको छ भने अर्कोतर्फ प्रकाश मार्फत् सामाजिक आदर्शको नमूना पनि प्रस्तुत गरिएको छ। विशेषतः कथामा हुनेखाने, हुँदा खाने र पाएको बेलामा खाने पात्रहरूलाई उपन्यासको रङ्गमञ्चमा अभिनय गर्न लगाइएको छ। 'नदी गीत गाउँछ' उपन्यासभरि ललितबहादुरलाई अप्रत्यासित रूपमा बरूनीले बचाएको र यो सुखद संयोग ललितबहादुरलाई नदीले गीत गाएझैं लागेको अनुभूतिसँगै उपन्यास टुङ्गिन्छ।

चरित्र चित्रण

धनी, गरीब र माग्नेका चरित्रहरूलाई यस बाल-उपन्यासमा ललितबहादुर, सीमा, रामबहादुर, धनबहादुर, गहुरे, नौथुँ, चङ्खे, पम्फा आदिले प्रतिनिधित्व गरेका छन्। चरित्रको सशक्त चित्रणद्वारा नै लेखकले चरित्रलाई बढी प्रभावोत्पादक, विश्वासनीय र सबल बनाउँदछ। तर यस उपन्यासका चरित्रहरू स्वाभाविक र पत्यारिला भए तापनि तिनको विकासक्रम सोही अनुरूप हुन सकेको छैन। भिन्न प्रवृत्तिका चरित्रद्वारा उपन्यासकारले भिन्न भिन्न वर्गको प्रतिनिधित्व गराउने सरल प्रयास गरेका छन्।

कथोपकथन

कथा वा उपन्यासमा कथोपकथन अर्थात् संवाद नभईनहुने वस्तु नभए तापनि कथा वा उपन्यासमा यसको आवश्यकता टङ्कारो रूपमा अनुभूत गर्न सकिन्छ। त्यसैले 'नदी गीत गाउँछ' मा रहेको संवाद पनि सहज र सरल छन्। स्वाभाविक पनि लाग्दछन्। चरित्रको स्तर अनुरूपको संवाद शैली प्रयोग गरिएकाले पनि ती वास्तविक जीवनजस्तै लाग्दछन्।

७. नाटक खण्ड

नेपाली नाट्यसाहित्यको सन्दर्भमा शङ्कर कोइरालाका नाट्यकृतिहरू

विश्वमै नाट्यसाहित्य ज्यादै नै पुरानो विधा हो। नेपालमा यसको सुरुवात कहिले र कोबाट भयो भनेर भनिहाल्नु भन्दा पनि यो विधा सिच्छबीकालमै सुरु भइसकेको अनुमान गर्न सकिन्छ भने मल्ल कालमा आएर यो विधाले निकै भव्यरूपिने मौका पायो। तर खेरी हदसम्म नाटकको परिभाषा सुहाउँदो एवं नाटक विधाको ढाँचालाई आत्मसात गरेको नाट्यकृतिको रचना प. शक्तिवल्लभ अर्यालबाट भयो। वि.सं. १८४४ मा उनीद्वारा लेखिएको 'हास्यकदम्ब' लाई नै नेपाली नाटक साहित्यको पहिलो कृति मान्नुपर्ने हुन्छ। वि.सं. १८९० मा भवानी दत्त पाण्डेले विशाखादत्तको 'मुद्राराक्षस' नाटकलाई नेपालीमा अनुवाद गरे असको स्वरूप हेर्दा नाटकको परिभाषाको दृष्टिकोणले यो 'हास्यकदम्ब' को परिमार्जित रूपजस्तो मात्र थियो।

यस पश्चात् नेपाली साहित्यमा गजलका प्रवर्तक मोतीराम भट्टले 'कालीदास'को संस्कृत नाटक 'अभिज्ञान शाकुन्तल' को नेपाली अनुवाद गरे। जुद्ध देव शम्शेरको दरबारमा प्रदर्शन समेत गरियो। वि.सं. १९६० मा मेदिनीप्रसादको 'ज्ञानभङ्गतरङ्गिणी' देखापऱ्यो भने नेपाली नाटकलाई केही नयाँ मोड दिने प्रयत्न भयो पहमानसिंह स्वाँरको नाटक 'अटलबहादुर' (वि.सं. १९६३) बाट। हुन त समीक्षकहरूले यस नाटकलाई पश्चिमेली नाटककार विलियम सेक्सपियरको नाटक 'हयामलेट' बाट पूर्णरूपमा प्रभावित भएको भनेका होइनन् तैपनि नेपाली नाट्यसाहित्यको विकासक्रममा यसको पनि आफ्नै विशेषता र विशेष महत्व दुवै छन्। मोतीराम भट्टजस्तै अर्को गजल व्यक्तित्व शम्भुप्रसाद ढुङ्गेलले पनि नेपाली नाट्यसाहित्यको विकासमा विशेष योगदान दिएका छन्। मोतीराम भट्टको तुलनामा नाट्य संरचनाका दृष्टिले यिनका रचना अलि बढी उम्दा खालका छन्। यस पश्चात् नेपाली नाट्य साहित्यलाई मसजल गर्नेहरूमा कविशिरोमणि लेखनाथ पौड्याल वि.सं. १९७४ मा 'भर्तृहरि' लिएर देखापर्ने भने वि.सं. १९८३ मा कैशर शम्शेरको 'विक्रमोर्वशीय' १९८५ मा रामप्रसाद सत्यालको 'फूलमा भँमरा अर्थात् भक्त प्रह्लाद' प्रकाशित भयो। यसै सँगसँगै नेपाली नाट्यसाहित्यमै हलचल ल्याउने कृति वि.सं. १९८६ मा बालकृष्ण समको 'भुटुको व्याथा' देखापऱ्यो।

नाटककार बालकृष्ण समका लागि यही कृतिले नेपाली नाट्यसाहित्यमा भाषा, शैली र विषयवस्तुका दृष्टिले आधुनिकतासँगसँगै नाट्यलेखनको एउटा युगान्तकारी र नवीन मोड लिएर आयो। यही कृतिको आगमनसँगसँगै नेपाली नाट्यसाहित्यले शृङ्गारिक, जासूसी र अनुवादको सोपानलाई पूर्णतः इतस्ततः गरेर आधुनिकता तर्फ पाइला राख्यो। यही कृतिबाट नेपाली नाट्यसाहित्यको आधुनिककाल पनि प्रारम्भ भयो। कथोपकथन, अतिरञ्जनात्मक, अस्वाभाविक घटना र पात्रहरू रहने थियटर शैली र परम्परालाई परित्याग गर्दै नेपाली साहित्यमा स्वाभाविक, चरित्र चित्रणमा ध्यान दिएकी एवं सामाजिक समस्याका विषय वस्तुलाई ध्यान दिएर धमाधम नाट्यकृतिहरू लेखिन थाल्यो। बालकृष्ण समको 'भुटुको व्याथा' पश्चात् वि.सं. २००२ सम्ममा म. भक्त भानुभक्त, मुकुन्द इन्दिरा, प्रेमपिण्ड,

वैविध्यपूर्ण कथासङ्ग्रहः आगो छ यो दिलभरि

शङ्कर कोइरालाका सोह्रवटा कथाहरू सङ्ग्रहित छन् 'आगो छ यो दिलभरि' मा। १७५ पृष्ठको यस कथासङ्ग्रहमा शङ्कर कोइरालाले भिन्नभिन्न विषयवस्तुलाई आफ्नो छाप मार्फत् अभिव्यक्त गरेका छन्। परस्त्रीगमनकारी स्वीकम्पट व्यक्तिको चरित्रलाई 'पुरानो याद नयाँ घाउ' कथा मार्फत् चित्रण गरेका छन् भने केही संयोगान्त दृश्यहरूको संयोजन गरेर फिल्मी शैलीको कथावस्तु बनाएका छन् 'गार्ड फर्किंदा' मा। 'एउटा तस्वीरको मौन कथा' ले जहानियाँ राणा शासनको भासक देखाउने प्रयत्न गरेको छ भने 'खम्बाको बत्ती' मा यौनको आँच भेटिन्छ। सङ्ग्रहका प्रत्येक कथाहरूले यसरी नै सामाजिक जीवनका रीति, थिति र बेथितिहरूलाई उदाङ्गो पार्ने प्रयत्न गरेका छन्। यी कथाहरूमा पनि शङ्कर कोइरालाका अन्य कथाहरूमा पाइने स्थायीभाव अर्थात् अभावको रङ्गाको र यौनको रमरम नशा छुटेको छैन। शङ्कर कोइरालाका कथाहरू चाख मानेर पढ्ने पाठकहरूका लागि निश्चय नै 'आगो छ यो दिलभरि' का कथाहरू रोचक, धोचक एवम् सुस्वादु छन्। सामाजिक यथार्थवादको परिभाषाले छुने शङ्कर कोइरालाका यी कथाहरूकाबारेमा डा. राजाराम सुवेदी यसो भन्छन्। –" एकपटक 'खैरिनीघाट' उपन्यासले चर्चा सम्म पनि नगरिएका शङ्कर कोइरालाका कृतिमध्ये 'आगो छ यो दिलभरि' पनि हो।" (दायित्व, पृ. ४१, २०५८)।

हत्याराः शान्ति र सिर्जनाका

कथाकार शङ्कर कोइरालाको पहिलो कथा सङ्ग्रह 'हत्याराः शान्ति र सिर्जनाका' मा उनका तीनवटा कथाहरू सङ्ग्रहित छन्। हत्याराः शान्ति र सिर्जनाका र दुई खुट्टा, र ३ प्रजातन्त्रको रिहर्सल। पहिलो दुईवटा कथाहरू २४/२४ पृष्ठका लामा लामा छन् भने पछिल्लो कथाचाहिँ जम्मा आठ पृष्ठको छ। २०४६ सालको जनआन्दोलनबाट नेपाली जनताले धेरै अपेक्षा गरेका थिए। तर जनताका ती अपेक्षा पूरा हुनुको के कुरा, पूरा हुने छाँटसमेत देखिएन। राजनीतिमा, समाजमा, नोकरीमा जतातते बेथिति र भ्रष्टाचारमात्र देखा पऱ्यो। भाषणमा चिप्लाचाप्ला कुरा र व्यवहारमा ठीक विपरीत स्थितिले गर्दा सोझासाझा सर्वसाधारणले शिर उठाएर सन्तोषपूर्वक र स्वाभिमानपूर्वक बाँच पाउने आधार नै भएन। यही भावना, स्थिति र यथार्थलाई अभिव्यक्त गरेका छन् शङ्कर कोइरालाले आफ्ना तीनवटा कथाहरूमा। यी तीनवटै कथाहरूमा कथानकतत्व भन्दा पनि विचार बढी हावी भएकोले गर्दा यी कथा भन्दा पनि बढी विचार प्रधान लेखजस्ता लाग्दछन् ।यी कथाहरूको सन्दर्भमा प्रा. गोपीकृष्ण शर्मा भन्छन् –" कथा पढ्दै जाँदा वस्तु संयोजनको आस्वाद पाइँदैन। कतिपय स्थलमा निबन्ध पढेको भान हुन्छ। आयामको सन्तुलन पाइँदैन। त्यसो हुनाले नै शङ्कर कोइरालाका कथाहरू कालजयी भएका छैनन्।" -(दायित्व,पृ. ४१, २०५८)

'आगो छ यो दिलभरि'–यो सुन्दर वाक्यांश कृतिको शीर्षकमात्रै भए तापनि यो आफैमा भरिपूर्ण र अर्थबोधक छ र छन् शङ्कर कोइरालाका यस कथासङ्ग्रहमा केही हृदयग्राही कथाहरू। अन्य कथाहरू भने शङ्कर कोइरालाका रुटिनबद्ध कथाहरू कै शृङ्खलामात्र हुन्। जहाँ उनले निरन्तर साहित्य साधना गरेका छन्। 'हत्याराः शान्ति र सिर्जनाका' मा सङ्ग्रहित कथाहरू केही पृथक् स्वादमा छन् तर माथि उल्लेख गरेझैं तिनले कथाधर्म उचित ढङ्गले निर्वाह गर्न सकेको छैनन्।

भाषा-शैली

आफ्ना अधिकांश कृतिमा झैं 'नदी गीत गाउँछ' मा पनि उपन्यासकार शङ्कर कोइरालाको भाषा–शैली सहज र सरल नै छ। विशेषतः बौलीचालीकै भाषा प्रयोग गरिएकाले 'नदी गीत गाउँछ' को भाषाशैली पनि पाण्डित्यपूर्ण नभई जनजीवनमै बोलिएका सरल र सहज नै छन्भन्दा अत्युक्ति नहोला।

उद्देश्य वा विचार

कथा, उपन्यास, कविता, नाटक, खण्डकाव्य, महाकाव्य आदि जे लेखे पनि लेख्नुको एउटा निश्चित उद्देश्य हुन्छ। उद्देश्यगत दृष्टिले 'नदी गीत गाउँछ'लाई हेर्दा तत्कालीन समयमा नेपाली समाजमा देखिएको वर्गीय विभेदको सानो तस्वीर प्रस्तुत गर्नु नै लेखकको मुख्य उद्देश्य रहेको हुनुपर्दछ। तर उपन्यासकारले भूमिगतमा दाबी गरेझैं 'नदी गीत गाउँछ' ले बालमनोविज्ञानलाई कुनै घटना वा चरित्र मार्फत् प्रकटीकरण गर्नमात्रै सकेको देखिन्न।

शीर्षकको सार्थकता

'नदी गीत गाउँछ' सम्पूर्ण कथाको सार होइन वरु यो त उपन्यासको अन्त्यमा ललितबहादुरको हेराइको परिणाम अर्थात् एक निमेषको भिन्कोमात्रै हो। त्यसैले शीर्षकले सम्पूर्ण कथानकको सार खिच्न नसके पनि अन्तिम घटनाक्रमलाई परिभाषित गर्ने हुनाले आंशिक रूपमै भए पनि उपन्यासको शीर्षक 'नदी गीत गाउँछ,' सान्दर्भिक नै लाग्दछ।

उपसंहार

वयस्क पाठकहरूका लागि लेखिएको शङ्कर कोइरालाका उपन्यासहरू भन्दा उनको बाल उपन्यास 'नदी गीत गाउँछ' त्यतिविधि पृथक् चाहिँ छैन। तर उपन्यासकी केन्द्रबिन्दुमा बालबालिकालाई उभ्याएर उपन्यासकारले जुन दृश्यको सिर्जना गरेका छन् त्यसले वर्गीय विभेद र तत्कालीन समाजको तस्वीर छर्लङ्गयाउने प्रयत्न भने इमान्दारीपूर्वक गरेका छन्। कथानक, कथोपकथन, भाषा, शैली र विषयगत उद्देश्यका दृष्टिले उपन्यास खासै हलचल मच्याउने प्रकारको पृथक् वा विशिष्ट देखिन्न। सामान्य कथावस्तुमा, सामान्य दिनचर्याको घटनाक्रममा आधि बढेको बाल-उपन्यासको अन्त्य पनि फिल्मीशैलीको संयोगान्त धारामा हुन्छ, जसको आशा वा परिकल्पना हामी वास्तविक जीवनमा गर्दैनौं। विषयको नवीनता, भाषाको मोहनी, शैलीको चमत्कार, उक्तिको चातुर्य र पृथक् उद्देश्य आदि केही नखोजेर सर्सर्ती पढ्दा बालबालिकाहरूको अत्यधिक उपस्थिति रहेको 'नदी गीत गाउँछ' बाल-उपन्यास मार्फत् निश्चित नै उपन्यासकार शङ्कर कोइरालाले नेपाली साहित्यमा पहिलो औपन्यासिक ईंट राख्ने साहसिलो र ऐतिहासिक काम गरेका छन्। निश्चय नै यो प्रशंसनीय कार्य हो। नगेन्द्रराज रेग्मीलाई 'झङ्कार' पत्रिकामा दिएको अन्तर्वार्तामा शङ्कर कोइरालाले भनेका पनि छन्-२०२८ सालमा मेरो 'नदी गीत गाउँछ' भन्ने बाल-उपन्यास प्रकाशित भइसकेको भए पनि मेरो नाम कहिल्यै उच्चारण गरिएको छैन जबकि नेपालकै पहिलो बाल-उपन्यास प्रकाशित गर्ने मै हूँ।" यदि उपन्यासकारको दाबी सही हो भने शङ्कर कोइरालाप्रति निश्चय नै अन्याय भएको छ। तर उपन्यासकारले दाबी गरेझैं 'नदी गीत गाउँछ' साँई मनोविज्ञानमा आधारित नभएर मात्र सामाजिक उपन्यास भन्नु युक्तिसङ्गत हुन्छ कि ?

बाल-उपन्यासकारको दोस्रो बालकृति

वि.सं. २०४६ सालमा सातवटा अङ्कहरूमा धारावाहिक रूपमा प्रकाशित शङ्कर कोइरालाको बाल उपन्यास 'रिसको भागी' उनको पहिलो बाल उपन्यास 'नदी गीत गाउँछ' को तुलनामा धेरै हदसम्म परिस्कृत र परिमार्जित देखिन्छ। कथानकतत्व, भाषा, शैली, चरित्र र उद्देश्यका दृष्टिले निश्चय नै रिसको भागी नदी गीत गाउँछ को तुलनामा एक कदम अगाडि छ।

उपन्यासको मेरुदण्ड कथानक हुने भएकोले रिसको भागीमा पनि काठमाडौं उपत्यकाको दृश्यबालीसहित आँखाले देख्न सकिने वातावरणमा हुँकिएको भिन्नी कथावस्तुमा मुख्य पात्र जनार्दनकै वरिपरि उपन्यास जैलिएको छ। कथानक सानो भए पनि रोचक छ। जनार्दनका मद्धेका भाइलाईनै कथानकले अब जुन मोड लेला भनेर पाठकहरूको ठीक जगाउने क्षमतामाथि नगरेर पाठकहरूलाई मुसुक्क हँसाउछन् पनि। टुहुरो जगन्नाथको तुथुचा र भुतुवाहरूसँग खेल्ने चाहना, उनका रहरहरू, [illegible]मा फिष्टुलाहीको अनुहारमा देखिने पीडा, वासनाँ उनको त्याग, ममता अनि कल्याणप्रसादको लक्षी स्वभाव, सुनदाको अत्याधुनिक विचारधारा र जीवनशैलीले ठूलो क्यानभास अटाएको छ।

बाल-उपन्यासमा हुनैपर्ने केही बालसुलभ दृश्य, स-साना घटना, जसको जीवनमा खासै ठूलो महत्व नभए पनि ती मनलाई छुने वा बिझाउने खालका हुन्छन्। त्यस्तै बाल मस्तिष्कको उकापोहलाई उपन्यासकार शङ्कर कोइरालाले सरल शैलीमै तर सम्प्रेषणीय ढङ्गले अभिव्यक्ति दिने प्रयत्न गरेका छन्। 'नदी गीत गाउँछ' का पात्रहरू सीमा, प्रकाश, आदिको तुलनामा जगन्नाथको चरित्र 'रिसको भागी' मा बढी स्पष्ट भएर आएको छ भने उसको मनोरन्जीलाई उद्घाटन गर्न उपन्यासकारले केही घटना र चिन्तनशैलीलाई अङ्गीकार गरेका छन्। यही शैलीले गर्दा 'रिसको भागी' उपन्यास धेरै हदसम्म साँच्चिकै बाल-उपन्यास हो भनेर निर्धक्क भन्न सकिन्छ। किनभने यसमा कथाको केन्द्रबिन्दु पनि जनार्दन नै हो भने समस्या पनि उही नै हो। त्यसैले जनार्दनको चिन्ता, चहना, खुसी, पीडा सबै स्वाभाविक लाग्दछन्। त्यसमा कृतिम वा बनावटको लेसमात्र पनि गन्ध छैन।

असल र खराबबीचको द्वन्द्वलाई आँखाअगाडि देखेपछि र दैनिक जीवनमा आफैंले भोगिसकेपछि घृणालाई होइन मायालाई पछ्याउँदा प्राप्त हुने खुसीको रेखा जनार्दनको मुहारमा कोरिएपछि उपन्यास सकिन्छ। उपन्यास पढिसक्दा पनि पाठकको प्रीत मरेकै हुन्न। यही नै उपन्यासकार शङ्कर कोइरालाको सफलता हो भन्न कै लाग्छ। पण्डित्यपूर्ण भाषाको जाल नफिँजाई, चिन्तनको खाडल पनि नखनी, हिमाली काँडामा बोक्ने उद्देश्य र आदर्श पनि नछाडी हाम्रै जीवन र समाजका वरिपरि घटेका घटनालाई जस्ताको तस्तै टपक्क टिपेर मनमा चसक्क बिझिरहने गरी उनले जस्तो 'रिसको भागी' बाल उपन्यासमा जनार्दन मार्फत् एउटा टुहुरोको कथा प्रस्तुत गरेका छन्, त्यससे निश्चय नै उनलाई एउटा सफल बाल उपन्यासकारको कोटीमा निःशर्त राख्नेछ छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदन बाहेक मेरा अन्य कृतिहरू जलाइदिए हुन्छ भनेकै मेरो पनि खैरिनीघाट राखेर अरू जलाइदिए हुन्छ।

+ + + +

अहिलेका साहित्यिक पुरस्कारहरू भनेको पुँजीपतिको गोटिजस्ता भएका छन्। लेखकहरूलाई भुस्याहा कुकुरलाई जस्तो रोटी फालेर गुणगान गराउँदै हिँडाउने प्रवृत्ति बढ्न थालेको छ।

+ + + +

म साहित्यकार भन्ने कुरा नै झुटो हो, यो कुरा कसैले भन्छ भने त्यो पनि साहित्यकार होइन, साहित्य भनेको अति तरल पारो हो, यो पक्कन साँच्चि।

-शङ्कर कोइराला

'प्रेम र सपना' लाई कथाकारका तीन उत्कृष्ट कथाहरूमध्ये एक भनेर भन्न सकिन्छ। तर नेपाली साहित्यको चर्का गुटबाजीको चर्को दुर्भाग्य सहनु पर्‍यो कथाकार शङ्कर कोइरालाले। जसले गर्दा उनको यस्तो कालजयी रचना 'प्रेम र सपना' को नेपाली साहित्यमा कहिल्यै सही मूल्याङ्कन हुन सकेन। कथाकार रमेश विकल, परिजात, डा.ध्रुवचन्द्र गौतम, मोहन कोइराला आदिको जस्तै शङ्कर कोइरालाका रचनाहरूको पनि प्रशंसा गरिदिने पनि एउटा छुट्टै समुह नभएकोले नै हुनसक्छ, शङ्कर कोइरालाका यस्ता सुन्दर कृतिको नेपाली साहित्यमा सही मूल्याङ्कन, चर्चा र विश्लेषण कहिल्यै हुन सकेन।

कथाकार शङ्कर कोइरालाको कथा 'प्रेम र सपना' को मूल्याङ्कन गर्दै डा.महादेव अवस्थी लेख्छन्-"उनका यी कथाहरूमा उत्कृष्ट कथाकलाका गुणहरू कमै रूपमा विद्यमान रहे पनि शीर्षकको पुष्टि, कथावस्तु, कुतूहलता र साधारणीकरण, चरित्र चित्रणको प्राय : प्रतिनिधिमूलक, स्थिर, ज्याप्टो एवं द्वन्द्वशील स्वरूप, सामन्ती सामाजिक परिवेशको सघन अङ्कन र मुख्यत : मनुष्यजीवनका वेदनामय उच्छ्वासको प्राय : प्रसारजस्ता गुण विद्यमान छन्। यी सबै कुराका समष्टि परिप्रेक्ष्यमा प्रेम र सपना भित्रका कथाहरूमा कथाकार शङ्कर कोइरालाको मध्यमस्तरीय कथा कौशल प्रशारित रहेको छ भन्ने कुराको आँकलन हुन आउँछ।"-(दायित्व, पृ.४९, २०४८)। विद्वान् समालोचक डा. महादेव अवस्थीले स्वयं स्वीकार गरेका छन् - 'कथाकार शङ्कर कोइरालाका कथाहरूमा एउटा कथामा हुनुपर्ने सम्पूर्ण गुणहरू विद्यमान छन्। यदि त्यसो भने हो उनका ती कथाहरू उच्च श्रेणीका वा प्रथम श्रेणीका नभएर मध्यम स्तरका कसरी भए ? जब पौवन पाण्डेको भिनाजुको स्वीटर, परिजातको मैले नजन्माएकी छोरी, विश्वेश्वरप्रसाद कोइरालाको दोषी चश्मा नेपाली साहित्यमा कोरोड्डा प्रमाणित हुन सक्छन् भने तिनको तुलनामा शङ्कर कोइरालाको 'प्रेम र सपना' कहानिर कुन अर्थले कमजोर भयो त ? कथाकार शङ्कर कोइरालाको मुख्य कमजोरी भन्नु नै उनले केवल आजीवन साहित्य साधनामाथि गरिरहे तर आफ्नो पक्षधर गुट उपगुट र भजनमण्डली तैयार गर्न नजान्दा अनि कुनै राजनैतिक पार्टीको फेर समात्न नसक्दा नै उनका युगौन रचनाहरू पनि चर्चित हुन नसकेर पाखा लागे।'

त्यसैले त आफ्नो आत्मस्वीकृतिमा शङ्कर कोइरालाले भनेका छन्-"झूट बोल्न नसक्दा म जीवनमा धेरैपछि परेको छु। नाटकीय भावभङ्गिमा मैले जानिनँ। दुनियाँ नाटकीय रङ्गमञ्च रहेछ भन्ने कुरा सुनेकोमात्र थिएँ तर बुझ्न सकेको थिइनँ।'

'प्रेम र सपना' मा सङ्ग्रहित अन्य कथाहरू पर्खाल, जुनेली, गामजी, खर्पन पनि शङ्कर कोइरालाका आफ्नै अन्य कथाहरूको तुलनामा निकै पठनीय छन्। यी कथाहरूले हाम्रै समाज र हाम्रो समाजमा घट्ने घटनाक्रमहरूलाई नै अगाडि ल्याएका छन्। व्यक्तिगत मनमुटाव, ईर्ष्या, द्वेश, माया, प्रेम, घुर्याई, भ्रष्टाचार र तत्कालीन समयको तस्वीर बनेर यी कथाहरू हाम्रो अगाडि उभिन पुगेछन्। सत्रसाल अघिको सामाजिक अवस्थाको सानो झिल्को देखाउँदै अघि बढ्ने 'जुनेली' व्यक्तिको घृणित मनोकाङ्क्षा, दमित यौनाकाङ्क्षा र धत्याईलाई प्रकटीकरण गर्ने कथा हो। जुन आवश्यकता भन्दा अति बढी लम्बिएको भान हुन्छ। राजधानी वरिपरिकै विशेषत : नेवार समुदायको जीवनको झलक दिने कथा 'खर्पन' ले माटोसँग खेलेर जीवन निर्वाह गर्ने श्रमजीवी परिवारको प्रतिनिधित्व गर्दछ भने 'गामजी' यस सङ्ग्रहकै सामान्य कथा हो भन्दा पनि हुन्छ। 'प्रेम र सपना' कथासङ्ग्रहमा यही शीर्षकको यही एउटा कथामात्रै भएको भए पनि पर्याप्त हुने थियो। किनभने एउटा कथामा हुनैपर्ने गुणहरू कथानकतत्व, कथोपकथन, चरित्र चित्रण, उद्देश्य, रहस्य, कौतूहल आदिका दृष्टिले यी कथा नेपाली साहित्यमा राम्रो र कलिएको कथा भन्दा कुनै पनि दृष्टिले कम छैन।

गरेको तथ्य हामीबाट लुकेको छैन तर साहित्यकार शङ्कर कोइरालाको व्यक्तित्व र कृतित्वका बारेमा माथि चर्चा परिचर्चा गर्न समीक्षकहरूले किन कञ्जुस्याई गरेका हुन् , यो बुझिनसक्नुको रहस्यलाई पर्दाफास कसले गर्ने होला ? 'सीरिनीघाट' लाई छाडेरै पनि कथाकार शङ्कर कोइरालाको बुढो, जगन्नाथ र बौलाहा जस्ता कथाको साङ्गोपाङ्ग, चर्चा, समीक्षा र मूल्याङ्कन हुनुपर्दछ। किनभने नेपाली कथा साहित्यमा कथाकार शङ्कर कोइरालाले कोरेकै कथा-रेखा मेटिदिने हो भने त्यो शून्यता भर्न सकिनै छैन। यही नै कथाकार शङ्कर कोइरालाको कथा योगदानमात्र नभएर विशेषता पनि हो।

कथाकारिताको नमुना: 'प्रेम र सपना'

उपन्यासकार शङ्कर कोइरालाका बारेमा उनको उपन्यास 'सीरिनीघाट' लाई लिएर धेरबहुत लेखिए तापनि उनको कथाकारिताका बारेमा त नेपाली साहित्यमा चर्चा नै गरिएको छैन भन्दा पनि हुन्छ। उनका कालजयी कथाहरू बुढो, जगन्नाथ, बौलाहाजस्तै बोम्बेलमा परेको अर्को कथा हो 'प्रेम र सपना'। शङ्कर कोइरालाको कथासङ्ग्रह 'प्रेम र सपना' (वि.सं.२०२८) मा उनको यही शीर्षक लगायत अन्य चारवटा कथाहरू पनि सङ्ग्रहित छन्।

सरल र सहज शैलीका धनी भनेर चिनिने शङ्कर कोइराला र यही सरल र सहज लेखनशैलीको पटक पटक पुनरावृत्तिको आरोप खेपेका शङ्कर कोइरालाको कथा लेखनको पृथक् बान्की, पृथक् स्वाद र पृथक् क्षमतासँग जम्काभेट गर्नका लागि हामीले पक्कै पनि 'प्रेम र सपना' मा सङ्ग्रहित शङ्कर कोइरालाका कथाहरू पढ्ने पर्दछ। 'प्रेम र सपना' नामबाटै प्रष्ट छ यो कस्तो कथा होला भनेर अनुमान गर्न गाह्रो छैन। तर माया, प्रेम र अस्सारे उमेरको सहज अनि रोमान्च औ सपनालाई कथाकार शङ्कर कोइरालाले आफ्नो चमत्कारिक लेखन शैलीको मुहनीले पाठकलाई मठ्याउछन्, भुलाउँछन् र बनाउँछन् मोहित-लेपन लगाएर भाषा, शैली र कौतुहलको मुहनी। एउटी युवतीप्रतिको मिस्नो लगाइदिँदै कथाकारले हुनसम्मको कौतुहल जगाउँछन् पाठकहरूको हृदयमा फनफनी घुमाई दिन्छन् तर्कवितर्कको मदानी। कथाकारको चमत्कारिक लेखनशैलीले बनाउँछ पाठकलाई आश्चर्यचकित र लालायित हुन्छन् उनको मनमनै लोभ्याउने कथा 'प्रेम र सपना' आद्योपान्त अध्ययन गर्न।

कथाको प्रमुख पात्रको मनस्थिति हुँडलेर पाठकको मन छाम्न सफल यस कथामा कथानकतत्व भिन्नो भए तापनि अनुहार छ यसको शैली, भाषामा छ चालीसयुक्त मिठास र चरम राज छ रहस्यमय कौतुहलको। यही गाटकीय आकर्षक कौतुहलको सिर्जनाले गर्दा कथालाई पठनीय होइन अझ मननीय बनाएको छ। अनि रचेको छ शङ्कर कोइरालाको कथाकारिताको एउटा सिर्जो इतिहास। जसको बारेमा चर्चा गर्न हामीले नै गरेको कञ्जुस्याईको भरपर्दो कुनै जवाफ छैन। मनोहारि यस कथाको अर्को विशेषता हो यसमा निहित स्वैर कल्पनाको पुट। तर शङ्कर कोइरालाको कथा 'प्रेम र सपना' मा अन्तर्निहित स्वैर कल्पना कथाकार मोहनराज शर्माको जस्तो 'बैकुण्ठ एक्सप्रेस' चढेर स्वर्ग जाने प्रवृत्तिको होइन, बरू यसका छन् अँगालोभारिका आफ्नै सीमारेखा। जसलाई राख्न गर्न पाठकलाई कष्ट अनुभव हुँदैन, बरू हुन्छ आह्लादकारी अनुभव, अनि कथातत्वको रोमान्चक अनुभूति क्षण क्षण प्रतिक्षण।

माया, प्रेम, रोमान्च, रहस्य, कौतुहल र स्वैर कल्पनाको सम्मिश्रण रहेको 'प्रेम र सपना' मा जसरी कथाकार विषयको गहिराईमा डुबेर कथालाई अगाडि बढाउँछन्, त्यसले पात्रहरूको उपस्थिति र चारित्रिक विकास पनि कथामा घटित घटनाक्रमहरूसँगै हुने भएकोले कथा बढी विश्वसनीय, प्रभावोत्पादक र सम्प्रेषणीय बनेको छ। त्यसैले पनि शङ्कर कोइरालाका सम्पूर्ण कथाहरूको अध्ययनगर्दा तुलनात्मक रूपमा पनि

च. कथा खण्ड

शङ्कर कोइरालाको पहिलो कथाको सन्दर्भमा

नेपाली साहित्यमा सर्वाधिक उपन्यास लेखे व्यक्तित्वका रूपमा परिचित शङ्कर कोइराला (वि.सं.१९८७-२०५४) को कलम कथाको क्षेत्रमा पनि उतिकै बेजोड रूपमा चलेको पाइन्छ। शङ्कर कोइरालाको स्मरण औपन्यासिक व्यक्तित्वका रूपमा गरिए तापनि उनको साहित्यिक यात्राको सुरूवात भने कवि कथाकारको रूपमा भएको पाइन्छ। कथाकार शङ्कर कोइरालाको पहिलो रचना 'बुढो' शीर्षकको कथा वि.सं. २००४ 'शारदा' को वर्ष १३ अङ्क ३ मा प्रकाशित भएको हो। यसै कथाबाट आफ्नो गद्य साहित्यिक यात्राको सुरूवात गर्ने शङ्कर कोइराला कालान्तरमा नेपाली गद्य साहित्यको एकजना शिखर व्यक्तित्व बन्न पुगे।

विभिन्न पत्रपत्रिकाहरूमा यत्रतत्र छरिएर रहेका चाहेक कथाकार शङ्कर कोइरालाका ५ वटा कथासङ्ग्रह प्रकाशित भएको देखिन्छ। १ आगो छ यो दिलभरि (वि.सं.२०२५), २ प्रेम र सपना (वि.सं.२०२८) ३ सूर्तीको पाठमा झुण्डिएको जीवन (वि.सं.२०४२), ४ हत्यारा: शान्ति र सुजनाका (वि.सं. २०५१) र विश्वका धार्मिक कथाहरू। यसका अतिरिक्त 'दायित्व' मासिकले आफ्नो नियमित प्रकाशनको ४६ औं अङ्कलाई शङ्कर कोइराला कथा विशेषाङ्कको रूपमा प्रकाशित गरेको छ।

यस विशेषाङ्कमा कथासङ्ग्रहमा नपरेका शङ्कर कोइरालाका सत्ताइसवटा कथाहरू सङ्कलित छन्। यहाँ चर्चा गर्न लागिएको कथा 'बुढो' पनि 'दायित्व' को यसै विशेषाङ्कमा समेत समेटिएको छ।

'बुढो' कथा ग्रामीण परिवेशमा लेखिएको र निम्नवर्गीय चरित्रहरूको प्रधानता रहेको कथा हो। बनीबुतो गरेर पेट पाल्नुपर्ने श्रमजीवीको कारण कथामा आधारित यस कथामा धेरै पात्रहरूको उपस्थिति रहेको पाइन्छ। बाबु, छोरा, छोरी र साहुको उपस्थिति देखिने यस कथामा आर्थिक विपन्नता र बाँच्नुको विवशता प्रष्ट रूपमा प्रतिबिम्बित भएको छ। भोक, अभाव, रोग र विपन्नताको काली छाँयाले छपक्कै ढाकेको अँध्यारो जीवनमा शोषकको शोषणले झनै पीडा थपेको छ। बुढोबाबु प्रमुख पात्र रहेको 'बुढो' कथामा जीवनलाई बाँच्न चाहिने खुसी, हाँसो र मजबुत आर्थिक स्थिति पटक्कै छैन। बरू ऋण, अभाव र श्रमको सेरोफेरोमा बुढोको एक्ली छोरी माइलाको मृत्युले कथालाई चरममा पुऱ्याउँछ र पाठकहरूलाई समेत स्तब्ध पारेर कथाको अन्त्य हुन्छ। तैपनि पाठकको मनमा खुल्दुली कायमै हुन्छ- माइलाको मृत्यु पश्चात् बुढोको प्रतिक्रिया के थियो होला ? कासीले के गरी होली ? आदि इत्यादि।

आफ्नो पहिलो कथामा पनि कथाकार शङ्कर कोइराला सिद्धहस्त कथाकार जस्ता पटकै देखिएका छैनन्। कथाको केन्द्रीय भाव अर्थात् अभाव, रोग र पीडालाई उनले सुरूदेखि अन्त्यसम्मै कथामा कायम राखेका छन्। कथाबाट निःसर्त हुने अभाव, दुःख र पीडाको भावले पाठकको मनलाई समेत दुखित बनाउँदछ। यसले निश्चय नै शङ्कर कोइरालाको लेखकीय क्षमतालाई प्रमाणित गर्दछ।

हामै गाउँघर र हामै समाजको घटना र कथा लाग्ने 'बुढो' शीर्षकको कथामा कथाकारले सरल भाषा र सहज शैलीलाई अङ्गीकार गरेका छन्। त्यसैले पनि कथा वास्तविकताको नजिक रहेको अनुभव हुन्छ। यस दृष्टिले यस कथालाई यथार्थवादको नजिक रहेको कथा भन्दा पनि अत्युक्ति

हुने छैन । जानेर होस् वा नजानेरै होस्–पाण्डित्यपूर्ण प्राञ्जल भाषा र उपदेश दिने दार्शनिक शैलीलाई कथाकारले पूर्णत : परित्याग गरेको देखिन्छ । रङ्गमञ्चमा नाटक हेरेझैं लाग्ने शङ्कर कोइरालाको शिक्षक लेखनको पहिलो हस्ताक्षर नेपाली साहित्यमा 'बुढो' कथा वास्तवमै प्रौढ, पठनीय, मननीय र पक्कै पनि राम्रो कथा हो भन्दा बढी प्रशंसा गरेको नठहरिएला ।

"सूर्तीको पातमा झुण्डिएको जीवन"मा शङ्कर कोइराला

कथाकार शङ्कर कोइरालाले नेपाली साहित्यमा प्रवेश कविता लेखन मार्फत् गरे तापनि नेपाली साहित्यमा उनको अत्यधिक योगदान भने गद्यविधातर्फ नै रह्यो । विशेषत: नेपाली साहित्यमा अत्यधिक उपन्यास लेख्ने उपन्यासकारका रूपमा सुपरिचित शङ्कर कोइरालाले कथा पनि प्रशस्तै लेख्नेका छन् । उनका मौलिक चारवटा कथासङ्ग्रहहरू प्रकाशित छन् । त्यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका शङ्कर कोइरालाका सत्ताइस थान फुटकर कथाहरूलाई 'दायित्व' मासिकले 'शङ्कर कोइराला, कथा विशेषाङ्क" मा प्रकाशित गरिसकेको छ, जुन कथाहरू सङ्ग्रहको रूपमा आउन बाँकी नै छन् ।

'सूर्तीको पातमा झुण्डिएको जीवन' मा शङ्कर कोइरालाका छपन्नवटा कथाहरू सङ्ग्रहित छन् । तर कथासङ्ग्रहकै शीर्षक भएको कथाचाहिँ सङ्ग्रहमा छैन बरू 'सूर्तीको पात' शीर्षकको कथाचाहिँसङ्ग्रहमा सङ्ग्रहित छ । छपन्नवटा कथाहरूले जीवनका विभिन्न आयामहरूलाई समेट्ने प्रयत्न गरेका छन् । कतै बुढेसकालमा सन्तानको चाहना गर्ने चरित्र कतै स्त्रीजाती देखेबित्तिकै अभिसाररता हुन चाहने लम्पट पुरुष पात्र, लुकेको यौन चाहना, व्यावहारिक कठिनाइहरू, विशेष गरेर आर्थिक अभावले जीवनमा ल्याउने कठिन कहीँ कतै न कतैबाट उठाएकै छन् । कथाकारले पनि आफ्नो जीवनमा आर्थिक कठिनाई चर्को रूपमा भोगेको हुनुपर्दछ । यो अनुभव र अनुभूति उनका अधिकांश कथाहरूमा विभिन्न चरित्र मार्फत् पोखिएका छन् ।

वासना, देवर भाउजू, गितिनी बहिनी, पोइल जस्ता कथाहरूले यौनको वासनी जीवनमा कतै परिरहेको तथ्यलाई सङ्केत गर्दै त्यसको आवश्यकता र महत्वलाई दर्शाएको छ । 'स्वास्नीको साज' जस्ता कथाचाहिँ कथाकारद्वारा नलेखिएको भए पनि केही फरक पर्ने थिएन । किनभने यस्ता कथा कथाहरूको भीडमा पढ्दै जाँदा विस्मृतिको पर्दापछाडि ओझेलमा पनि पर्दै जान्छन् ।

यस सङ्ग्रहमा रहेकामध्ये उल्लेख गर्नैपर्ने जम्माजम्मी तीनवटा कथाहरूमात्र छन् – सूर्तीको पात, विचित्र अनुभव र बुढेसकालको उत्तरदायी कथानक र परिवेशका दृष्टिले यी कथाहरूमा केही रोचकता र केही आकर्षण पाइन्छन् । सङ्ग्रहका अन्य कथाहरू भन्दा चारित्रिक विशेषताका दृष्टिले पनि यी कथाहरूले वजन नबढाएर बरू गुणात्मक महत्वका दृष्टिले यस्तै धेरै कथाहरूको माव सङ्ग्रह बनाउन सकिएको भए कथासङ्ग्रहको महत्व र वजन अलि बढी हुने थियो कि ? सङ्ग्रहमा सङ्ग्रहित कथाहरूमध्ये विषयवस्तुका दृष्टिले सबैभन्दा पृथक् विषय भनेको 'विचित्रको अनुभव' कथा नै हो । यस्ता विषयवस्तुमा नेपाली साहित्यमा कमै कथा लेखिएका छन् र लेखिएका कथाहरू पनि बढीजसो यौन र रतिरागकै पृष्ठपोषकको रूपमा रहेका छन् । तर तत्कालीन क्रान्ति र राणा परिवेशले भोग्नु परेको घटनाक्रमलाई 'विचित्रको अनुभव' को शैलीले ज्यादै क्रम हेरिएको छ । चिनिमा क्रान्तिको परिणामको सानी झल्को दिने पर्ल एस.बाकको कथा ' सुनहरी तितलियाँ' जस्ता धुपै कथा नेपाली साहित्यमा लेखिन बाँकी नै छ । त्यसैले कथाकार कोइरालाले चारित्रिक विशिष्टता, घटनाक्रमको तीव्रता र कथानकको प्रभावोत्पादकतालाई अलि गहिरिएर अभिव्यक्त गर्ने धैर्य र शिल्प प्रस्तुत गर्न सकेको भए निश्चय नै यो कथा "विचित्रको अनुभव"

क्रममा पचास सालकै हाराहारीमा आएर कथा लेख्ने नव कथाकारको नाम उल्लेख गरिएको छ । तर पचास वर्ष साहित्य साधना गर्ने साहित्यकार शङ्कर कोइरालाका कृतिहरू नै उल्लेखनीय नभएर उनको नाम नलिएको हो त ? कि सम्पादक/अन्वेषक/समीक्षकहरूको ध्यान शङ्कर कोइरालाको व्यक्तित्व र कृतित्वतर्फ नगएको नै हो ? एउटा सकलो साधकप्रतिको जनाजानको अन्याय त हैन यो ? आजीवन साहित्य लेखनमा लागिपर्ने साहित्य साधकप्रतिको यो उपेक्षा विडम्बनामात्रै हो कि नियोजित नै हो त ? यो प्रश्नको उत्तर नेपाली साहित्यमा मौन नै छ ।

साहित्यिक क्षेत्रमा धेरैमात्रै भए पनि साहित्यकार शङ्कर कोइरालालाई सम्मानीत स्थान दिइएको 'साझा कथा' - (सम्पादक-भैरव अर्याल, पाँचौं संस्करण, २०४३) नै हो । यस सङ्कलनमा उनको कथा 'पूर्णिमा दिदी' लाई 'रूपरेखा' मासिकबाट साभार गरेर राखिएको छ । तैपनि कथाकार शङ्कर कोइरालाको कथामाथि टिप्पणी गर्ने क्रममा कथाकारको कमजोरी पक्षलाई नै बढी तारो बनाइएको छ । जस्तो –"समस्याको गहिराइसम्म नपुग्नु, कथाप्रवाहमा उठानदेखि बैठानसम्म एकरूपता नहुनु र यथार्थ मनोवैज्ञानिक स्वाभाविकता खड्कनु इत्यादि दोष उहाँका कतिपय पाइन्छन् । कथाकार शङ्कर कोइरालाका कथाहरूको मूल्याङ्कन गर्दै समालोचक प्रा.गोपीकृष्ण शर्मा (दायित्व,पु.४१, २०५८)मा लेख्छन् । –"जटिल कथावस्तु अव्यवस्थित वर्णनविवरण, कौतुहल वृत्तिको अभाव, कथातन्तुको अशृङ्खलित प्रबन्ध आदि पक्ष कायमै भएकोले यी कथाहरू कमजोर प्रतीत हुन्छन् । कथा पढ्दै जाँदा वस्तुसंयोजनको आस्वाद पाइँदैन । त्यसो हुनाले नै शङ्कर कोइरालाका कथाहरू कालजयी भएका छैनन् ।' तर कथाकारमाथि भएको अन्यायलाई अङ्गीकरण गर्दै डा. राजाराम सुवेदी लेख्छन् - 'नेपाली साहित्यहरूमा बढी चर्चामा आउनुपर्नेमा ओझेलमा परेका कोही छन् भने शङ्कर कोइराला नै छन् । -(दायित्व, पु.४१, २०५८)' । कथाकार शङ्कर कोइरालामाथि भएको अन्यायलाई निश्चय नै समालोचक सुवेदीले सही वाणी दिएका छन् । त्यसैले कथाकार शङ्कर कोइरालाको प्रशंसा गर्दै समालोचक सुवेदी पुन : लेख्छन् –"उनका कथामा फोस्रा, बोका र पण्डित्याई भन्दा बढेर नैतिक, मानवीय र प्रजातान्त्रिक नाव लुकेको हुनाले सामन्तका शैलीले पालितहरूले उनको चर्चा नगरेका हुनाले सर्वसाधारणले चाहा नपाएको हो तापनि अब त्यस्तो हुने छैन ।" (पूर्ववत्) ।

शङ्कर कोइरालाका कथाहरूभित्र विचरण गरिसकेपछि त्यसको निचोड निकाल्दै समीक्षक डा.महादेव अवस्थी (दायित्व,पु.४१, २०५८) भन्छन् –"आधुनिक नेपाली आख्यानका क्षेत्रमा आफ्नो अनेक कृतिमार्फत् प्रचुर सृजनशीलता देखाई स्वतन्त्र पहिचानका साथ आफ्नो उपस्थिति जनाउने एक प्रतिभा हुन-शङ्कर कोइराला ।"

हामी वरिपरिकै समाजका घटनाहरूलाई टपक्क टिपेर बिना आडम्बर पाठकहरू समक्ष पस्किने कथाकार शङ्कर कोइरालाको मुख्य प्रवृत्ति भन्नु नै सामाजिक यथार्थवाद हो । तर उनको यथार्थवादमा प्रगति, सङ्घर्ष, विरोध वा विद्रोहका आभाषहरू भने ज्यादै न्यून छन् । बरू उनको यथार्थवाद कतै कतै अतियथार्थवादको रूप लिन पुग्दछ । जसले गर्दा उनको अभिव्यक्ति पनि नैनसिंह बाह्रदैनको झैं उदाङ्गो हुन पुग्दछ । तैपनि आफ्ना समकालीन एवं आफूभन्दा निमेष भरकै अगाडि पछाडिका लेखकहरूको तुलनामा चर्चा, प्रशंसा र सम्मानका दृष्टिले भने शङ्कर कोइराला पछाडि परेको निर्विवाद सत्यलाई झुट भन्ने ठाउँ छैन । किनभने गोविन्द मल्ल गोठाले, मदनमणि दीक्षित, शङ्कर लामिछाने, विजय मल्ल, इन्द्रबहादुर राई, दौलतविक्रम विष्ट, रमेश विकल, कुमार ज्ञवाली, पोषण पाण्डे, परिजात, ईश्वर बल्लभ, प्रेमा शाह, परशु प्रधान, ध्रुवचन्द्र गौतम आदिका बारेमा नेपाली साहित्यमा ठेलीका ठेली चर्चा परिचर्चा गरिएको छ । यी मध्ये धेरैले धेरै नै ठूला पुरस्कार प्राप्त

कथाकार शङ्कर कोइरालाका सामान्य लाग्ने कथाहरूको भीडमा सामान्यभन्दा माथि उनेर पठनीयमात्र होइन बरू आफ्ना कथाहरूमा कथा हो –'बौलाहा' । कथाकार कोइरालाले आफ्ना कथाहरूमा प्रयोग गर्ने प्रस्तुति शैली र भाषाको एक रसतालाई छोडेर कथानकतत्व, चरित्र, उद्देश्य आदिका दृष्टिले पूर्वाग्रही नभई हेर्ने हो भने मनोविज्ञानको समाधिमा बसेर मनोविश्लेषण मार्फत् कथा र चरित्रको छिनोफानो गर्नुपर्ने कथा हो – 'बौलाहा' । कथाकारले कहीं कतै उल्लेख गरेका छैनन् तर घटनाक्रमले जुन कुराको छनक दिन्छ यही नै कथाको आकर्षण र रहस्य दुबै हो । त्यसैले कथालाई धेरै गलम्याएर कथाको अन्त्य कथाकारले –'हँसिलो मुखले छोहीसित बोल्न खोजेजस्तो थियो । घुम्टाएमै जागेको बाँसलाई जँगाल्यो म्याई खाएमै ।'– भन्ने वाक्यमा ल्याएर गरेको भए कथाको प्रभाव र उचाईमा अझै वृद्धि हुने थियो भने सम्प्रेषण पनि अझ तीक्ष्ण एवं संवेगात्मक हुने थियो ।

कथाकार शङ्कर कोइरालाका रचनाहरूमा खड्किने अर्को पक्ष हो-कलात्मक पक्षको कमजोरी । सामान्य साहित्यिक शिंगारपटारको समेत हेक्का नराख्ने कथाकार कोइरालाका केही कथाहरू राम्रामात्र होइनन् , उत्कृष्ट हुँदाहुँदै पनि वैशमै विधवा भएकी युवती झैं आकर्षणहीन र उदास देखिन्छन् । त्यसैले 'बौलाहा' कथालाई पनि बालकृष्ण समका रचनालाई झैं कथाकारले प्रस्तुतिमा माथि भए पनि अभिव्यक्ति कलात्मकता प्रदान गर्न यो धेरै राम्रो कथा बन्ने कुरामा शङ्का छैन । तैपनि 'बौलाहा' कथा कथाकार कोइरालाका कथाहरूको भीडमा पृथक् परिचय र महत्व बोकेर उभिएको छ भन्ने कुरामा दुई मत नहोला ।

कथाकार शङ्कर कोइरालाले सामान्य कथानकको रङ्गमञ्चमा आफ्ना पात्रहरूलाई अभिनय गर्न छाडिदिन्छन् । त्यहाँ आग्रह पूर्वाग्रह वा प्रत्यक्ष सन्देश -उपदेश केही हुन्नन् । उनको प्रमुख कमजोरी भन्नु नै प्रस्तुतिमा विविधताको अभाव र कलात्मकताविहीन हुनु नै हो । यसका साथै उनका अधिकांश रचनाहरू संघर्षविहीन छन् । संघर्षका धसाहरू भइहाले तापनि त्यहाँ विरोध वा विद्रोहका गर्जनायुक्त हुङ्कार त पक्कै छैनभन्दा पनि हुन्छ । यस दृष्टिले हेर्दा कथाकार कोइरालाका रचना कतै उनकी स्वाभावकै प्रतिच्छाया नै हुन् कि भौ लाग्छ । कथाका लागि राम्रा विषयवस्तुको छनौट गरेर पनि उनी त्यसको गहिराईमा पुग्न उचाट देखिन्नन् भने कुनै पनि पात्रहरूको सही चारित्रिक विकास र विशिष्टीकरण हुन सकेको देखिन्न । सरल प्रस्तुति र भाषिक सहजता नै कथाकार शङ्कर कोइरालाकी पूँजी हो । सरलता र सहजताको सीमारेखामै कथाकार कोइरालाकी विशिष्टता खोज्नुपर्ने हुन्छ । रचनाको आधिक्यले गर्दा समीक्षकले धैर्यपूर्वक उनका रचनाहरूको भीडबाट मोती खोजेर निकाल्नुपर्ने हुन्छ, जुन काम आजसम्म नेपाली साहित्यमा हुन सकेको छैन ।

नेपाली साहित्यका चर्चित विद्वान् समालोचक डा.ईश्वर बराललाकी चर्चित कृति 'झ्यालबाट' (वि.सं. २०४३, चौथो संस्करण) मा पनि साहित्यकार शङ्कर कोइरालाका बारेमा खासै चर्चा गरिएको छैन केवल उनका समकालीनहरूको भीडमा राखेर नाममात्रै उल्लेख गरिएको छ । नेपाली साहित्यका अर्का चर्चित विद्वान् समालोचक डा.ताराराज शर्माकी समालोचनात्मक कृति 'नेपाली साहित्यकी परिचय कृति 'साझा समालोचना' (सम्पादक-कृष्णचन्द्रसिंह प्रधान, दोस्रो संस्करण, २०३४)मा समेत साहित्यकार शङ्कर कोइरालाका व्यक्तित्व र कृतित्वका बारेमा कतै खुलेर चर्चा गरिएको छैन । केवल उनलाई भीडकी एउटा दृष्टा बनाइनु बाहेक । नेपाली साहित्यका चर्चित स्रष्टा एवं द्रष्टा मोहनराज शर्माको समालोचनात्मक कृति 'नेपालका केही आधुनिक साहित्यकार' (द्वितीय संस्करण, २०४०) मा त झन् साहित्यकार शङ्कर कोइरालाको नामसमेत निइएको छैन । त्यसैगरी 'न्यालकोसर, नेपाली कथा' (सं - राजेन्द्र सुवेदी, प्रथम संस्करण, २०४१) मा नेपाली कथाको विकासक्रम पहिल्याउनै नेपाली साहित्यकी बेजोड र कोसेढुङ्गो कथा भन्ने कुरामा शङ्का गर्ने ठाउँ थिएन ।

'मूर्तीको पात' कथा पनि कथानकतत्व भन्दा पनि चरित्रलाई विशिष्टीकरण गरेर लान सकिने खालको कथा भए तापनि तुलनात्मक रूपमा कथाकारले यसलाई आफ्ना अन्य कथाहरू भन्दा केही बढी माफिलो, अनि बढी ताली अथवा भनूँ पाठकको मनलाई अनि बढी छोइने बनाएर प्रस्तुत गरेका छन् । त्यसैगरी 'बूढेसकालको उत्तरदायी' कथाकी कूलीबज्यै मार्फत् खेरो, छोरी पाउने चाहना, बूढो पोइ, परपुरुषसँगको सङ्गतको चिन्ता र चिन्तनलाई एउटा पठनीय कृतिका लागि पुग्ने सामग्री बनाउन गाह्रो थिएन । तर कथाकार शङ्कर कोइराला कथा सुरु गरिसकेपछि प्रायः अन्त्य गर्न हतारिएका देखिन्छन् । आफ्ना नब्बे प्रतिशत कथाहरूमा उनले पालिस लगाएकै छैनन् । हुनसक्छ जीवनका व्यस्तता र सेखैरै चार पैसा आर्जन गर्ने हतारोले गर्दा पनि उनले आफ्ना सृजनाहरूलाई चिरिच्याँइ पारेर ल्याहार्न नभ्याएका पो हुन् कि ?

सङ्ग्रहका सबै नै कथाहरू पठनीय छन् । सबै कथाको प्रस्तुति उस्तै, भाषा उस्तै, शैली उस्तै छन् । भिन्नता र विशिष्टताका कुरा गर्नलाई खासै त्यस्ती गर्वीनता भेटिन्नन् । शङ्कर कोइरालाका यी छपन्नवटा कथाहरू पनि उनका अन्य कथाहरूझैं सरल र सहज छन् । हामै जीवनका धुनै एउटा पाटोको झल्को दिने खालका लाग्छन् अधिकांश यी कथाहरू । उनका धेरैजसो कथाको पृष्ठभूमिमा यौनको आँच पाइन्छ । तर ती भुइँगोको रूपमा सल्केको गाई नपाई तिनले अनपेक्षित काम गरिसकेका हुन्छन् । कथाकारको यो प्रवृत्ति उनका कथा र उपन्यासहरूमा मात्रै नभएर उनका दुईवटा बाल-उपन्यास 'रिसको भागी' र 'नदी गीत गाउँछ' मा समेत दृष्टिगोचर हुन्छ । सामाजिक घटनाहरूलाई जस्ताको तस्तै कथाको प्रदर्शनीमा राख्ने कथाकार शङ्कर कोइराला मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् । यिनका कथामा असन्तुष्टिका भिल्काहरू देखिए तापनि तिनले विरोधको रूप लिन सकेका हुन्नन् भने विद्रोह त झन् कतै देखापरेको नै हुन्न । बरू कैयौं कथाहरूको कथा शैली र स्वरूपलाई नियान्दा कथाकार शङ्कर कोइरालाका केही कथा तैनसिंह याङ्दिलका उपन्यास झैं अति यथार्थवादको नजिक पुग्न खोजेको आभास पाइन्छ भने कैयौं कथाहरू चाहिँ परिजातका कथाहरू झैं एकोहोरो प्रलाप गर्ने शैलीका पनि भेटिन्छन् । बालकृष्ण समले झैं आफ्नो रचनालाई चम्काउन शब्द, भाषा र शैलीको पालिस लगाउन भ्याएको भए वा लगाउने धैर्य गरेको भए 'बूढेसकालको उत्तरदायी, विधिवको अनुभव र मूर्तीको पातजस्ता कथाहरूले निश्चय नै कथाकार शङ्कर कोइरालाको कथाकार व्यक्तित्व र कृतित्व दुबैलाई प्रसिद्धीको शिखरमा पुऱ्याउने थियो भन्दा गलत नहोला ।

राम्रा, नराम्रा, असल, खराब जे जस्ता कथा लेखे पनि कथाकार शङ्कर कोइरालाको पचास वर्षको कथा योगदानलाई निष्पक्ष रहेर मूल्याङ्कन गर्ने हो भने वि.सं. २००३ मा छपिएको 'बूढी' शीर्षकको कथापछिको पचास वर्षको नेपाली कथा साहित्यको इतिहास केलाउँदा उनको नामलाई डाइटरले खरिपाटी पुछेझैं गपक्क पुछ्नुभने पक्कै सकिने छैन ।

सङ्ग्रहमा नसमेटिएका कथाकार शङ्कर कोइरालाका कथाहरू

वि.सं.२००३ सालमा 'शारदा'मासिकमा 'बूढी' शीर्षकको कथा प्रकाशन गरेर नेपाली कथा साहित्यमा प्रवेश गरेका कथाकार शङ्कर कोइराला नेपाली साहित्यमा कथाकारका रूपमा भन्दा पनि बढी उपन्यासका रूपमा परिचित छन् । आधासय कृतिका सर्जक कथाकार शङ्कर कोइरालाका चारवटा कथासङ्ग्रहहरू प्रकाशित छन् । तर ती सङ्ग्रहमा समेटिएका बाहेक पनि उनका धुप्पै कथाहरू विभिन्न पत्र पत्रिकाहरू जस्तै शारदा, धरती, रत्नश्री, प्रगति, पारिजात, उद्योग, दायित्व

आदिमा छरिएर रहेका छन् । जसले सङ्ग्रहको रूप पाउन बाँकी नै छ । छरिएर रहेका ती कथाहरूलाई सङ्ग्रहित गर्ने हो भने पनि करीब तीनचटा जति सङ्ग्रह सजिले तैयार हुने देखिन्छ ।

यी फुटकर कथाहरू पनि धेरैजसो हल्कापफुल्का विषय वस्तुमै केन्द्रित छन् । जीवनका खुसी, उमङ्ग र हाँसोभन्दा पनि यी कथाहरूमा आँसु, निरास र रूवाइहरू बढी भेटिन्छन् । त्यसमा पनि कथाकार शङ्कर कोइरालाका अधिकांश कथाहरूमा भेटिने स्थायीभाव हो-आर्थिक अभाव । आफ्ना सिर्जनाहरूले नेपाली साहित्यलाई भरिभराउ पार्ने सर्जक कोइराला स्वयंले पनि आजीवन आर्थिक पीडा भोगेको पनि हुनसक्छ उनका कथाहरूमा यही पीडा कहीं न कहीं स्थायीभाव बनेर छपल्केकै हुन्छ । ' छोरी बड्ना कमाई गर्ला' (प्रगति, वर्ष २, अङ्क ३, पूर्णाङ्क ९) शीर्षकको कथामा पनि आर्थिक अभावकै पीडा छ । तर कथाकार कोइरालाका अन्य कथाहरूको तुलनामा विषय र वस्तुको दृष्टिले यो कथा अलि पृथक् छ । किनभने यस कथाले तत्कालीन जहानियाँ राणा शासनको बेलामा एउटा आम मानिसले भोग्नुपर्ने पीडा र विवशतालाई अभिव्यक्ति दिएको छ भने त्यसबेला पनि मौलाएको घुस प्रवृति र भ्रष्टाचारलाई पनि इङ्गित गरेको छ । यस्तै प्रवृतिलाई पर्दाफास गरेका छन् कथाकार कोइरालाले आफ्नो कथा सलबा बडुवा (शारदा, वर्ष २६ अङ्क ३, २०१८) मा । कथानकको दृष्टिले र उद्देश्यका दृष्टिले पनि कथाकार कोइरालाका यी दुई कथा निकै सबल देखिन्छन् । त्यसैगरी भाषा, शैली, पात्र र प्रस्तुतिका दृष्टिले कथाकार शङ्कर कोइरालाको करीब करीब सबैभन्दा उम्दा कथा हो 'चूडी' (शारदा, वर्ष १३, अङ्क ३,२००३) । तर शङ्कर कोइराला भन्ने बितिकै उनको उपन्यास 'खैरैनीघाट' को मात्र चर्चा परिचर्चा नहुनुलाई दुर्भाग्य भन्दा अर्को विशेषण पक्कै पनि सुहाउँदो नहोला । किनभने यी तीनवटा कथाहरूमा कथानकतत्व, चरित्र चित्रण र उद्देश्यका दृष्टिले जसरी कथाकारले विषयको गहिराइमा पुगेका छन् , त्यो सार कथाकारका अन्य कथाहरूले करीब करीब प्राप्त गर्न सकेको छैन भन्दा पनि हुन्छ ।

'म मूर्ति चोर होइन हजुर' (रत्नश्री, वर्ष २२ अङ्क ४-५) जस्ता कथालाई सामान्यकोटीको अपराध कथामा राखे पनि हुन्छ । किनभने माथि उल्लिखित कथाहरूको सर्जकको सन्दर्भमा 'म मूर्तिचोर हैन हजुर' जस्ता कथाले खासै अर्थ राख्दैन । आत्मपरक शैलीको यस अपराध कथा मार्फत् कथाकारले के भन्न खोजेका हुन् त्यो पनि स्पष्ट हुँदैन । त्यसैगरी 'सोच' (रत्नश्री, वर्ष १ अङ्क ५, २०२१) पनि अल्लारे उमेरमा विपरीत लिङ्गीप्रतिको आकर्षण हुने सामान्य प्रेमकथा हो । 'अनुपा' । धरती, वर्ष १, अङ्क२ पृ. ६) र 'शान्तिको अन्तस्तल' (शारदा, वर्ष २०, अङ्क १,२०११) मा प्रकाशित यी दुई कथा विशेषत : मान्छेको मनसँग सम्बन्धित छन् र यिनले मानिसको चरित्र र उसको व्यक्तित्वलाई उद्घाटित गर्ने प्रयत्न गर्दछन् मानिसको मानसिकताको सन्दर्भमा । यी दुई कथाका पात्रहरूलाई हामी चरित्रहीन नै भनिहाल्न सक्दैनौं । किनभने सिगमण्ड फ्रायडका अनुसार पनि मानिसले त्यही कर्म गर्न उद्यत रहन्छ, जुन उसको चेतन मनले गर्न सकेको हुन्न । तर अचेतन मनले त्यसलाई सधैं साँचेर राखेको हुन्छ । तर यी दुई कथामा चरित्रको विकास सही ढङ्ले हुन सकेको छैन भने चारित्रिक दृष्टिले पात्रको मनस्थितिलाई जति सशक्त ढङ्ले प्रस्तुत गर्न सकिन्थ्यो, त्यो प्रयास पर्याप्त हुन सकेको छैन । तैपनि यी दुई कथामा कथाको स्वाद भने पक्कै छ । तर 'रातमा चोर' । शारदा, वर्ष २५, अङ्क १२, २००६) कथालाई पनि यही सन्दर्भमा लिइए तापनि यसको स्वाद भने केही पृथक् छ, जुन कथाको अन्त्य कथाकार कोइरालाले पौराण पाण्डे र ओ. हेनरीको शैलीलाई समादै गरेका छन् भन्दा गलत नहोला ।

'म मूर्ति चोर होइन हजुर' कै शैलीलाई पछ्याउने कथाकार कोइरालाको अर्को कथा हो 'उस्तै साथी' (शारदा, वर्ष १५ अङ्क २, २००६) । यस कथाको कथासार के हो भनेर बुझ्न स्वयं

कथाकारले नै व्याख्या विश्लेषण गर्नुपर्ने कथा जस्तो लाग्दछ यो कथा भने 'एउटा बहाना' (धरती, वर्ष १ अङ्क ४, २०१४) की बारेमा जुरा गर्दा कथा एवं कथालेखनको उद्देश्यका दृष्टिले खासै चर्चा गर्नुपर्ने कथा देखिन्न । अति सामान्यकोटीको स्तरमा पर्दछ यो कथा ।

कथाकार शङ्कर कोइरालाका कथाहरू बुझ्नका लागि पाठकहरूले खासै मेहनत गर्नुपर्ने देखिन्न । उनका अधिकांश कथाहरू हल्कापफुल्का छन् । केही त लघुकथा नै भन्नुपर्ने खालका पनि छन् । नयाँ बुहारी (प्रगति, वर्ष २, अङ्क ४, पृ.१०, भगडाको रूप (पारिजात, वर्ष ३, अङ्क ५, २०३९), बास (शारदा, वर्ष १५, अङ्क ६, २००६) र क्रान्ति (धरती, वर्ष १३, अङ्क २, पृ.१०) जस्ता कथाहरूले दुई पिँढी बीचको द्वन्द्व, आर्थिक अभाव, मनको खोँच र स्मृतिमा अल्किरहने पात्रको स्मरणमा डुबिरहने चरित्रलाई अगाडि सारेका छन् । तर यी चरित्रहरूको आगमन र घटनाक्रम खासै प्रभावी छैनन् ।

सङ्ग्रहित हुन नसकी छरिएर रहेका कथाकार शङ्कर कोइरालाका अन्य कथाहरूमा उल्टो मान्छे (पारिजात, वर्ष ४, अङ्क ५, २०४०), चिलाउने रोग (पारिजात, वर्ष ४ अङ्क ३, २०३९), काम गर्ने जीउ (रत्नश्री, वर्ष १६, अङ्क ६, २०३६), अँधेरी रात : निर्जन बाटो (रत्नश्री, वर्ष २, अङ्क २, २०४१) उनको व्यक्तित्व (रत्नश्री, वर्ष ५, अङ्क ३), मेरो अन्तिम इच्छा (रत्नश्री, वर्ष २४ अङ्क १), गाण्टू (उद्योग, लेखक परिचयाङ्क, २००८), निद्रालु (रत्नश्री, वर्ष २१, अङ्क २-३), मृत्युको सपना । रत्नश्री, वर्ष ९, अङ्क २), सामना उभिने प्रयास गर्दा (दायित्व १, वर्ष १, २०४४), जसको जवाफ छैन (दायित्व, वर्ष ११, पूर्णाङ्क २९), पूर्णिमा दिदी (रूपरेखा) आदि देखिन्छन् । तर साहित्यको सागरमा अझै डुबुल्की लाउने हो भने सैखैर छाँहिन्नै नचाको कथाकार शङ्कर कोइरालाका अन्य कथाहरू पनि नभेटिएलान् भन्न सकिन्न । माथि उल्लेखित कथाहरूलाई कथातत्व, भाषा, शैली र प्रस्तुतिका दृष्टिले सामान्य कथाको कोटीमा राख्न सकिन्छ । तर कथाकार कोइरालाको सन्दर्भमा उल्लेख हुनैपर्ने अन्य दुई वटा कथाहरू हुन्–१ जुद्धनाथ (शारदा, वर्ष १६, अङ्क ११, २००७) र बौलाह (शारदा, वर्ष १४, पृ.८४, २००५) । 'जुद्धनाथ' कथा जुद्धनाथ प्रमुख पात्ररहेको सामाजिक यथार्थवादी कथा हो । यस कथालाई राम्रो भन्दैमा प्रस्तुतिमा बेजोड शिल्प, भाषामा चमत्कार र शैलीमा औधी मोहनी भएको कथा पनि होइन यो । तैपनि बाइस वर्षीया युवतीमा हुने आकर्षण यस कथाले पनि छोकेकै छ । मान्छे जति नै सरल भए पनि यौनाकर्षणबाट विमुख को रहन सक्छ र ?

यस कथामा पनि स्वाम्नी धेरै दिन माइत बसेकीले सन्निधिमा आएकी एउटी नोकरीप्रति जुद्धनाथको मनमा सल्केको यौनको आँधीलाई गाढै सपाउने गरी कथाकारले प्रकट गरेका छन् । जुद्धनाथका सहज कृयाकलापलाई सरल ढङ्ले होइन फ्रायडको मनोविश्लेषणको शैलीले हेर्नुपर्ने हुन्छ । त्यसैले सरस र सहज भइकन पनि यो कथा कथानकको दृष्टिले रोचक छ । कथा पढ्दै जाँदा उत्सुकता जगाउने खूबी पनि यस कथामा छ । त्यसका अतिरिक्त यो कथामा मुख्यत : समय बोलेको छ र यही कुराले कथालाई सामान्य भन्दा गुणसम्पन्न बनाउन भरभरुद प्रयत्न गरेको छ । कथाको चरम झुम्माएर अन्त्यमा हवातै छाडिदिने ओ. हेनरी र पोथण पाण्डेको कथानक शैली यहाँ नभेटिए तापनि कथाकार कोइरालाको सरल शैली र सहज प्रस्तुति नै यहाँ मनोहारी भएको छ र यही नै उनको खूबी पनि विशिष्ट्य पनि भनेको छ । यी कथाकारले पनि घिसेसी वियोगान्त नाटकका पात्रले झैं आफ्नो जीवनमा साहित्यिक बासदी भोग्नुपरेको रोछ । किनभने हरेक दृष्टिले राम्रो यो कथाको साहित्यिक भीडमा कहीं कतै चर्चा परिचर्चा नै नहुनु एउटा साधक सष्टाका लागि यो भन्दा ठूलो नाटकीय बासदी जीवनमा अरू कुन र के होला